माघ – २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३३, अङ्क २० | २०८१ माघ १६-२९ | पूर्णाङ्क ७८२



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री द[illegible]राज ढकाल, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री ट[illegible]बहादुर घिमिरे, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री अर्जुनप्रसाद कोइराला, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री कालीबहादुर साम्पु लिम्बू

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
बुकबाइन्डर श्री कृष्णप्रसाद घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| पूर्ण इजलास | | इजलास नं. ७ | २ |
| संयुक्त इजलास | १ | इजलास नं. ८ | १८ |
| इजलास नं. १ | ९ | इजलास नं. ९ | ५ |
| इजलास नं. २ | | इजलास नं. १० | १ |
| इजलास नं. ३ | १ | इजलास नं. ११ | |
| इजलास नं. ४ | ११ | इजलास नं. १२ | |
| इजलास नं. ५ | १ | इजलास नं. १३ | १ |
| इजलास नं. ६ | २ | इजलास नं. १४ | |
| **जम्मा** | **२५** | **जम्मा** | **२७** |

**कूल जम्मा २५ + २७ = ५२**

# नेपाल कानून पत्रिकामा

## प्रकाशित भएका फैसलाहरू (२०15 सालदेखि हालसम्म)

## हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

## मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमक्ष उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८१, माघ – २, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.१५०</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - १** |
| १. | अंश दर्ता | राजेन्द्र राई वि. विष्णुबहादुर राईसमेत | १ |
| **इजलास नं. १** | | | **२ - १०** |
| २. | कर्तव्य ज्यान | सुनिता भण्डारी वि. नेपाल सरकार | २ |
| ३. | अंश | जयलसदेवीसमेत वि. प्रितीकुमारीसमेत | ३ |
| ४. | हक निखनाइ पाउँ | बाबुनन्दन तेली वि. प्रेमचन्द्र गुप्तासमेत | ४ |
| ५. | हक निखनाइ पाऊँ | बाबुनन्दन तेली वि. राम सुराती तेलीसमेत | ४ |
| ६. | वैदेशिक रोजगार कसुर | नेत्रबहादुर खड्का वि. नेपाल सरकार | ५ |
| ७. | वैदेशिक रोजगार कसुर | पुनम नेपाली वि. नेपाल सरकार | ६ |
| ८. | उत्प्रेषण / परमादेश | सुखमाया राई वि. जिल्ला काठमाडौं, कागेश्वरी मनोहरा नगरपालिका, थली काठमाडौंसमेत | ७ |
| ९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. संजय पटेलसमेत | ८ |
| १०. | करणी सम्बन्धी कसुर | राजन मण्डल वि. नेपाल सरकार | १० |
| **इजलास नं. ३** | | | **११ – ११** |
| ११. | बन्दी प्रत्यक्षीकरण | मोहमद जामराइ स्तानाजाइसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ११ |
| **इजलास नं. ४** | | | **१२ – २१** |
| १२. | किर्ते जालसाजी | भाष्करराज उपाध्याय वि. शिवप्रसाद शर्मा उपाध्यायसमेत | १२ |
| १३. | दुष्परिणाम सच्याई जग्गाधनी प्रमाण पुर्जा स्रेस्ता रद्द गरेको | नारायणप्रसाद अर्याल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत | १३ |
| १४. | हालैको बकसपत्र लिखत बदर हक सम्बन्धमा | देवीप्रसाद जैसी वि. लिलावती जैसीसमेत | १३ |
| १५. | आयकर (आ.वं.२०६६ ।०६७) | रत्नराज बज्राचार्य वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंसमेत | १४ |

| | | | |
|---|---|---|---|
| १६. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. लक्ष्मण चौधरीसमेत | १५ |
| १७. | जग्गा दर्ता हक कायम | शिवबहादुर कार्की वि. दुर्गादेवी थापासमेत, दुर्गादेवी थापासमेत वि. शिवबहादुर कार्की | १६ |
| १८. | उत्प्रेषणसमेत | दिपक श्रेष्ठसमेत वि. डिभिजन सडक कार्यालय, हेटौंडा मकवानपुरसमेत | १७ |
| १९. | उत्प्रेषणसमेत | गोविन्द गोर्खालीसमेत वि. सडक विभाग मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय, डिभिजन सडक कार्यालय, हेटौंडा मकवानपुरसमेत | १८ |
| २०. | उत्प्रेषण | जैनुद्धिन अनसारी वि. नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत | १८ |
| २१. | मोही हक नामसारी | फेरन काँदु वि. बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका, वडा नं.१, धम्बोझी स्थित श्री शिव शंकर जी पार्वती मन्दिर | १९ |
| २२. | जालसाजी | मछरीमैया प्रधानाङ्ग (जोशीसमेत) वि. अमर जोशीसमेत | २० |
| **इजलास नं. ५** | | | **२२ – २३** |
| २३. | करकाप | धन्से भुल वि. घनस्या भुलसमेत | २२ |
| **इजलास नं. ६** | | | **२३ – २५** |
| २४. | उत्प्रेषणसमेत | माधवप्रसाद लोहनी वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत | २३ |
| २५. | भ्रष्टाचार | गंगाप्रसाद साह वि. नेपाल सरकार | २४ |
| **इजलास नं. ७** | | | **२५ – २७** |
| २६. | अंश चलन | मिनबहादुर गुरुङसमेत, वि. बन्दना गुरुङ | २५ |
| २७. | लेनदेन | समिम भन्ने समसिर आलम वि. मुहम्मद मेराज भन्ने मोहम्मद मेराज अन्सारी | २६ |
| **इजलास नं. ८** | | | **२७ – ४४** |
| २८. | सर्तनामा करारको यथावत् परिपालना | धर्मराज राजकर्णिकार वि. लक्ष्मीकृष्ण राजकर्णिकार | २७ |
| २९. | बहाल भराई घरबाट उठाइपाऊँ | लक्ष्मीकृष्ण राजकर्णिकार वि. प्रेमलाल राजकर्णिकारसमेत | २८ |
| ३०. | जग्गा खिचोला मेटाई चलन | कुलप्रसाद गौतम वि. सुशिलाकुमारी कार्की | २९ |

| | | | |
|---|---|---|---|
| ३१. | निषेधाज्ञा | शशी अर्याल वि. जिल्ला चितवन, भरतपुर महानगरपालिका, वडा नं. ३ सहीदचोक नारायणगढस्थित शाखा कार्यालय रहेको नेपाल क्रेडिट एवं कमर्स बैंक लिमिटेडसमेत | ३० |
| ३२. | लागु औषध (खैरो हेरोइन) | नेपाल सरकार वि. प्रिन्सकुमार चौरसियासमेत | ३१ |
| ३३. | उत्प्रेषणसमेत | सुरेस खत्री वि. श्रम अदालत, अनामनगर काठमाडौंसमेत | ३२ |
| ३४. | लागु औषध गाँजा | नेपाल सरकार वि. रामायण राउत कुर्मीसमेत | ३२ |
| ३५. | अंश | बन्दना सुवेदीसमेत वि. प्रेस सुवेदी गिरी (पुष्पा) | ३३ |
| ३६. | जालसाजी | धावा डिम्डुङ्ग वि. आकृति थापासमेत | ३४ |
| ३७. | सवारी ज्यान | नेपाल सरकार वि. श्याम तामाङ | ३५ |
| ३८. | अदालतको अवहेलना | शान्तिदेवी राजवंशीसमेत वि. कल्पनाथ राजवंशी | ३६ |
| ३९. | विनाइजाजत विदेशी विनिमेय कारोबार | नेपाल सरकार वि. रमेशकुमार अग्रवालसमेत | ३७ |
| ४०. | कर्तव्य ज्यान तथा हातहतियार खरखजाना | नेपाल सरकार वि. कमल गुरुङसमेत | ३८ |
| ४१. | बन्दी प्रत्यक्षीकरण | निर्जला पौडेल वि. सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौंसमेत | ४० |
| ४२. | बन्दी प्रत्यक्षीकरण | रामबहादुर पाण्डे वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ४१ |
| ४३. | अंश चलन | जमुना लामासमेत वि. कान्छा तामाङसमेत | ४२ |
| ४४. | बन्दी प्रत्यक्षीकरण | राजन माझी वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ४३ |
| ४५. | बन्दी प्रत्यक्षीकरण | आयुष भन्ने नारायण श्रेष्ठ वि. काठमाडौं जिल्ला अदालत बबरमहल, काठमाडौंसमेत | ४४ |
| | **इजलास नं. ९** | | ४४ – ४९ |
| ४६. | बन्दी प्रत्यक्षीकरण | Amadeu Candido De Oliverira (Passport No. NSP5R5205) वि. गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ४५ |

| | | | |
|---|---|---|---|
| ४७. | उत्प्रेषण | कृष्णप्रसाद खनाल वि. श्री महानिर्देशकज्यू, नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय बबरमहल, काठमाडौंसमेत | ४६ |
| ४८. | जबरजस्ती करणी | नेपाल सरकार वि. परिवर्तित नाम २०७२ कीर्तिपुर (छ) समेत, सुड्डो भन्ने प्रदिप महर्जन वि. नेपाल सरकार | ४७ |
| ४९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पर्वत राई | ४७ |
| ५०. | कर्तव्य ज्यान | रामप्रसाद लामिछाने वि. नेपाल सरकार, नेपाल सरकार वि. दामोदर गिरी | ४८ |
| **इजलास नं. १०** | | | **५० – ५१** |
| ५१. | पुँजीगत लाभ र कर निर्धारण | राजेन्द्रकुमार अग्रवाल वि. आन्तरिक राजस्व कार्यालय, विराटनगरसमेत | ५० |
| **इजलास नं. १३** | | | **५१ – ५२** |
| ५२. | बैंकिङ कसुर | भवानी कुँवर वि. नेपाल सरकार, बिराट आचार्य वि. नेपाल सरकार | ५१ |

## संयुक्त इजलास

**१**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-CI-०२०४, अंश दर्ता, राजेन्द्र राई वि. विष्णुबहादुर राईसमेत*

मिति २०५६।०४।३१ मा, मिति २०५९।९।२३ मा, मिति २०६२।०९।१३ मा र मिति २०६९।०१।६ मा गरी पटकपटक विभिन्न अङ्कमा सञ्चय कोषबाट रकम निकालेको देखिएको छ । उल्लिखित मितिमा सञ्चय कोषबाट रकम निकालेको कुरामा निवेदक वादीको असहमति रहेको देखिँदैन । सञ्चय कोषको रकम प्रतिवादीमध्येका शेरबहादुर राईले निजी रूपमा सेवा गरेबापत जम्मा भएको र निजैको व्यक्तिगत आर्जन रहेको कुरामा पनि निवेदक वादीको इन्कारी रहेको देखिँदैन । यो स्थितिमा प्रतिवादी शेरबहादुर राईले सञ्चय कोषबाट निकालेको रकम निजको निजी आर्जनको रकम रहेको कुरा प्रमाणित भएको मान्नुपर्ने देखिन आयो। जहाँसम्म विवादित जग्गाहरू प्रतिवादी शेरबहादुर राईले यही सञ्चय कोषको रकमबाट खरिद गरेको हो भन्ने प्रमाण नरहेको भनी लिइएको जिकिर छ, सो सम्बन्धमा बिचार गर्दा, जब सञ्चय कोषबाट रकम निकालेको कुरा प्रमाणित भइरहेको देखिन्छ र सोही रकमबाट जग्गा खरिद गरेको भनी प्रतिवादीले जिकिर लिएको अवस्था देखिन्छ भने सञ्चय कोषको रकम निकालेको मिति र जग्गा खरिद गरेको मिति भिड्न नआएको भन्ने मात्र आधारमा विवादित जग्गाहरू सञ्चय कोषको रकमबाट खरिद गरेको होइन भनी सम्झन न्यायसङ्गत देखिन आएन। यसका अतिरिक्त स्वयं निवेदक वादीले पनि सञ्चय कोषको रकम विवादित जग्गा खरिदको प्रयोजनमा प्रयोग नभई निजको अन्य यो यस्तो कारोबारमा प्रयोग भएको हो भनी जिकिर लिन र प्रमाणित गर्न सकेको देखिएको छैन। सञ्चय कोषको रकम विवादित जग्गा खरिद प्रयोजनमा प्रयोग नभई अन्य प्रयोजनमा प्रयोग भएको हो भनी वादीले जिकिर लिन नसकेको, विवादित जग्गाहरू सञ्चय कोषको रकमबाटै खरिद गरेको हो भनी प्रतिवादीले जिकिर लिइरहेको र मिसिल संलग्न विवरणबाट प्रतिवादीले सञ्चय कोषबाट रकम निकालेको कुरा प्रमाणित भइरहेको अवस्था देखिँदा सञ्चय कोषको रकमबाटै विवादित जग्गा खरिद गरेको नदेखिएको भनी निवेदक वादीतर्फका विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको तर्कसँग सहमत हुन नसकिने।

प्रस्तुत मुद्दामा प्रतिवादीहरूले संयुक्त रूपमा प्रतिउत्तरपत्र फिराउँदाका बखत नै यी जग्गाहरू शेरबहादुर राईको निजी आर्जनको हो भनी जिकिर लिएको देखिएको छ । तायदाती पेस गर्दा पनि यी जग्गाहरू निजी आर्जनको भएकोले बन्डा नलाग्ने भनी उल्लेख भएको देखिन्छ। प्रतिवादीहरूले संयुक्त प्रतिउत्तर पत्र फिराउँदा नै शेरबहादुर राईको निजी आर्जनको भनी उल्लेख गरेकोबाट विवादित जग्गाहरू प्रतिवादीमध्येका शेरबहादुर राईको निजी आर्जनको भएको बेहोरालाई शेरबहादुर राईले मात्र जिकिर लिएको नभई अन्य अंशियार प्रतिवादीहरूले पनि यो बेहोरालाई स्वीकार गरेको मान्नुपर्ने देखिन आएको छ। उक्त तायदाती बेहोराका सम्बन्धमा वादीले अन्यथा जिकिर लिई उजुर गरेको पनि नदेखिने।

कि.नं.२००७ को ०-१-०, कि.नं.१९१८ को ०-४-० र कि.नं.३४३२ को ०-०-५ गरी जम्मा ज.वि.०-५-५ को जग्गाको हकमा निजी आर्जनको देखिँदा बन्डा नलाग्ने गरी रौतहट जिल्ला अदालतबाट मिति २०७१।०७।०७ मा भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।०७।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :– कृष्णशोभा सुवाल

कम्प्युटर :– विकेश गुरागाई

इति संवत् २०७८ साल चैत्र २० गते रोज १ शुभम्।

## इजलास नं.१

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा. न्या. कुमार रेग्मी,** *०७४-CR-०३७१, कर्तव्य ज्यान, सुनिता भण्डारी वि. नेपाल सरकार*

प्रतिवादीले अदालतसमक्ष बयान गर्दा घरमा राखेको विषादी छोराले आफैँ खाएछ भनी बेहोरा लेखाएको भए तापनि नयाँ खरिद गरेको विषादीको बोटल सिल भएको अवस्था हुने हुँदा वर्ष तीनको छोराले आफैँ बिर्को खोली खायो भन्ने कुरा विश्वासयोग्य देखिँदैन । घटनाका प्रत्यक्षदर्शी निज प्रतिवादीकै जेठा छोरा सुदिप भण्डारीले मौकामा कागज गर्दा प्रतिवादीले मृतक भाइ र आफूलाई साथमा लिई वारदातस्थलमा लगी रिसाउँदै भाइलाई दुईपटक दुई ढक्कन र मलाई एक ढक्कन विषादी खुवाउनु भयो भनी घटनाको बारेमा बालसुलभ तवरले सिलसिलेवार रूपमा गरेको बकपत्रले जाहेरीलाई समर्थन भएको देखिन आयो । यसै गरी यी पुनरावेदक प्रतिवादी सुनिता भण्डारीले मौकामा गरेको कागजमा आफू र निजका पतिबिच घरायसी व्यवहारमा तनाव रहेको र वारदात हुने दिन पतिपत्नीबिच टेलीफोनमा झगडा भई पतिले मरे पनि मर भनेकोले केही सोच्न नसकी आफू मात्र मर्दा छोराहरूले दुःख पाउँछन् भन्ने सोची विषादी किनी मृतकलाई खुवाएको हुँ भन्ने भनाइसमेतका आधारमा प्रत्यक्षदर्शीको भनाइसँग मेल खान आएको देखिँदा यी पुनरावेदक प्रतिवादी सुनिता भण्डारीले नै मृतकलाई विष सेवन गराई कर्तव्य गरेको पुष्टि हुने ।

प्रतिवादीले मौकामा कागज गर्दा श्रीमानले हेला गर्ने, घरमा नोकर्नीजस्तो बनाउने, विभिन्न लाञ्छना लगाउने र श्रीमान्ले कुटपिट गर्ने गर्नुहुन्थ्यो । श्रीमान् काठमाडौंमा बस्ने भएकोले उक्त वारदात बिहान फोनमा निज श्रीमान्सँग कुरा हुँदा मरे पनि मर् भनेकोले अरू केही सोच्न सकिन । म मात्र मरेँ भने छोराहरूले दुःख पाउलान् भनी छोराहरूसमेतलाई विषादी खुवाएको भनी लेखाएको देखिन्छ । आफ्नै छोरालाई मार्ने गरी आमा रहेकी यी प्रतिवादीको मनसाय रहेको देखिँदैन । यी प्रतिवादी रहेका आमाले आफ्नै छोरालाई विषादी खुवाई मार्नेसम्मको परिस्थिति सिर्जना हुनु दर्दनाक अवस्था हो । विष सेवनको दर्दनाक अवस्था देखिएपछि बच्चालाई अस्पताल पुऱ्याएको पनि देखिन्छ । यसरी दुई बच्चालाई हुर्काई बढाएको यी प्रतिवादी सुनिता भण्डारीको आफ्ना बच्चाका लागि मातृत्व एवम् बच्चाहरूप्रति मायाममता थिएन भनी मान्न सक्ने स्थिति पनि भएन । यी प्रतिवादी पक्राउ भई थुनामा रहेबाट घटनाको क्रममा घाइते हुन पुगेका अर्का सन्तान सुदिप भण्डारीले समेत आमाको माया, भेटघाटसमेत नपाउने गरी असर पर्नेसमेत देखिन्छ । यसर्थ वारदातको समयमा यी प्रतिवादीको विद्यमान मानसिक अवस्था, निजले आफ्नै छोरालाई मार्नुपर्नेसम्मको परिस्थिति र अर्का सन्तानप्रति मातृत्वको हेरविचार गर्नुपर्ने दायित्वसमेत विचार गर्दा निजलाई तोकिएको सजाय गर्दा न्यायोचित नहुने ।

पुनरावेदक प्रतिवादी सुनिता भण्डारीलाई अभियोग मागदाबीबमोजिम साबिक मुलुकी ऐनको ज्यानसम्बन्धीको महलको १ नं. विपरीत ऐ. १३(२) नं. बमोजिमको कसुरमा सोही नं. बमोजिम सर्वस्वसिर्जना जन्मकैदको सजाय हुने गरी सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७३।३।१४ को फैसलालाई सदर गर्ने गरी उच्च अदालत तुलसीपुरको मिति २०७४।१।२५ को फैसला मिलेकै देखिए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम निजलाई जन्मकैदको सजाय हुनेमा निज प्रतिवादी सुनिता भण्डारीलाई ऐनबमोजिम ठहरेको सजाय गर्दा न्यायको रोहमा चर्को पर्ने देखिँदा निजलाई ८(आठ) वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृत : शिवबहादुर थापा

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७८ साल माघ २० गते रोज ५ शुभम् ।

**३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CI-०७७१, अंश, जयलसदेवीसमेत वि. प्रितीकुमारीसमेत*

मूल पुरूष राजाराम मुखिया विन र निजको श्रीमती जयलसदेवी विनका तर्फबाट ५ जना छोराहरू रवि मुखिया विन, रामईश्वर मुखिया विन, रामएकवाल मुखिया विन, रामविर मुखिया विन र राजगिर मुखिया विन भएकोमा रामविर मुखिया विनसँग यी प्रत्यर्थी वादी सुशीलादेवीको २०६१ सालमा विवाह भई निजहरूको संसर्गबाट २०६४ सालमा छोरी प्रिती कुमारीको जायजन्म भएको देखियो । यो पुस्तावली नाता सम्बन्धमा वादी प्रतिवादीहरूबिचमा विवाद देखिएन । यी प्रत्यर्थी वादीहरूले अंश पाएको भन्ने कुनै लिखत प्रमाण पेस भएको नदेखिएकाले निजहरू एकासगोलमै रहेको भन्ने नै देखिने।

वादी सुशीलादेवी र प्रतिवादीहरूबिच पारिवारिक सम्बन्ध सुमधुर नभएको कारणले गर्भवती अवस्थामा नाबालक छोरीसहित घरबाट निकालेको र निज वादी सुशिलादेवी माइतीमा रहेको भन्ने देखिन्छ। पेस भएको तायदातीबाट प्रतिवादीहरूबिच बन्डा भएको सम्पत्तिमा नरम गरम मिलाई समानुपातिक ढंगबाट बाँडफाँड भएको भन्ने देखिँदैन। अन्य अंशियारहरूले १–६–० भन्दा बढी जग्गा लिएको र यी वादीका पति/पिता प्रतिवादी रामविरलाई ज.वि. ०–१७–४ मात्र दिएको भन्ने देखियो। वादीहरूका पति/पिता प्रतिवादी रामविरले उक्त जग्गा प्राप्त गरेपछि सो जग्गाबाट आफ्नो सहोदर दाजु रामएकवाललाई आधी जग्गा ०–९–० जग्गा हालैको बकसपत्रद्वारा हक हस्तान्तरण गरिदिएको देखिन्छ । नाबालक छोरीसहित गर्भावस्थाकी श्रीमतीलाई घरबाट निकाला गरेको र अंशबन्डा भएको एक महिना पनि नपुग्दै उक्त अंश भागबाट दाजुलाई रेखदेख सेवा स्याहार गरेबापत हालैको बकसपत्रद्वारा सम्पत्ति हक हस्तान्तरण गरेकोबाट आफ्नो श्रीमती र छोरा छोरीलाई अंश हकबाट वञ्चित गरी निजहरूको अंश हक मेट्ने उद्देश्यले प्रतिवादीहरूले निजका पतिलाई नदी किनारको बालुवा बुर्ज जग्गा दिएको र अन्य अंशियारले पाएको जग्गाभन्दा निकै कम जग्गा निजले लिई सो अंशबापतमा पाएको जग्गामध्ये पनि ०–९–० जग्गा सहोदर दाजु रामएकवाललाई हालै देखिको बकसपत्रको लिखत पारित गरेको देखिएकोले लगाउमा रहेको अंशबन्डाको लिखत दर्ता बदर र लिखत बदर मुद्दामा दाबीबमोजिमको लिखतहरू बदर भई वादीले सबै जग्गाबाट अंश पाउने भनी भएको फैसला सदर हुने गरी आज यसै इजलासबाट फैसला भएकोले उक्त मुद्दाहरूमा विवेचित आधार कारणबाट प्रस्तुत मुद्दामा पनि यी प्रतिवादीहरूको नाममा रहेको सम्पूर्ण जग्गाबाट वादी दाबीबमोजिम वादीहरूका पति/पिता रामविर मुखिया विनको एक भागबाट ४ भागको २ भाग अंश पाउने गरी तत्कालीन पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला अन्यथा भन्न नसकिने।

वादीको पति पिताको अंशियार पुस्तामा ७ अंशियार सङ्ख्या भएको नाबालिका प्रितीकुमारी पछि वादी सुशीलाकुमारी र प्रतिवादी रामविरबाट नाबालक छोराको जन्म भएको देखिँदा यी वादीको अंशियार सङ्ख्या ४ देखिन्छ । पछि जाय जन्म भएको छोरा सुवासको तर्फबाट प्रस्तुत मुद्दामा अंशमा दाबी लिएको देखिँदैन । वादीले प्रतिवादीहरूबाट पेस भएको फाँटवारीमा उल्लिखित सम्पत्तिमध्येबाट ७ भागको १ भाग वादीको पति पिताको अंश भाग छुट्याई उक्त १ भागमध्येबाट ४ भागको २ भाग अंश वादीले छुट्याइलिन पाउने गरी सुरू सर्लाही जिल्ला अदालतबाट भएको फैसला सदर कायम गर्ने गरी तत्कालीन पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।१०।२५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत :- नबिन आचार्य

कम्प्युटर :- रमला पराजुली

इति संवत् २०७८ साल पुस २० गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैनुसार फैसला

भएको छ :

- ०७२-CI-०७७२, लिखत बदर, रामएकवल मुखिया विनसमेत वि. प्रिती कुमारीसमेत
- ०७२-CI-०७७३, अंशबन्डाको लिखत दर्ता बदर, जयलसदेवीसमेत वि. प्रितीकुमारीसमेत

**४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CI-००५३, हक निखनाइ पाऊँ, बाबुनन्दन तेली वि. प्रेमचन्द्र गुप्तासमेत*

पुनरावेदक वादीको पुनरावेदन जिकिरबमोजिम विवादित कि.नं. २१३ को जग्गा वादीले निखनाई लिन पाउने अवस्थाको जग्गा हो, होइन भन्ने सम्बन्धमा पुनरावेदन अदालत बुटवलको आदेशानुसार भइआएको नक्सा मुचुल्का हेर्दा पुनरावेदक वादीको कि.नं. २१४ को जग्गालाई न.नं. १२ मा र विवादित कि.नं. २१३ को जग्गालाई न.नं. ११ मा देखाइएको पाइन्छ । सन्धिसर्पन पर्ने भनी दाबी गरिएको प्रतिवादी प्रेमचन्द्र गुप्ताले खरिद गरिलिएको कि.नं. २१३ को न.नं.११ मा देखाइएको जग्गाको पूर्वमा न.नं.६ मा देखाइएको प्रतिवादी प्रेमचन्द्र गुप्ताकै पक्की दुई तले घर, पश्चिमतर्फ न.नं.१४ मा देखाइएको प्रतिवादी प्रेमचन्द्र गुप्ताकै पक्की दुई तले घर रहेको देखिन्छ । विवादित कि.नं. २१३ को उत्तरतर्फ न.नं.१२ मा देखाइएको पुनरावेदक वादीको कि.नं. २१४ को जग्गा र दक्षिणतर्फ न.नं. ८,९,१० मा देखाइएको मोति मुखियाको जग्गा रहे भएको देखिन्छ । पुनरावेदक वादीले सन्धिसर्पन पर्ने भनी निखनाई पाउन दाबी गरेको न.नं. ११ मा देखाइएको कि.नं. २१३ को जग्गामा कुनै निकास बाटो र सिँचाइको लागि कुलोसमेत रहे भएको नक्सा मुचुल्काबाट देखिँदैन भने पुनरावेदक वादीको हकभोग नाममा रहेको न.नं.१२ मा देखाइएको कि.नं.२१४ को जग्गामासमेत कुनै निकास बाटो र सिँचाइको लागि कुलोसमेत रहे भएको नदेखिई दुवै जग्गाहरू निकास र सिँचाइको लागि समान अवस्थाका देखिने ।

पुनरावेदक वादीको जिकिरबमोजिम प्रत्यर्थी प्रतिवादीहरूबिच राजीनामा लिखत पारित गरी खरिद बिक्री भएको विवादित कि.नं. २१३ को जग्गा पुनरावेदक वादीको कि.नं. २१४ को जग्गाको सन्धिसर्पन परेको जग्गा रहे भएको भनी मान्न मिलेन । प्रतिवादीको जग्गासँग साँध जोडिएको बाहेक अन्य कारणले सन्धिसर्पन परेको भन्ने देखिन नआएको अवस्थामा उक्त विवादित कि.नं. २१३ को जग्गा पुनरावेदक वादीलाई सन्धिसर्पन परेको मान्न मिल्ने अवस्था नहुँदा सुरू फैसला उल्टी गरी वादी दाबी नपुग्ने भनी पुनरावेदन अदालत बुटवलबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

वादी दाबीबमोजिम निखनाई पाउने ठहर्‍याएको सुरू नवलपरासी जिल्ला अदालतको मिति २०७०।२।२९ को फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने भनी पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।७।२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : कुबेर पाण्डे
कम्प्युटर : रमला पराजुली
इति संवत् २०७८ साल पुस १३ गते रोज ३ शुभम् ।

**५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७१-CI-१२४३, हक निखनाइ पाऊँ, बाबुनन्दन तेली वि. राम सुराती तेलीसमेत*

पुनरावेदक वादीको पुनरावेदन जिकिरबमोजिम विवादित कि.नं. ४८१ को जग्गा वादीले निखनाई लिन पाउने अवस्थाको जग्गा हो, होइन भन्ने सम्बन्धमा पुनरावेदन अदालत बुटवलको आदेशानुसार भइआएको नक्सा मुचुल्का हेर्दा न.नं.१ गण्डक नहर, न.नं.२ न.नं.१ को नहरसँग जोडिएको सडक, न.नं.३ कुलो भन्ने उल्लेख भएको देखिन्छ । न.नं. ७ प्रतिवादी द्रोपतीदेवीले प्रतिवादी रामसुराती तेलीसँग खरिद गरेको भनेको वादी दाबीको कि.नं. ४८१ को विवादित जग्गा रहेको देखिन्छ भने न.नं. ९ वादीको कि.नं. ४८२ को जग्गा देखिन्छ । उक्त न.नं.

७ र न.नं. ९ को जग्गा साँध सिमाना जोडिएको जग्गा रहेको देखिन्छ । उक्त न.नं. ७ को विवादित जग्गा र वादीको न.नं. ९ को जग्गासमेत दुवै जग्गा न.नं. २ मा देखाइएको सडकसँग जोडिएको भई उक्त जग्गाहरूको निकास सो सडकमा रहेको देखिन्छ । उक्त नक्साको प्रकृतिबाट वादीलाई आफ्नो जग्गामा आवतजावत गर्न प्रतिवादीको जग्गा हुँदै जानुपर्ने बाध्यता रहेको भन्ने नदेखिने ।

सिँचाइको लागि कुलो पानीको अवस्थाका सम्बन्धमा उक्त नक्सा मुचुल्का हेर्दा, न.नं. ९ मा देखाइएको पुनरावेदक वादीको कि.नं. ४८२ को जग्गामा न.नं. १ को नहरबाट पानी निकासको लागि प्रयोग हुने न.नं. १२ मा देखाइएको ड्रेन रहेको भन्ने देखिन्छ भने न.नं. ३ मा देखाइएको कुलोसमेत उक्त न.नं. ९ को पुनरावेदक वादीको कि.नं. ४८२ को जग्गासँग जोडिएको देखिँदा सिँचाइको लागि न.नं. ७ मा देखाइएको प्रतिवादीको कि.नं. ४८१ को जग्गामा निर्भर रहनुपर्ने अवस्था देखिँदैन । उक्त नक्साको अध्ययनबाट न.नं. ७ मा देखाइएको प्रतिवादीको कि.नं. ४८१ को जग्गाले वादीको न.नं. ९ मा देखाइएको कि.नं. ४८२ को जग्गामा घाम, हावा, पानी, कुलो तथा बाटो निकासको लागि अवरोध पुगेको भन्ने देखिँदैन । उक्त नक्सा मुचुल्कालाई पुनरावेदक वादीले अन्यथा भन्न सकेको पनि नपाइने ।

लेनदेन व्यवहारको ११ नं. मा हकवालाले जग्गा निखनाई पाउनका लागि सन्धिसर्पन परेको हुनुपर्ने भनी उल्लेख गरेको पाइन्छ । सन्धिसर्पन परेको तथ्य स्थापित हुनका लागि दाबीकर्ताको जग्गासँग साँध सिमाना जोडिएको जग्गाबाट हकवालाको जग्गामा बाटो, निकास, हावा, घाम, पानी तथा सिँचाइका लागि आवश्यक परेको भन्ने देखिनुपर्दछ । केवल साँध सिमाना जोडिएको जग्गा हुनुले मात्र सन्धिसर्पन परेको भनी मान्न नमिल्ने ।

पुनरावेदक वादीको जिकिरबमोजिम प्रत्यर्थी प्रतिवादीहरूबिच राजीनामा लिखत पारित गरी खरिद बिक्री भएको विवादित कि.नं. ४८१ को जग्गा पुनरावेदक वादीको कि.नं. ४८२ को जग्गाको सन्धिसर्पन परेको जग्गा रहे भएको भनी मान्न मिलेन । प्रतिवादीको जग्गासँग साँध जोडिएकोबाहेक अन्य कारणले सन्धिसर्पन परेको भन्ने देखिन नआएको अवस्थामा उक्त विवादित कि.नं. ४८१ को जग्गा पुनरावेदक वादीलाई सन्धिसर्पन परेको मान्न मिल्ने अवस्था नहुँदा सुरू फैसला उल्टी गरी वादी दाबी नपुग्ने भनी पुनरावेदन अदालत बुटवलबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

वादी दाबीबमोजिम निखनाई पाउने ठहऱ्याएको सुरू नवलपरासी जिल्ला अदालतको मिति २०७०।२।२९ को फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने भनी पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।७।२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : कुबेर पाण्डे<br>
कम्प्युटर : रमला पराजुली<br>
इति संवत् २०७८ साल पुस १३ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CR-०३३४, वैदेशिक रोजगार कसुर, नेत्रबहादुर खड्का वि. नेपाल सरकार*

प्रतिवादी नेत्रबहादुर खड्काले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष बयान गर्दा लोकबहादुर दाहालको नाममा दर्ता भई सञ्चालनमा रहेको पशुपति म्यानपावर गौशालामा मिति २०६५ सालको पौषदेखि चैत्रसम्म करिब तीन महिना आफू रिसेप्सनमा काम गरेको हो । हालसम्म आफैँले कसैलाई वैदेशिक रोजगारमा नपठाएको, जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउँछु भनी रकम लिएको छैन भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको र अनुसन्धान अधिकृतसमक्ष पनि आफूले सो मेनपावरमा लाए अह्राएको काम गर्ने क्रममा लोकबहादुरले लाए अह्राएबमोजिम जाहेरवालाबाट पटकपटक गरी तीन

लाख रुपियाँ बुझेकोमा लोकबहादुरले कमलबहादुर थापालाई दिल्ली बोलाएकोमा लोकबहादुर दाहाल श्रीलंका गए र त्यही दुर्घटनामा निजको मृत्यु भएपछि मलाई जाहेरवालासमेतले जबरजस्ती लिखत गराएको हो भन्ने बेहोरा उल्लेख गरी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । मिसिल संलग्न कागजातबाट यी प्रतिवादीले पशुपति म्यानपावरको कर्मचारीको हैसियतले काम गरेको र सञ्चालकले लाए अह्राएको काम गर्ने क्रममा आफूले उक्त रकम बुझेको भन्ने कुरालाई विश्वसनीय प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन । यदि निजले आफू पशुपति म्यानपावरको कर्मचारीको हैसियतले काम गरेको भए निजले आफ्नो नाउँमा रहेको निजी अचल सम्पत्तिबाट भरिभराउ गर्ने भनी कागज गर्नुपर्ने अवस्था रहने थिएन । जहाँसम्म जबरजस्ती कागज गराएको भनी जिकिर लिएको र यी प्रतिवादीका साक्षीले समेत उक्त कुरा लेखाएको देखिए तापनि सो लिखतउपर कहीँ कतै उजुर गरेको समेत देखिँदैन साथै उक्त लिखतमा मुकाम ऋणीको घर भनी उल्लेख गरिएको छ भने सो लिखतमा भएको सहीछापसमेत आफ्नै भएको भनी स्वीकार गरेको देखिन्छ । यसरी आफ्नै घर मुकाममा आफैँ सहीछाप गरी भएको लिखतलाई जबरजस्ती कागज गराएको भनी लिएको पुनरावेदन जिकिरलाई विश्वास गर्न सकिने अवस्था रहेन । यी प्रतिवादी नेत्रबहादुर खड्कासँग वैदेशिक रोजगारमा कामदार पठाउनका लागि आवश्यक इजाजतपत्रसमेत भएको पाइँदैन । तसर्थ, वैदेशिक रोजगार न्यायाधिकरणको वादी दाबीबमोजिम कसुर कायम गरी भएको फैसलालाई अन्यथा मान्न सकिएन । प्रतिवादी नेत्रबहादुर खड्काको पुनरावेदन तथा निजका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताको बहस जिकिर र यस अदालतबाट प्रत्यर्थी झिकाउँदा लिइएका आधार र कारणहरूसँगसमेत सहमत हुन नसकिने।

वादी दाबीबमोजिम प्रतिवादी नेत्रबहादुर खड्काले व्यक्तिगत रूपमा जाहेरवाला कमलबहादुर थापालाई विदेश पठाइदिने भनी विभिन्न मितिमा रु.४,६०,०००।– बुझिलिई लिखत गरेको देखिन आएबाट प्रतिवादीले विनाइजाजत जाहेरवाला कमलबहादुर थापालाई वैदेशिक रोजगारमा पठाइदिने भनी रकम बुझिलिई लिखत कागज गरिदिई भनेबमोजिमको मुलुकमा वैदेशिक रोजगारमा नपठाई रकमसमेत फिर्ता नदिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुर गरेको देखिँदा निज प्रतिवादीलाई ऐ.ऐनको दफा ४३ बमोजिम १।६।० एक वर्ष छ महिना) कैद र रु.१,५०,०००।- (एक लाख पचास हजार) जरिवाना हुने साथै बिगोको हकमा वादीको अभियोगपत्रमा दाबी लिएबमोजिमको हर्जानासिर्जनाको बिगो प्रतिवादीबाट जाहेरवालाले भरिपाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।१।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :- नबिन आचार्य

कम्प्युटर :- रमला पराजुली

इति संवत् २०७७ साल पुस १९ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-CR-०२८७, वैदेशिक रोजगार कसुर, पुनम नेपाली वि. नेपाल सरकार*

वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष मिति २०६६।०३।२१ को लिखत आफूलाई झुक्याई गराएको भनी यी प्रतिवादीले जिकिर लिएको देखिन्छ । यी प्रतिवादी अनपढ, सिलाइको काम गरी दैनिकी गुजारा गर्दैआएको र निजसँग वैदेशिक रोजगारको व्यवसाय सञ्चालन गर्ने इजाजतपत्रसमेत नभएको भन्ने देखिन्छ । यसरी अशिक्षित व्यक्तिलाई झुक्यानमा पारी ल्याप्चे लगाएको साथै निजलाई आफूले गरेको सहीछापलाई दुरूपयोग गरी आफू विरुद्ध नै प्रयोग हुनसक्छ भन्ने सामान्य ज्ञानसमेत नभएको स्थिति देखिने।

जाहेरवाला शान्तकुमार तामाङ्ग वैदेशिक

रोजगार न्यायाधिकरणमा उपस्थित भई आफ्नो जाहेरी बेहोरालाई समर्थन गरी बकपत्रसमेत गर्न सकेको देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा १८ ले "कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ ।" भन्ने व्यवस्था रहेको देखिन्छ । विवेचित कानूनी व्यवस्था अनुसार कुनै लिखतमा व्यक्त भएका भनाइलाई प्रमाणमा ग्रहण गर्नका लागि निजहरूले अदालतसमक्ष उपस्थित भई उक्त लिखतको बेहोरालाई पुष्टि गर्नुपर्ने देखिन आउँछ । निज जाहेरवाला शान्तकुमार तामाङ्ग आफू ठगीमा परेको हो भने अदालतसमक्ष उपस्थित भई आफ्नो जाहेरी बेहोरालाई समर्थन हुने गरी बकपत्र गर्नुपर्ने हुन्छ । फौजदारी कसुरमा केवल जाहेरी दरखास्तलाई मात्र प्रमाणको रूपमा लिनु न्यायोचित हुन सक्दैन उक्त जाहेरीलाई अन्य विश्वसनीय, ठोस वस्तुनिष्ठ प्रमाणहरूले प्रमाणित गर्न सक्नुपर्ने । जाहेरी दरखास्तले त्यतिबेला मात्र प्रमाणको रुप धारण गर्छ जुन बेला अन्य स्वतन्त्र रूपबाट घटनाको स्वरूपलाई चित्रण गर्ने प्रमाण मौजुद रहन्छ । तसर्थ, अभियोग दाबीलाई पुस्ट्याइँ गर्ने प्रमाण जाहेरी दरखास्त मात्र कदापि नहुने ।

प्रतिवादीउपर आरोपित दाबीबमोजिम कसुर गरेको भनी मिति २०६६।३।२१।१ को लिखतको प्रतिलिपि पेस भएको देखिन्छ । उक्त लिखतको सक्कल प्रति पेस हुन सकेको छैन । कुनै लिखतको प्रतिलिपिको आधारमा मात्र त्यस लिखतको आधिकारिकता पुष्टि भई कसुर कायम गर्न सकिने हुँदैन । उक्त लिखतमा भएको औँठाछाप यी प्रतिवादीको नै हो वा होइन भनी कुनै विशेषज्ञमार्फत परीक्षण गरी आरोपित कसुरलाई समर्थन गर्न सकेको देखिँदैन । यसै सम्बन्धमा ने.का.प. २०५२ अङ्क ९, नि. नं. ६०६९ मा "वादी दाबीबमोजिम सद्दे वा किर्ते भनी निरूपण गर्नुपर्ने मूल लिखत नै अदालतसमक्ष पेस नभएपछि सो लिखतको कानूनी अवस्था के कस्तो हुने भनी ठहर गर्न सकिने अवस्था नरहने भनी नजिर सिद्धान्त प्रतिपादित भएको पाइन्छ । यसप्रकार सक्कल लिखत कागजको अभावमा प्रतिलिपिको आधारमा मात्र फौजदारी मुद्दामा अभियुक्तउपरको कसुर प्रमाणित हुन सक्ने अवस्था नरहँदा अभियोग माग दाबीबमोजिमको कसुर कायम गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला न्यायोचित नदेखिने ।

पुनरावेदक प्रतिवादीउपरको अभियोग शंकारहित तवरबाट समर्थन हुन नआएको स्थितिमा केवल जाहेरी दरखास्त र निजले उक्त लिखत आफूलाई झुक्याई गराएको जिकिरलाई कुनै सबुद प्रमाण पेस गर्न नसकेको, आफ्नो साक्षी पेस नगरी तोकिएको तारेखसमेत गुजारी बसेको भन्ने आधारमा दोषी कायम गर्नु न्यायोचित एवं कानूनी राज्यको मान्य सिद्धान्तबमोजिम भएको मान्न नमिल्ने हुँदा यी पुनरावेदक प्रतिवादीलाई अभियोग दाबीबमोजिमको कसुर कायम गरी भएको वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०६९।३।३१ को फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई निज पुनरावेदक प्रतिवादी पुनम नेपालीले अभियोग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत :- नबिन आचार्य

कम्प्युटर :- रमला पराजुली

इति संवत् २०७८ साल पुस १९ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७७-WO-०५५८, उत्प्रेषण / परमादेश, सुखमाया राई वि. जिल्ला काठमाडौं, कागेश्वरी मनोहरा नगरपालिका, थली काठमाडौंसमेत*

प्रचलित नेपालको संविधानमा उल्लेख भएको मौलिक हकअन्तर्गत धारा २५ मा सम्पत्तिको हकको व्यवस्था रहेको पाइन्छ । उक्त धारा २५ को उपधारा

(१) मा प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुने छ भनी, ऐ. उपधारा (२) मा सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन भनी र ऐ. उपधारा (३) मा उपधारा (२) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐनबमोजिम हुने छ भनी उल्लेख भएको पाइन्छ। त्यसै गरी धारा ३७ मा उल्लिखित आवासको हकअन्तर्गत उक्त धारा ३७ को उपधारा (२) मा कानूनबमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको बासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन भनी उल्लेख भएको पाइन्छ भने धारा १८ मा समानताको हकअन्तर्गत ऐ. को उपधारा (१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने छन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन भनी मौलिक हकहरूको व्यवस्था गरेको पाइन्छ। मानिसको लागि जीवन (Life), स्वतन्त्रता (Liberty) र सम्पत्ति (Property) सर्वाधिक महत्त्वपूर्ण मौलिक मानव अधिकारहरू हुन्। जसलाई हाम्रो संविधानले मौलिक हकअन्तर्गत संविधानका विभिन्न धाराहरूमा उल्लेख गरेको पाइन्छ। त्यस्तो मौलिक हकको प्रचलनबाट वञ्चित भएमा वा त्यस्तो मौलिक हकमा कहीँ कतैबाट आघात परेमा संवैधानिक उपचार प्राप्त गर्ने नागरिकको हक रहेको कुरा संविधानको धारा ४६ मा उल्लेख भएको पाइन्छ। त्यसरी उपचार माग गरेको अवस्थामा नागरिकको हकको प्रचलनका लागि धारा १३३ बमोजिम उपर्युक्त आदेश जारी गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई रहेको पाइने।

निवेदकले मुख्य रूपमा आफ्नो करिब रु.१,५०,००,०००।- पर्ने ५ आना जग्गामा क्षति पुग्ने गरी सो जग्गा प्राप्त गर्दा अपनाउनुपर्ने कार्यविधि नअपनाई र मुआब्जासमेत निदिई सडक विस्तार गरिएको कार्यले आफ्नो सम्पत्तिसम्बन्धी हक हनन् हुन पुगेको भनी जिकिर लिएको पाइन्छ। सार्वजनिक हितका लागि राज्यले निवेदकको सम्पत्ति अधिग्रहण गर्न सक्ने भए पनि उक्त कार्य गर्दा व्यक्तिको संविधान तथा कानूनप्रदत्त हकमा आघात नपर्ने गरी प्रचलित कानूनले तोकेको विधि र प्रक्रिया अपनाई मुआब्जा एवम् क्षतिपूर्ति दिएर मात्र गरिनुपर्छ। विकास निर्माण तथा सार्वजनिक हितका लागि नै गरिने भए पनि राज्यले नागरिकको संविधान तथा कानूनप्रदत्त हक अधिकारमा आघात पर्ने गरी र मनासिब क्षतिपूर्ति वा मुआब्जा नदिई व्यक्तिको सम्पत्तिको अधिग्रहण गर्न वा निजको सम्पत्तिमा क्षति पुऱ्याउन नमिल्ने।

हाल सडक विस्तार तथा निर्माणको कार्य अन्तिम चरणमा रहेको भन्ने लिखित जवाफबाट देखिँदा र निवेदकलाई मुआब्जा एवम् क्षतिपूर्ति नदिने भनी विपक्षीहरूबाट कुनै निर्णय भएको भन्ने नदेखिँदा उत्प्रेषणको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। तर निवेदकले आफ्नो सम्पत्तिमा पुगेको क्षतिबापत मुआब्जा वा क्षतिपूर्ति माग गर्न आएमा कानूनबमोजिम गरी निवेदकलाई मनासिब मुआब्जा वा क्षतिपूर्ति दिनु दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : कुबेर पाण्डे
कम्प्युटर : रमला पराजुली
इति संवत् २०७८ साल पुस १२ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७६-CR-०२३५, कर्तव्य ज्यान, नेपाल सरकार वि. संजय पटेलसमेत*

Modi Jurisprudence & Toxicology मा hanging र strangulationबिच के कस्तो फरक हुन्छ भनी उल्लेख भएको छ। उक्त पुस्तकका आधारमा झुन्डिएको (hanging) अवस्थामा मुखबाट ऱ्याल आउने, थाइराइडको कुरकुरे हाडभन्दा माथिबाट घाँटी

कसिएको वस्तुको डाम (ligature mark) v आकारमा माथितिर जाने, नाक र मुखबाट रगत नआउने, रगत आए पनि बिरलै मात्र आउने, घाँटी अस्वाभाविक रूपमा तन्किने भनी उल्लेख भएको छ। यस परिप्रेक्ष्यमा मृतक कान्तीदेवीको लासको फोटोहेर्दा, निजको मुखबाट र्‍याल निस्केको र घाँटी तन्किएको अवस्था देखिँदैन भने फोटोमा ligature mark के-कस्तो छ भन्ने पनि देखिँदैन। तर नाक र मुखबाट रगत बगेको, घाँटीको बिच भागमा horizontal गोलाइ आकारमा घाँटीलाई वरिपरि कसेर तन्काएर दबिएको जस्तो दाग देखिएको छ। उक्त पुस्तकमा उल्लिखित कुराहरूबाट मृतकको तस्विरमा देखिएको अवस्था hanging सँग नमिली strangulation सँग मिलेको हुँदा निज कान्तीदेवीको मृत्यु कर्तव्यबाट भएकोमा विवाद नरहने।

प्रतिवादी सहदेव पटेलले ३ वर्षको नाति रुन कराउन लाग्दा बुहारी घाँटीमा रसी लगाई झुण्डिएको देखेको भनी बयान गरेका छन् भने अर्का प्रतिवादी जंगबहादुर पटेलले म भदौ महिनाको पहिलो हप्तामा काठमाडौं गई परिवार बिरामी भएको थाहा पाई मिति २०७४।६।९ का दिन घर आएको थिएँ भनी कसुरमा इन्कारी रही अदालतसमक्ष बयान गरेको देखिन्छ। यसरी प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्ष भएको बयान हुबहु मिल्नु र अदालतसमक्ष भएको बयान एक आपसको बयानसँग मेल नखानुले उक्त अनुसन्धान अधिकारीसमक्ष भएको बयानलाई नजरअन्दाज गर्न नमिल्ने।

कुनै पनि महिलालाई विवाह गरी ल्याएपछि निजको उचित संरक्षण र संवर्धन गर्नु विवाह गरी ल्याएको घरको दायित्व हुने गर्दछ। प्रस्तुत मुद्दामा मृतक कान्तीदेवी प्रतिवादी जंगबहादुर पटेलको श्रीमती र सहदेव पटेलको बुहारी रहेको देखिन्छ। निज प्रतिवादीहरूले बुहारी श्रीमतीको असामयिक निधन भएको थाहा पाएपछि अस्पताल वा पुलिसलाई खबर गर्नुपर्नेमा सो नगरी लासलाई गुपछुप तरिकाले जलाएको समेत देखिँदा निज प्रतिवादीहरूको कान्तीदेवीलाई मार्ने कार्यमा संलग्नता थिएन भन्न नमिल्ने।

प्रतिवादीहरूमध्येका संजय पटेल, मौजेलाल पटेल, अच्छेलाल पछेल, पपु पटेल, चन्दन पटेल, नागेन्द्र पटेल, जबाहर राउत पटेल, धर्मलाल पटेल, मोतिलाल पटेल, अजय पटेल, शंकर पटेल, विसुनदेव पटेल, महेन्द्र पटेल, भाग्यनारायण पटेल र वीरबहादुर पटेललाई अभियोग मागदाबीबमोजिम छ महिना कैद सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा, निज १५ जना प्रतिवादीहरूलाई प्रतिवादीहरू जंगबहादुर पटेल र सहदेव पटेलले मृतक कान्तीदेवी बिरामी परी मरेको भन्ने बताई यी प्रतिवादीहरूलाई मृतक कान्तीदेवीको सदगतमा बोलाएको देखिने।

मृतक कान्तीदेवीको घाँटीमा दाग तथा नाकमुखबाट रगत बगिरहेको अवस्थामा मृत्युप्रति सशङ्कित भई प्रहरीमा जाहेर गर्नुपर्नेमा त्यसो नगरी लास जाँच र सदगत पुर्जीसमेत नलिई लास जलाएको देखिँदा यी प्रतिवादीहरूले कानूनबमोजिमको दायित्वसम्म पूरा नगरेको देखियो। यसबाहेक यी प्रतिवादीहरूले लास जलाएका हुन् भनी अभियोजन पक्षले प्रमाणित गर्न नसक्नुका साथै प्रतिवादीहरूको कान्तीदेवीलाई मार्नुपर्ने कुनै कारण देखिँदैन र लास सदगत गर्ने कार्यमा बाहेक यी प्रतिवादीहरूको कसुरमा के-कस्तो भूमिका थियो भनी प्रस्ट रूपमा खुलाउन नसकेको।

प्रतिवादीहरू संजय पटेल, मौजेलाल पटेल, अच्छेलाल पटेल, पपु पटेल, चन्दन पटेल, नागेन्द्र पटेल, जबाहर राउत पटेल, धर्मलाल पटेल, मोतिलाल पटेल, अजय पटेल, शंकर पटेल, विसुनदेव पटेल, महेन्द्र पटेल, भाग्यनारायण पटेल र वीरबहादुर पटेललाई रु.३०।– जरिवाना हुने र प्रतिवादीद्वय जंगबहादुर पटेल र साहेव भन्ने सहदेव पटेललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद हुने गरी सुरु रौतहट जिल्ला अदालतबाट मिति २०७५।२।२ मा भएको फैसलालाई

सदर गर्ने गरी उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जबाट मिति २०७६।१।३१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : श्रद्धा विष्ट

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल पौष २७ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७६-CR-१३००, करणी सम्बन्धी कसुर, राजन मण्डल वि. नेपाल सरकार*

प्रतिवादी राजन मण्डलले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष पीडित परिवर्तित नाम बौद्ध २८(०७५।०७६) र आफूहरू साथी भएको र निज पीडित परिवर्तित नाम बौद्ध २८(०७५।०७६) को सहमतिमा शारीरिक सम्पर्क भएको हो, कुनै करकापमा पारेको वा जोर जबरजस्ती गरेको होइन भनी बयान गरेको देखिन्छ। पीडितको स्वास्थ्य परीक्षण रिपोर्टमा multiple bluish mark over anterior neck and upper chest , hymen; old tear and redness over lower inboites भन्ने उल्लेख भएको छ। साथै पीडित परिवर्तित नाम बौद्ध २८(०७५।०७६) ले मिति २०७५।६।२६ गते बेसी गाउँमा भएको होटेलमा बस्दा प्रतिवादी र आफ्नो शारीरिक सम्पर्क भएको भनी गरेको कागज तथा अदालतमा आई गरेको बकपत्रबाट समेत निजहरूबिच करणी लिनुदिनु भएको तथ्यमा विवाद नदेखिने।

पीडित परिवर्तित नाम बौद्ध २८(०७५।०७६) को जन्म दर्तामा जन्म मिति २०५९।२।१० उल्लेख भएको देखिँदा वारदात हुँदाको समयमा निज पीडित १६ वर्षको बालिका रहेको देखियो । उक्त कानूनी प्रावधान अनुसार १८ वर्षभन्दा कम उमेरको बालिकाको मन्जुरी लिए तापनि त्यस्तो मन्जुरीलाई मन्जुरी नमानी जबरजस्ती करणी हुने भनी परिभाषित गरेको हुँदा पीडित परिवर्तित नाम बौद्ध २८(०७५।०७६) १८ वर्षभन्दा कम उमेरको बालिका भएकोले प्रतिवादी राजन मण्डलले करणी लिने दिने कार्य सहमतिमा नै गरेको भनी बयान गरे तापनि उक्त कानूनी व्यवस्था अनुसार प्रतिवादीको उक्त कार्य जबरजस्ती करणीको कसुर भएको देखिने।

प्रतिवादी राजन मण्डलले अभियोग दाबी अनुरूपको कसुर गरेकोमा साबित नभई निज राजन मण्डलले सहमतिमा शारीरिक सम्पर्क भएको तथ्यलाई मात्र स्वीकार गरेको पाइन्छ। यस स्थितिमा प्रतिवादी राजन मण्डलले साबिती बयान दिई अदालतलाई सहयोग गरेको अवस्थासमेत नदेखिने।

पीडित परिवर्तित नाम बौद्ध २८ (०७५।०७६) १६ वर्षको बालिका रहेको, प्रतिवादीले सहमतिमा शारीरिक सम्पर्क भएको भने तापनि १८ वर्षभन्दा कम उमेरको बालिकाको मन्जुरीलाई मन्जुरी मान्न नमिल्ने तथा प्रतिवादी राजन मण्डलको उमेरलाइसमेत विचार गरी निजलाई जबरजस्ती करणीको कसुरमा हुने सजायको न्यूनतम सजाय गरिएकोले मुलुकी अपराध संहिता, २०७४ को दफा ४७ (१) बमोजिम सजायमा छुट गरिपाउँ भन्ने प्रतिवादी राजन मण्डलको पुनरावेदन जिकिर र विद्वान् वरिष्ठ अधिवक्ता र अधिवक्ताहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी राजन मण्डलले मुलुकी अपराध (संहिता) ऐन,२०७४ को दफा २१९(२) बमोजिमको जबरजस्ती करणी गरेकोले सोही ऐनको २१९ (३) (घ) बमोजिम १० वर्ष कैद तथा ऐ.ऐनको दफा २२८ बमोजिम पीडित परिवर्तित नाम बौद्ध २८ (०७५।०७६) ले प्रतिवादीबाट रु.५०,०००।– (पचास हजार रूपियाँ) क्षतिपूर्ति भराइदिने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।१०।१७ मा भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७६।०७।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : श्रद्धा विष्ट

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल पौष २७ गते रोज ३ शुभम्।

## इजलास नं. ३

### ११

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७८-WH-००८३, बन्दीप्रत्यक्षीकरण, मोहमद जामराइ स्तानाजाइसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकहरू ११ जना अफगानी नागरिक विनाभिसा प्रवेश गरी अध्यागमन कानूनको उल्लङ्घनमा मिति २०७८/७/८ गतेबाट अध्यागमन विभागले नियन्त्रणमा लिई निजहरूलाई अनुसन्धान गरेको भन्ने अध्यागमन विभागको लिखित जवाफसमेतबाट देखिन्छ । सो लिखित जवाफमा अध्यागमन विभागले निजहरूलाई अध्यागमन कार्यविधि, २०६५ को परिच्छेद ६अन्तर्गत ६.३(१) अनुसार नियन्त्रणमा राखिएको हो भनी उल्लेख गरेको पाइन्छ । अध्यागमन कार्यविधि, २०६५ को परिच्छेद ६अन्तर्गतको निष्कासनसम्बन्धी कार्यविधिको ६.३(१) मा हेर्दा-निष्कासन हुने व्यक्ति निस्कासन नहुँदासम्म विभागले तोकेको स्थानमा बस्नुपर्ने र नेपालबाट प्रस्थान गर्दा लाग्ने खर्च आफैँले बेहोर्नुपर्ने छ" भन्नेसमेत व्यवस्था रहेको पाइन्छ भने अध्यागमन नियमावली, २०५१ को नियम ४४ मा- "विभागले तोकेको स्थानमा बस्नुपर्ने - ऐन वा यस नियमावलीबमोजिम प्रस्थान गराउनु वा निष्कासन गर्नुपर्ने विदेशीले नेपालबाट प्रस्थान नगरुन्जेलसम्मका लागि विभागले तोकेको वा उपलब्ध गराएको स्थानमा बस्नुपर्ने छ र त्यस्तो विदेशीले नेपालबाट प्रस्थान गर्दा लाग्ने खर्च आफैँले बेहोर्नुपर्ने छ" भन्ने व्यवस्था भएको देखिन्छ । उल्लिखित कानूनी व्यवस्थाअनुसार प्रस्थान गर्नुपूर्व नेपालमा रहँदा विभागले कुनै स्थान तोकिदिएको मा सो स्थानमा बस्नुपर्ने ।

रिट निवेदकले निवेदकहरू शरणार्थी (refugee) भएको र निजहरूलाई अफगानिस्तान फिर्ता पठाइएमा निजहरूको ज्यान जाने तथा निजहरूलाई चरम यातना हुन सक्ने भनी निवेदनमा उल्लेख गरेको देखिन्छ भने संयुक्त राष्ट्र सङ्घीय उच्चायुक्त कार्यालय, (UNHCR) नेपालले यी निवेदकहरू ११ जना अफगानी नागरिकहरूको हकमा शरणार्थीको हैसियत प्रदान गरियोस् भनी पेस गर्नुभएको निवेदन उच्चायुक्तको कार्यालयको mandate अनुसार यस कार्यलयमा विचाराधीन छ । यो पत्र अन्यथा उल्लेख भएकोमा बाहेक २२ April २०२२ सम्म मान्य हुने छ" भनी शरणार्थीको हैसियतको सम्बन्धमा पत्र दिएको देखिन्छ। गृह मन्त्रालयको निर्णयानुसार ३ वर्षसम्म नेपाल प्रवेश गर्न नपाउने गरी निष्कासनको निर्णय भएको र स्थानहदमा राखिएको र तत्काल तेस्रो मुलुकको भिसा तथा हवाई उडानको व्यवस्था गर्न समय लाग्ने देखिएकोले निजहरूको सम्बन्धमा आवश्यक छानबिन गरी प्रतिवेदन पेस गर्न United Nations High Commissioner for Refugees (UNHCR) को नेपाल स्थित कार्यालयमा कार्यरत Senior Protection Associate दीपा दीक्षितको जिम्मा लगाई पठाइसकिएको छ भन्ने अध्यागमन विभागको लिखित जवाफ बेहोराबाट देखिने।

निवेदकहरूलाई United Nations High Commissioner for Refugees (UNHCR) को नेपाल स्थित कार्यालयमा कार्यरत Senior Protection Associate दीपा दीक्षितको जिम्मा लगाइएको भन्ने लिखित जवाफ रहेको र सो तथ्यलाई निवेदकहरूले अन्यथा भन्न नसकेको हुँदा हाल निवेदकहरू गैरकानूनी थुनामा रहेको भन्ने अवस्था नदेखिँदा निवेदकहरूको मागबमोजिम रिट जारी गर्नुपर्ने अवस्था देखिएन । बन्दीप्रत्यक्षीकरणको रिट जारी गरिपाउँ भन्ने निवेदन खारेज हुने।

इजलास अधिकृत : राजकुमार आचार्य
कम्प्युटर : चन्दनकुमार मण्डल
इति संवत् २०७८ मङ्सिर १० गते रोज ६ शुभम्।

## इजलास नं.४

### १२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CR-२१७१, किर्ते जालसाजी, भाष्करराज उपाध्याय वि. शिवप्रसाद शर्मा उपाध्यायसमेत*

वादीले दिएको लिफा प्रयोग गरी दे.नं.१४८० को अबन्डा जग्गा बन्डा गरिपाउँ मुद्दामा प्रतिउत्तर फिराई मिति २०६९।०२।०१ मा मिलापत्र गर्न वादीका नामबाट वारेसनामा र मन्जुरनामा दाखिल गरी मिलापत्र भएको तथ्यमा विवाद देखिएन । यसै मुद्दामा सुरू अदालतमा लगाउमा रहेको दूषित मिलापत्र र दा.खा. दर्ता बदरसमेतको ०६९-CP-०१९८ को मुद्दामा यिनै वादी भाष्करराज उपाध्याय र प्रतिवादी शिवप्रसाद शर्मा उपाध्यायबिच दे.नं.७११ को अंश मुद्दा बाँके जिल्ला अदालतमा परी मिति २०५०।०३।२३ मा फैसला भएकोमा बन्डा छुट्याउने क्रममा मिति २०५४।१२।१२ मा मिलापत्र भएको देखिँदा निजहरूबिच छुट्टि भिन्न भइसकेको देखिन्छ। यसै आधारमा आफ्नो अंश भागमा नपरेको जग्गा प्रतिवादी शिवप्रसाद शर्मा उपाध्यायले मिति २०६९।०१।२८ को मिलापत्रबाट कायम गराई सोही जग्गा मिति २०६९।०२।०१ को मिलापत्रबाट आफ्नो पत्नी बुद्धकुमारी खरेलको नाउँमा दा.खा. हुने गरी गरेको मिलापत्र र सोपश्चात्को काम कारबाहीसमेत बदर हुने गरी फैसला भएको देखिने।

आफ्नो सम्पत्तिको हकमा आघात परेमा कानूनले देवानी उपचारअन्तर्गत लिखत बदर मुद्दा र फौजदारी उपचारअन्तर्गत किर्ते जालसाजी मुद्दा दायर गर्न सक्ने गरी कानूनी व्यवस्था गरेको पाइन्छ। वादी भाष्करराज शर्माले देवानी उपचारअन्तर्गत दूषित मिलापत्र बदर दा.खा. दर्ता बदर मुद्दा र फौजदारी उपचारअन्तर्गत किर्ते जालसाजी मुद्दा सुरू बाँके जिल्ला अदालतमा दायर गरेको देखिन्छ । देवानी उपचारको माध्यमबाट वादीदाबीबमोजिम नै मिति २०६९।०२।०१ को मिलापत्र बदर भई वादीको सम्पत्तिको हक सुरक्षित हुन आएको छ। वादी प्रतिवादी उमानाथ उपाध्यायको नाति, केदारनाथ उपाध्यायको छोरा रही सहोदर दाजुभाइ भई अंश मुद्दा परी मिलापत्र भए पनि वादी भाष्करराज उपाध्याय अमेरिका गएको अवस्थामा आफूहरूबिच घर व्यवहार मिलाउन तथा परिआउने काम गर्न भनी विश्वास गरी २०० लिफासमेत दिएको देखिन्छ। साथै, कतिपय जग्गाहरू वादी भाष्करराज उपाध्याय र प्रतिवादी शिवप्रसाद शर्मा उपाध्यायको नाउँमा संयुक्त दर्तासमेत रहेको मिसिल संलग्न विभिन्न कागजबाट देखिन आएको छ। यस स्थितिमा वादी प्रतिवादी सहोदर दाजुभाइ भई अंश मुद्दा परी मिलापत्र भए पनि कतिपय व्यवहार संयुक्त रूपमा हुने गरेकै कारण अमेरिका जाँदा लिफासमेत छाडेको मा प्रतिवादी शिवप्रसाद शर्माले अबन्डा जग्गा बन्डा गरिपाउँ मुद्दा दायर गरी मिलापत्र गरी आफ्नो हक कायम गरी बुद्धकुमारी खरेललाई दिने गरी गरेको मिलापत्रसमेत बदर भएको अवस्थामा वादीको हक सुरक्षित रहेकै हुँदा प्रतिवादी शिवप्रसाद शर्मालाई किर्ते जालसाजीमा सजाय गर्नुपर्नेसम्मको नदेखिने।

वादीदाबी नपुग्ने गरी सुरू बाँके जिल्ला अदालतबाट भएको फैसला तत्कालीन पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२।०७।२३ मा सदर हुने गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :- कालिबहादुर साम्यू लिम्बू

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल असार ५ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७२-CR-२१७२, किर्ते जालसाजी, भाष्करराज उपाध्याय वि. शिवप्रसाद शर्मा उपाध्यायसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**१३**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०६६-CR-०८५६, दुष्परिणाम सच्याई जग्गाधनी प्रमाण पुर्जा स्रेस्ता रद्द गरेको, नारायणप्रसाद अर्याल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०६४।११।९ को निर्णयमा अनुचित कार्य दफा ३(क) कसुरमा तत्कालीनमा मालपोत कार्यालयमा प्रमुख लाई ५ वर्ष बढुवा रोक्का गर्नेसमेत कारबाही भएको छ । साथै अपुताली प्राप्ति गर्ने हिराकाजीको एक मात्र हकवाला अविवाहिता छोरीलाई पुष्परत्नले कर्तव्य गरी मारेको ठहरी सर्वोच्च अदालतबाट अन्तिम फैसला भएको देखिन्छ । हिराकाजीको सम्पत्ति अपुताली पाउने हकवालालाई नै कर्तव्य गरी मारेको भन्ने देखियो । यस्तो अवस्थामा हिराकाजीको जग्गा हकवालाको नाताले पुष्परत्नले नामसारी गरेको र हक हस्तान्तरण गरी एक कित्ता कि.न. ३१५ को क्षे.फ. १-०-१-३ जग्गा पुनरावेदक अरनिको बहुउदेश्यीय सहकारी संस्थालाई बिक्री गरेको देखियो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६४।११।९ मा दुष्परिणाम सच्याउने गरी पुष्परत्नले नामसारी गरेको मूल कार्य नै पूर्वअवस्थामा पुग्न जाने स्थिति रहेको छ । पुष्परत्नले अरू विभिन्न कित्ता जग्गा पनि नामसारी पनि गरेको र सोउपर निजको विशेष अदालतमा पुनरावेदन परेकोमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६४।११।९ को निर्णय सदर हुने ठहरी अन्तिम भएको पाइयो । मूलदाताको नै हक समाप्त भइसकेको र निजको हक नै नरहेको जग्गा हस्तान्तरण गरेको कामको पनि कानूनी अस्तित्व रहन जाने हुँदैन । अत: पूर्वअवस्थामा विवादित जग्गा रहने गरी दुष्परिणाम सच्याउने भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय सदर गर्ने गरेको विशेष अदालतको फैसला अन्यथा नदेखिने ।

विशेष अदालत काठमाडौंबाट मिति २०६६।८।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - लिलाधर सुवेदी

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०८० साल जेष्ठ २ गते रोज ३ शुभम ।

**१४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७१-CI-०२२५, हालैको बकसपत्र लिखत बदर हक सम्बन्धमा, देवीप्रसाद जैसी वि. लिलावती जैसीसमेत*

विपक्षीहरूले हामीहरू विदेशमा रहे बसेको अवस्थामा हाम्रो अंश हक मेट्ने उद्देश्यले विपक्षी आमा लिलावतीका नाउँमा रहेका खुर्कोट गा.वि.स. वडा नं. २ का कि.नं. १३१,२००,२०७, १२८,११५, ११४, ११६, १३०, १४६,१२०,१२१ र वडा नं.४ को कि.नं.२५४,९३७ समेतका १३ कित्ता जग्गा र.नं. १७६ मिति २०६३।५।१२ मा हाम्रो मन्जुरीबेगर कान्छी बुहारी लक्ष्मीदेवी जैसीलाई हालैको बकसपत्र लिखत पारित गरी लिनुदिनु भएको छ । उक्त कार्य मुलुकी ऐन अंशबन्डाको १९(३) नं. लेनदेन व्यवहारको १० नं. किर्ते कागजको ३ नं अनुसार जालसाजपूर्ण क्रियाकलापबाट पारित भएको छ । उक्त हालैको बकसपत्र लिखतको जम्मा रोपनी ९-११-१-३ मध्ये ४ भागको २ भाग जग्गाको सो हदसम्म दर्तासमेत बदर गरी हक कायम गरिपाउँ भन्नेसमेत बेहोराको फिरादपत्र । प्रतिवादी लक्ष्मीदेवी जैसीले मेरो सेवा गरी गुण लगाएकी हुँदा बकसपत्र गरेको हो । उक्त सम्पत्ति मेरो ज्ञान, सिप र प्रयासबाट आर्जित एवं बढे बढाएको सम्पत्तिबाट खरिद भएको हो । यसमा पैतृक सम्पत्ति परेको छैन । अंशबन्डाको १८, १९ नं. एवं स्त्री अंश धनको १,४,५, नं. समेतले त्यस्तो निजी सम्पत्ति हक हस्तान्तरण गर्दा सँगोलका अंशियारको मन्जुरी लिनु नपर्ने व्यवस्था छ । उक्त व्यवस्थाबमोजिम लक्ष्मीदेवी जैसीलाई हालैको बकसपत्र गरी लिनु दिनु गरेको हो । हालैको बकसपत्र लिखत कायम राखी फिराद

दायर गर्दा वादीबाट राखेको कोर्ट फी जफत गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादीहरूको संयुक्त प्रतिउत्तर पत्र परेको देखिने।

यिनै वादी र प्रतिवादीहरूको बिचमा पर्वत जिल्ला अदालतमा मिति २०६९।६।५ मा नै अंश मुद्दा दर्ता भएको देखिन्छ। सो अंश मुद्दामा प्रस्तुत मुद्दाको विवादित जग्गाहरू पनि यिनै प्रतिवादी लिलावतीसमेतले निजी आर्जनको भनी मिति २०६९।११।१४ मा तायदाती पेस गरेको पनि देखियो। अंशियारहरूको बिचमा नै जग्गाहरू हक छाडिदिएको र अरू सम्पत्तिसमेत बन्डा गर्नुपर्ने भनी अंश मुद्दामा तायदाती फाँटवारी माग भई पेससमेत भएको भन्ने देखियो। तर वादीले कोर्टफी नराखेको कारण मिति २०७०।३।५ मा सो अंश मुद्दा मुलतबीमा राखिएको भन्ने पनि देखियो। उक्त अंश मुद्दामा प्रतिवादीहरूको नाउँको जग्गाहरू मिति २०६९।६।१७ मा रोक्का राख्ने आदेश भएको देखियो। यसै क्रममा मिति २०६३।०५।१२ मा पारित भएको प्रस्तुत हालैको बकसपत्रको लिखत बदर गराइपाउँ भनी वादीले मिति २०६३।०५।१२ मा प्रस्तुत मुद्दाको फिराद पत्र दर्ता गरेको देखियो। यसरी एकातर्फ यिनै वादी प्रतिवादीहरूका बिच चलेको ०६९-CP- ००१२ नं. को अंश मुद्दा सुरू पर्वत जिल्ला अदालतमा मुलतबीमा रही प्रस्तुत विवादित लिखतको जग्गाहरू बन्डा लाग्ने वा नलाग्ने भन्ने विषय विचाराधीन अवस्थामा रहेको छ भने अर्कोतर्फ प्रस्तुत मुद्दा तह तह हुँदै यस अदालतसम्म आइपुगेको अवस्था छ। सो अंश मुद्दामा वादीले कानूनबमोजिम मुद्दालाई अघि बढाउन कारबाहीमा सहयोग नगरेको खण्डमा अनन्तकालसम्म प्रतिवादीहरूको नाउको जग्गा रोक्का राखी राख्ने कार्य उपर्युक्त हुँदैन, फुकुवा गरिदिनुपर्ने हुँदा यस सम्बन्धमा पनि सुरू जिल्ला अदालतले हेरी बुझी निर्णय गर्नुपर्ने।

लगाउको जालसाजी मुद्दा र प्रस्तुत लिखत बदर मुद्दाको मात्र फैसला गरी अंश मुद्दा बाँकी राखी पर्वत जिल्ला अदालतबाट मिति २०७०।३।५ मा भएको फैसला र पुनरावेदन अदालत बागलुङ्गबाट मिति २०७१।३।११ मा भएको फैसला न्यायको रोहमा नमिलेको हुँदा बदर गरिदिएको छ। अब उपस्थित पक्षहरूलाई तारेख तोकी उक्त अंश मुद्दासमेत मुलतबीबाट जगाई लगाउको जालसाजी र प्रस्तुत लिखत बदर मुद्दाहरूसमेत एकै साथ राखी मिसिल प्राप्त भएको मितिले ४ महिनाभित्र अनिवार्य रूपमा फैसला गर्नु भनी पर्वत जिल्ला अदालतमा मिसिल पठाइदिने।

इजलास अधिकृत :- लिलाधर सुवेदी

कम्प्युटर :- राधिका घोरासाइने

इति संवत् २०८० साल जेठ २ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७१-CR-०२५५, जालसाजी, देवीप्रसाद जैसी वि. लिलावती जैसीसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## १५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७५-RB-०६२४, आयकर (आ.वं.२०६६।०६७), रत्नराज बज्राचार्य वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंसमेत*

कर कट्टी गर्नुपर्ने रकम फरक परेको एवं अग्रिम कर कट्टी गर्न छुट भएको अवस्थामा आयकर ऐन, २०५८ को दफा ११९(३) को अग्रिम कर कट्टी गरेको रकम वा अग्रिम कर कट्टी नगरेको भए पनि कट्टी गर्नुपर्ने समयमा सो कर कट्टी गरेको मानिने रकम भुक्तानी गर्ने अग्रिम कर कट्टीबापतको रकम दाखिला नगरेमा ब्याज लाग्ने भन्ने व्यवस्था रहेको छ। तसर्थ, उक्त शीर्षकहरू कर्मचारीलाई कम ब्याज लिएको, कमिसन र डिस्काउन्ट र Professional Fees सँग सम्बन्धित अग्रिम कर कट्टीबापतको रकममा आयकर ऐन, २०५८ को दफा ११९(३) बमोजिम ब्याजसमेत लाग्ने राजस्व न्यायाधिकरणको फैसला अन्यथा रहेको नदेखिने।

करदाताको Own Your Vehicle Scheme अन्तर्गतको सवारी साधनको ह्रास खर्च कट्टी रू.७२,४४,८१६।२३ दिन नमिल्ने, सो

स्किमअन्तर्गतको सवारी साधनहरूको इन्स्योरेन्स खर्च रू.२,८६,१७९।-, सवारी साधन कर खर्च रू.१,१९,७३५।-, इन्धन खर्च रू.११,२८,३२०।- खर्च कट्टी दिन नमिल्ने, Corporate Social Responsibility/ Donation मा रू.१,१९,१४२।- खर्च कट्टी नपाउने, अग्रिम कर कट्टीतर्फ कर्मचारीबाट कम ब्याज लिएको रू.७,७५०।- मा कर कट्टी नपाउने, कमिसन र डिस्काउन्टतर्फ रू.३,१५,५९५।- कर कट्टी नपाउने, Professional Fees खर्चतर्फ रू.१,२३,९२५।- कर कट्टी नपाउने हुँदा आयकर ऐन, २०५८ को दफा ११९(३) बमोजिम को ब्याज र दफा १२०(क) बमोजिमको शुल्कसमेत लाग्ने गरी सुरू ठुला करदाता कार्यालयबाट मिति २०७१।०६।३१ मा भएको निर्णयमा Corporate Social Responsibility/ Donation र अग्रिम कर कट्टीको हकमा पुनः निर्णय गर्न कर कार्यालयमा पठाउने र अन्यको हकमा सदर हुने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।१०।१७ मा गरेको निर्णयमा राजस्व न्यायाधिकरण काठमाडौंबाट अग्रिम कर कट्टिको हकमा आयकर ऐन, २०५८ को दफा १२०(क) को शुल्क नलाग्ने र अन्यको हकमा सुरू निर्णय सदर गर्ने गरी राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०७४।०४।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :- कालिबहादुर साम्यु लिम्बु
कम्प्युटर :- विकेश गुरागाई
इति संवत् २०८० साल आषाढ ६ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- ०७५-RB-०६२५, आयकर (आ.वं.२०६७/०६८), रत्नराज बज्रचार्य वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंसमेत।
- ०७५-RB-०६२६, आयकर (आ.वं.२०६८/०६९), रत्नराज बज्रचार्य वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंसमेत।

## १६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७६-CR-०३३९, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. लक्ष्मण चौधरीसमेत*

प्रस्तुत वारदातको तथ्यगत अवस्था हेर्दा, पीडित लुमासिंह बस्नेत र प्रतिवादीहरूका बिच पूर्वरिसइवी रहे नरहेको, निजलाई मार्नुपर्नेसम्मको कारण रहे नरहेको र वारदात घटित गर्न पूर्वतयारी गरे नगरेकोसमेतका अवस्थाहरू विवेचना गरी हेर्नुपर्ने देखियो। यस सन्दर्भमा, पीडितका पिता जाहेरवाला गोवर्धन बस्नेतले दिएको जाहेरी दरखास्तमा पनि यी प्रतिवादीहरूले पीडितलाई मरणासन्न हुने गरी कुटपिट गरेको भन्ने उल्लेख गरेको भए पनि सोको कारण खुलाउन सकेको पाइँदैन। अनुसन्धानको क्रममा पीडितले गरेको कागज बेहोरा हेर्दा पनि निजलाई प्रतिवादीमध्येका शोभाराम चौधरीले एक्कासि मुड्कीले चण्डीमा (निधारमा) हानी भुइँमा लडाएपछि अरू प्रतिवादीहरूले कुटपिट गरेको भन्ने उल्लेख छ। यसरी एक्कासि चण्डीमा (निधारमा) मुड्कीले हिर्काएको भन्ने कुराबाट मात्रै पनि निजलाई मार्ने नियतले कुटपिट गरेको भन्ने नखुल्ने।

मूलतः ज्यान मार्ने उद्योगको कसुर स्थापित हुन ज्यान मार्नेसम्मको मनसाय, इवी, योजना र कार्य जस्ता अपराधका पूर्वतत्त्व र चरणहरू घटित भएको तर तेस्रो पक्षको हस्तक्षेप अथवा अन्य कुनै कारणबश पीडितको मृत्युसम्म हुन नसकेको अवस्थाको पुष्टि भएको हुनुपर्छ। तर प्रस्तुत वारदातमा चौधरीहरूको पर्व माघीको उपलक्ष्यमा खानपिनको लागि यी घाइते स्वयम् सरिक भई प्रतिवादीहरूसँग गई रक्सी सेवन गरिरहेको अवस्थामा प्रतिवादीहरूमध्येका शोभाराम चौधरीले एक्कासि मुड्कीले हिर्काएको भन्ने देखिन्छ। यसरी सँगै बसी रक्सी खाइरहेको अवस्थामा भएको कुटपिटको कारणबाट मात्र प्रतिवादीहरूले पीडितको

ज्यान लिनेसम्मकै मनसाय र कार्य भए गरेको पुष्टि हुने पर्याप्त र ठोस प्रमाण खुल्न आएको नदेखिने।

प्रतिवादीहरू लक्ष्मण चौधरी, जीवन चौधरी, राजमान चौधरी र शोभाराम चौधरीको हकमा ज्यान मार्ने उद्योगको कसुरमा अभियोग दाबी नपुग्ने हुँदा कुटपिटमा परिणत गर्ने हदसम्म सुरू दाङ जिल्ला अदालतको फैसला मिलेकै रहेको भनी उच्च अदालत, तुलसीपुरबाट मिति २०७५।०१।०४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मनिता गुरुङ

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल वैशाख २९ गते रोज ६ शुभम्।

**१७**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७१-CI-००१३, ०७०-CI-११४३, जग्गा दर्ता हक कायम, शिवबहादुर कार्की वि. दुर्गादेवी थापासमेत, दुर्गादेवी थापासमेत वि. शिवबहादुर कार्की*

वादी प्रतिवादीहरूको हकको स्रोत साबिक कि.नं. एउटै रहेको तथ्यमा विवाद देखिएन । सोही स्रोतबाट वादी प्रतिवादीले प्रत्येक कित्ता नम्बरहरूबाट दाबी गरेको भन्ने देखियो । विवादित जग्गाहरूमा खोला पसी नदी उकासमा परेको भन्ने देखिन आएकोले साबिक कित्ताको स्वरूप क्षेत्रफल र चार किल्ला मिल्न भिड्न सक्ने अवस्था भएन । साबिक कुन कित्ता नम्बरमध्येको कति क्षेत्रफल वादी दाबीको कुन कित्तामा परेको छ भनी मापन गर्ने वस्तुनिष्ठ आधारसमेत रहे भएको देखिएन । नदीबाट उकास भएको क्षेत्रफल सम्पूर्ण आफ्नो राजीनामाभित्रको जग्गा हो भनी जिकिर लिने पक्षले सो कुरा तथ्यपूर्ण एवं विश्वसनीय प्रमाणबाट स्थापित गर्नुपर्नेमा त्यसलाई समर्थन गराउने कुनै स्पष्ट, वस्तुनिष्ठ र भरपर्दो प्रमाण पुनरावेदक वादीले पेस गर्न सकेको अवस्था देखिँदैन। नदी उकासमा भएको जग्गामध्ये नापीको फिल्डबुकमा नरेन्द्रबहादुरको नम्बरी भनी कैफियतमा जनिएको र विवादित जग्गाको साबिक स्रोत एउटै रहेको स्थितिमा विवादित जग्गाहरूमा खोला पसी बगर भएको र पछि नदी उकास हुँदा यी पुनरावेदक वादीको मात्र उकास भएको भनी अनुमान गर्नु केवल आत्मनिष्ठ अनुमान हुन्छ। यस स्थितिमा मुद्दाको तथ्य एवं माथि उल्लिखित आधार कारणहरूलाई विचार मूल्याङ्कन गर्दा वादी दाबीको कि.नं. १, २, ६९ र ७२ को सम्पूर्ण क्षेत्रफललाई समन्यायिक सिद्धान्तको दृष्टिले हक कायम गरिदिँदा न्यायोचित हुने देखियो। तसर्थ, नदी उकास भएको जग्गा समानुपातिक रूपमा हक कायम हुने गरी ठहर भएको पुनरावेदन अदालत राजविराजको फैसला मिलेको देखिँदा अन्यथा गरिरहन नपर्ने।

रैती जगतबहादुर थापाले मिति २०१६।१२।२० मा प्रगन्ना भडौरा मौजे मोहनपुर साबिक कि.नं. २३, २४, २७, ७२, ७३, ८१, ८२, ८३, ८४ समेत ९ कित्ताको कूल क्षेत्रफलमध्ये जेठी भाउजू मिनकुमारी थापा (क्षेत्री), माहिला दाई देवीबहादुर थापा, छोरा नरेन्द्रबहादुर थापा र कान्छा भाइका छोराकी श्रीमती दुर्गादेवी थापा हरेकलाई ज.वि. १६-११-२ बकसपत्र गरिदिएको देखियो। सोही साबिक कि.नं. बाट मिनकुमारी थापाले यी पुनरावेदक वादी भक्तकुमारी कार्कीलाई राजीनामा गरिदिएको समेत देखियो । नदी उकासमा भएको जग्गामध्ये नापीको फिल्डबुकमा नरेन्द्रबहादुरको नम्बरी भनी कैफियतमा जनिएको र विवादित जग्गाको साबिक स्रोत एउटै रहेकोमा विवाद देखिएन । यस स्थितिमा विवादित जग्गाहरूमा खोला पसी बगर भएको र पछि नदी उकास हुँदा यी पुनरावेदक वादीको राजीनामाभित्रको जग्गा मात्र उकास भएको भनी पुष्टि हुने वस्तुनिष्ठ एवं भरपर्दो सबुद प्रमाणको अभावमा केवल पुनरावेदक वादीले लिएको पुनरावेदन जिकिरको आधारमा वादी दाबी पुग्ने ठहर गर्नु न्यायको रोहमा मिल्ने देखिएन । यस स्थितिमा नदी उकास भएको जग्गामा समन्यायिक सिद्धान्तको दृष्टिले हक कायम गरिदिँदा नै न्यायोचित हुने देखियो। तसर्थ सुरू सप्तरी जिल्ला अदालतबाट ज.वि. १२-१२-७ को हदसम्म दाबी पुग्ने ठहऱ्याएको

फैसला केही उल्टी भई दाबीको कि.नं. १,२,६९,७२ को कूल क्षेत्रफलमध्ये समानुपातिक रूपले वादीको हक पुग्ने क्षेत्रफल ६-७-१० को हदसम्म वादीको हक कायम हुने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको मिति २०७०।११।१२ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत :- सबिनकुमार थिङ तामाङ

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०८० साल साउन १६ गते रोज ३ शुभम्।

**१८**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७३-WO-०९२६, उत्प्रेषणसमेत, दिपक श्रेष्ठसमेत वि. डिभिजन सडक कार्यालय, हेटौंडा मकवानपुरसमेत*

महेन्द्र राजमार्ग तथा त्रिभुवन राजमार्गमा जोडिएका निवेदन दाबीका घरहरू कहिले निर्माण भएको भन्ने मिसिलबाट खुल्न नआए तापनि निर्माण भएको लामो समय व्यतीत भइसकेको भन्ने निवेदन दाबी छ। नेपालको संविधानले प्रत्येक नागरिकलाई उपर्युक्त आवासको हक हुने कुराको प्रत्याभुत गरेको पाइन्छ। सार्वजनिक हितको लागि सडक विस्तार गर्दा निवेदकहरूका घरबास भत्काउनुपर्ने अवस्था आएमा धारा ३७(२) मा उल्लेख भएअनुसार "कानूनबमोजिम मात्र" भत्काउन सकिने देखिन्छ । निवेदकहरूले दाबीका घरहरू अनधिकृत रूपमा निर्माण गरेको पुष्टि भएमा बाहेक संविधानको धारा ३७(१) ले ग्यारेन्टी गरेको आवासको हकबाट निवेदकहरूलाई वञ्चित गर्न वा बसोबास गरिरहेको आवासबाट अमानवीय ढङ्गले निजहरूलाई हटाउन मिल्ने पनि नदेखिने।

संविधानको धारा २५(२) बमोजिम "सार्वजनिक हितको लागि" जग्गा प्राप्ति गर्दा पनि प्राप्त गरिने जग्गामा बसोबास गर्ने नागरिकहरू आवासको हकबाट वञ्चित हुन नपर्ने वा निजहरूले वैकल्पिक आवासको व्यवस्था गर्न सक्ने गरी कानूनबमोजिम उचित क्षतिपूर्ति प्रदान गर्नु न्यायोचित हुन्छ। हक नै सिर्जित नभएको स्थितिमा पनि नागरिकलाई आवास वा बासस्थानबाट हटाउँदा राज्यले आधारभूत मानवीयता नदेखाई आवासको हकमा असर पर्ने गरी कार्य गर्नु हुँदैन। व्यक्तिको सम्पत्तिमा क्षति पुग्न जाने देखिएमा राज्यले उचित र पर्याप्त क्षतिपूर्ति दिएर सडक विस्तारलगायतका कार्यहरू गर्नु मनासिब हुने।

डिभिजन सडक कार्यालय हेटौंडाबाट मिति २०७३।०९।१८ मा प्रकाशित सूचनामा सार्वजनिक सडक ऐन, २०३१ को दफा १९ विपरीत निर्माण गरिएका महेन्द्र राजमार्गमा जोडिएका घरहरू १५ दिनभित्र हटाउनु भन्नेसमेत बेहोरा उल्लेख भएको पाइन्छ । सो संरचना हटाउने सूचना जारी गर्नुपर्ने कारण सडक विस्तारसँग सम्बन्धित रहेको भन्ने प्रत्यर्थीहरूको लिखित जवाफबाट देखिन्छ। राजमार्ग (निर्माण व्यवस्था) ऐन, २०२१ अनुसार तत्कालीन श्री ५ को सरकारबाट मिति २०२१।११।११ मा प्रकाशित सूचनाबमोजिम "राजमार्ग क्षेत्र" सडकको केन्द्र रेखाबाट दायाँ बायाँ २५।२५ गज जग्गाको हकमा उक्त ऐनको दफा ५ को प्रतिबन्धात्मक वाक्यांशको अवस्थामा बाहेक क्षतिपूर्ति पाउने स्थिति हुँदैन। तर २५ गज अर्थात् ७५ फिटभन्दा बाहिरपर्ने सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ तथा ३(क) बमोजिम नेपाल सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित मिति २०३४।०३।२० को सूचनाद्वारा थप गरिएको सडक सीमाको हकमा त्यस्तो जग्गा कानूनबमोजिम प्राप्त गरेर मात्र सडक विस्तार गर्न सकिने।

प्रस्तुत विवादमा यी रिट निवेदकहरूका घरजग्गाको हकमा सडकको केन्द्र रेखाको दायाँ बायाँ २५।२५ गज अर्थात् ७५ फिट बाहिरपर्ने हो वा होइन भन्ने विषयमा जाँचबुझ गरी सडकको केन्द्र रेखादेखि दायाँ बायाँ ७५ फिटबाहिर २५ मिटर नपुगेसम्म अर्थात् ७ फिटको फासलामा पर्ने घर जग्गाको हकमा कानूनबमोजिमको प्रक्रिया पूरा गरी क्षतिपूर्ति प्रदान गरी प्राप्ति गर्ने कार्य गर्नु र ७५ फिटभित्र निर्मित घरको हकमा पनि नक्सा पास गर्दा के सर्तमा पास भएको रहेछ

सो कुरासमेतलाई हेरी घर नै भत्काउनुपर्ने अवस्थामा मानवीय दृष्टिकोणबाट उचित रकमसमेत थप प्रदान गरेर मात्र भत्काउने कार्य गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत : कृतिबहादुर बस्नेत

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल आषाढ २६ गते रोज ३ शुभम्।

१९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७३-WO-०८७३, उत्प्रेषणसमेत, गोविन्द गोर्खालीसमेत वि. सडक विभाग मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय, डिभिजन सडक कार्यालय, हेटौंडा मकवानपुरसमेत*

महेन्द्र राजमार्गमा जोडिएका निवेदन दाबीका घरहरू कहिले निर्माण भएको भन्ने मिसिलबाट खुल्न नआए तापनि निर्माण भएको लामो समय व्यतीत भइसकेको भन्ने निवेदन दाबी छ । संविधानले प्रत्येक नागरिकलाई उपर्युक्त आवासको हक हुने कुराको प्रत्याभूति गरेको देखिँदा सार्वजनिक हितको लागि सडक विस्तार गर्दा निवेदकहरूका घरबास भत्काउनुपर्ने अवस्था आएमा धारा ३७(२) मा उल्लेख भएअनुसार "कानूनबमोजिम मात्र" भत्काउन सकिने देखिन्छ । निवेदकहरूले दाबीका घरहरू अनधिकृत रूपमा निर्माण गरेको पुष्टि भएमा बाहेक संविधानको धारा ३७(१) ले ग्यारेन्टी गरेको आवासको हकबाट निवेदकहरूलाई वञ्चित गर्न वा बसोबास गरिरहेको आवासबाट अमानवीय ढङ्गले निजहरूलाई हटाउन मिल्ने पनि नदेखिने।

डिभिजन सडक कार्यालय हेटौंडाबाट मिति २०७३।०९।१८ मा प्रकाशित भएको सूचनामा सार्वजनिक सडक ऐन, २०३१ को दफा १९ विपरीत निर्माण गरिएका महेन्द्र राजमार्गमा जोडिएका घरहरू १५ दिनभित्र हटाउनु भन्नेसमेत बेहोरा उल्लेख भएको पाइन्छ । सो संरचना हटाउने सूचना जारी गर्नुपर्ने कारण सडक विस्तारसँग सम्बन्धित रहेको भन्ने प्रत्यर्थीहरूको लिखित जवाफबाट देखिन्छ । राजमार्ग (निर्माण व्यवस्था) ऐन, २०२१ अनुसार तत्कालीन श्री ५ को सरकारबाट मिति २०२१।११।११ मा प्रकाशित सूचनाबमोजिम "राजमार्ग क्षेत्र" सडकको केन्द्र रेखाबाट दायाँ बायाँ २५।२५ गज जग्गाको हकमा उक्त ऐनको दफा ५ को प्रतिबन्धात्मक वाक्यांशको अवस्थामा बाहेक क्षतिपूर्ति पाउने स्थिति हुँदैन । तर २५ गज अर्थात् ७५ फिटभन्दा बाहिरपर्ने सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ तथा ३(क) बमोजिम नेपाल सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित मिति २०३४।०३।२० को सूचनाद्वारा थप गरिएको सडक सीमाको हकमा त्यस्तो जग्गा कानूनबमोजिम प्राप्त गरेर मात्र सडक विस्तार गर्न सकिने हुने।

प्रस्तुत विवादमा पनि यी रिट निवेदकहरूका घरजग्गाको हकमा सडकको केन्द्र रेखाको दायाँ बायाँ २५।२५ गज अर्थात् ७५ फिट बाहिरपर्ने हो वा होइन भन्ने विषयमा जाँचबुझ गरी सडकको केन्द्र रेखादेखि दायाँ बायाँ ७५ फिटबाहिर २५ मिटर नपुगेसम्म अर्थात् ७ फिटको फासलामा पर्ने घर जग्गाको हकमा कानूनबमोजिमको प्रक्रिया पूरा गरी क्षतिपूर्ति प्रदान गरी प्राप्ति गर्ने कार्य गर्नु र ७५ फिटभित्र निर्मित घरको हकमा पनि नक्सा पास गर्दा के सर्तमा पास भएको रहेछ सो कुरासमेतलाई हेरी घर नै भत्काउनुपर्ने अवस्थामा मानवीय दृष्टिकोणबाट उचित रकमसमेत थप प्रदान गरेर मात्र भत्काउने कार्य गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत : कृतिबहादुर बस्नेत

कम्प्युटर :- राधिका घोरासाइने

इति संवत् २०८० साल आषाढ २६ गते रोज ३ शुभम्।

**२०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७४-WO-०२५६, उत्प्रेषण, जैनुद्धिन अनसारी वि. नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत*

निवेदक कलेज सञ्चालन रहेको भनिएको

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३२ को कि.नं. २४४७ समेतका जग्गामा संयुक्त आवास भवनअन्तर्गत ३७ आवास इकाइको भवन निर्माण एवं बिक्री वितरण गर्ने गरी श्री इन्टरनेसनल हाउजिङ्ग प्रा.लि लाई काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समिति काठमाडौंले मिति २०६५।११।२५ मा Planning Permit दिएको देखिन्छ। काठमाडौं उपत्यका प्राधिकरणबाट ३७१२, संयुक्त आवासको लागि प्लानिङ परमिट मिति २०६५।११।१५ मा प्राप्त गरेको तर अस्पताल प्रयोजनको लागि प्लानिङ र अनुमति प्रदान गरेको छैन भन्ने देखियो। साथै मेडिकल कलेजको सम्बन्धनसँग अस्पताल पनि अन्तरसम्बन्ध हुने हुन्छ। ३०० बेडको अस्पताल भएको भन्ने अनिवार्य सर्त रहेको हुन्छ र अस्पतालको लागि मापदण्ड स्वास्थ्य मन्त्रालयबाट निर्धारण गरेको अनुसार हुन्छ । तर निवेदकले अस्पतालको लागि त्यसको मापदण्डअनुसार कार्य गर्न स्वास्थ्य मन्त्रालयबाट विधिवत् स्वीकृत प्राप्त गरेको छैन भन्ने स्वास्थ्य मन्त्रालयको पत्रबाट देखिएको अवस्थामा रिट निवेदकको दाबी मनासिब नदेखिने।

निजी क्षेत्रमा मेडिकल कलेज सञ्चालन सम्बन्धमा त्रिभुवन विश्वविद्यालयबाट निर्धारित Norms and Standards पूरा नगरेको, फरक प्रयोजनका लागि निर्माण गरिएको भवनमा कलेज सञ्चालन रहेको अवस्था एवं, त्रिभुवन विश्वविद्यालय सम्बन्धनसम्बन्धी विनियम, २०७३ को नियम २८ मा सम्बन्धन स्थगन वा खारेजीसम्बन्धी प्रचलित व्यवस्थासमेतको आधार र चिकित्साक्षेत्र आम नागरिकको चासो र सरोकार जोडिएको अत्यन्त संवेदनशील विषय भएको सन्दर्भमा मेडिकल कलेजको सम्बन्धनसम्बन्धी विषयमा एउटा सुस्पष्ट वैज्ञानिक तथा आम जनताको स्वास्थ्यका दृष्टिले आवश्यक नीति तथा कानून निर्माण गरी निर्णय हुनुपर्दछ। यो राज्यको सार्वजनिक नीतिसम्बन्धी विषय पनि हो। गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने जनताको हकलाई कुण्ठित हुन पुग्ने सम्भावना रहनेसमेतका अवस्थालाई दृष्टिगत गर्दा निवेदकको मागबमोजिम उत्प्रेषण तथा परमादेशका आदेशसमेत जारी गरिरहनुपर्ने अवस्था विद्यमानता नदेखिने।

उत्प्रेषणयुक्त परमादेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्छ। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : लिलाधर सुवेदी

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल चैत्र २३ गते रोज ५ शुभम्।

- यसै लगाउको ०६९-WO-०२०८, उत्प्रेषणसमेत, श्रीप्रसाद पण्डित वि. नेसलन मेडिकल कलेज कम्पनी प्रा. लि. वीरगन्ज, पर्सासमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## २१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७३-CI-०४३५, मोही हक नामसारी, फेरन काँदु वि. बाँके जिल्ला, नेपालगन्ज उपमहानगरपालिका, वडा नं.१, धम्बोझी स्थित श्री शिव शंकर जी पार्वती मन्दिर*

यस अदालतको मिति २०७४।११।१५ को आदेशानुसार भूमि सुधार कार्यालय, बाँकेबाट च.नं.१७८९, मिति २०७४।१२।२२ को पत्रसाथ प्राप्त भएको वादी कुवारादेवी काँदु र प्रतिवादी शिव शंकरजी पार्वती मन्दिर भएको संवत् २०६४ सालको दा.नं. २०४१ भएको मोही हक नामसारी मुद्दा र वादी शिव शंकरजी पार्वती र प्रतिवादी कुवारादेवी काँदु भएको २०७० सालको दा.नं.१४६० को मोही लगत कट्टा मुद्दाकोसमेत २ थान मुद्दाको सक्कल मिसिल प्रप्त भई मिसिल सामेल रहेको पाइन्छ। भूमि सुधार कार्यालय, बाँकेमा २०७० सालको द.नं.१४६० को मोही लगत कट्टा गरिपाउँ भनी प्रत्यर्थी शिव शंकरजी पार्वती मन्दिरले दायर गरेको मुद्दामा विवादित जग्गाको लगत कट्टा हुने ठहरी मिति २०७१।०५।२० मा

निर्णय भएको देखियो। सो निवेदनउपर पुनरावेदकको भाउजू कुवारादेवी काँदुले तत्कालीन पुनरावेदन अदालत नेपालगन्जमा पुनरावेदन गरेको देखियो । ०७०-DP-००६२ को मोही लगत कट्टा मुद्दामा भूमि सुधार कार्यालय, बाँकेबाट विवादित जग्गाको मोहीको लगत कट्टा हुने गरी भएको निर्णय सदर हुने गरी मिति २०७१।११।२६ मा फैसला भएको देखियो। तत्कालीन पुनरावेदन अदालत नेपालगन्जको उक्त फैसलाउपर यस अदालतमा वादी कुवारादेवी काँदुको मुद्दा दोहोऱ्याइपाउँ निवेदन तथा पुनरावेदन दायर भएको नदेखिँदा सो फैसला अन्तिमसमेत भएको देखिने।

पुनरावेदक वादी फेरन काँदुको भाउजू कुवारादेवि काँदुले मिति २०६४।०५।२६ मा यिनै प्रत्यर्थी शिव शंकरजी पार्वतीउपर प्रस्तुत मुद्दामा दाबी लिएकै जग्गाहरूको सुरू भूमि सुधार कार्यालय, बाँकेमा मि.नं.२०४१ को मोही हक नामसारी मुद्दा दायर गरेको देखिन्छ। उक्त मुद्दाको फिराद दाबीमा वादी कुवारादेवी काँदुले दाबीको जग्गाको मोही फौजदार काँदुको तीन भाइ छोराहरू जेठो भलई काँदु, माइलो ओरिलाल काँदु र कान्छो फेरन काँदु हो भन्ने बेहोरा उल्लेख गरेको पाइन्छ। सो मुद्दामा यी पुनरावेदक वादी पुस्तेवारीभित्र समेटिएकै देखिन्छ । उक्त निर्णय अन्तिम भइरहेको समेत देखिने।

वस्तुतः यिनै विवादित कित्ता जग्गाहरूउपर पुनरावेदक वादीको भाउजू कुवारादेवी काँदुले मोही हक नामसारी मुद्दा दिई सो मुद्दामा मोही हक नामसारी नहुने ठहर भई फैसला अन्तिम भएको देखिन्छ। यिनै दाबीको जग्गाको मोही लगत कट्टा हुने गरी प्रत्यर्थी शिव शंकरजी पार्वती मन्दिरले वादीको भाउजू कुवारादेवी काँदु विरुद्ध दायर गरेको मोही लगत कट्टा मुद्दामा मोही लगत कट्टा हुने ठहर भई सो फैसलासमेत अन्तिम भइरहेको देखिन्छ । यस मुद्दामा मोही नामसारी गर्नेहरूको हकवाला वादी फेरन काँदु आएको भए पनि सोही मोही लगत कट्टा हुने भनी अन्तिम निर्णय भएको हुँदा मोही लगत नै कट्टा भइसकेको विवादित जग्गाको मोही नामसारी नै हुन सक्ने देखिएन।

वादीदाबी खारेज हुने ठहर गरेको सुरू भूमि सुधार कार्यालय, बाँकेको फैसला सदर हुने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत नेपालगन्जको मिति २०७१।११।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :- कालिबहादुर साम्यु लिम्बु

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल असार ४ गते रोज २ शुभम्।

**२२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-CR-१३२३, जालसाजी, मछरीमैया प्रधानाङ्ग (जोशीसमेत) वि. अमर जोशीसमेत*

दाबीको कि.नं. १२७२ को जग्गाको हक हस्तान्तरण भएको र.नं. १३८४(ग) मिति २०६८।१०।१७ को पारित राजीनामा लिखतलाई जालसाजी घोषित गर्नुपर्ने देखिन्छ वा देखिदैन भन्ने प्रश्नको सम्बन्धमा विचार गर्दा, मुलुकी ऐन, किर्ते कागजको महलको ३ नं. मा "अर्काको हक मेट्ने, हदम्याद तारिख जाने वा कुनै तरहसँग नोक्सान पार्ने इत्यादि जुनसुकै मतलबले होस् नगरे नभएको झुट्टा कुरा गरे भएको भनी वा मिति अङ्क वा बेहोरा फरक पारी सहीछाप गरी गराई कागज बनाए वा बनाउन लगाएमा समेत जालसाजी गरेको ठहर्छ" भन्ने कानूनी व्यवस्था गरिएको पाइन्छ । यो कानूनी व्यवस्थाबाट अर्काको हक मेट्ने वा कुनै पनि किसिमबाट अर्कालाई हानि नोक्सानी पर्ने गरी कागज खडा गर्ने, नगरे नभएको झुट्टा रीतबाट कागज खडा गर्नेजस्ता कार्यहरूलाई जालसाजी भनी परिभाषित गरिएको देखिने।

मुलुकी ऐन, लेनदेन व्यवहारको महलको १० नं. मा "अंश नभएका अंशियारले सगोलको अचल सम्पत्ति बेचबिखन गर्दा वा कुनै किसिमले हक छाडिदिँदा ऐनले आफूखुसी गर्न पाउने अरुको

मन्जुरी लिनु नपर्नेमा बाहेक अरूमा एकाघरसँगका अंशियार सबै साक्षी बसेको वा निजहरूको मन्जुरीको लिखत गरिदिएको भए मात्र पक्का ठहर्छ। साक्षी पनि नबसेको र मन्जुरीको लिखत पनि नभए मन्जुर नहुनेले रजिस्ट्रेसन भएको मितिले एक वर्षसम्ममा थाहा पाएको पैँतिस दिनभित्र उजुर गर्‍यो र निजको मन्जुरी ठहरिएन भने निजको हक जति सो सम्पत्ति निजलाई फिर्ता दिनुपर्छ" भन्ने व्यवस्था रहेको देखिने।

किर्ते कागजको महलको ३ नं. र लेनदेन व्यवहारको महलको १० नं. मा भएको उल्लिखित कानूनी व्यवस्थाको रोहमा प्रस्तुत मुद्दाको विवादलाई हेर्दा, वादीहरूलाई प्रतिवादीहरू अमर जोशीसमेतले इज्जत आमदअनुसार खान लाउन नदिई घरबाट निकाला गरी माइती/मावलीमा बस्न बाध्य पारिएको अवस्थामा निजहरूको अंश हकमा असर पार्ने, हक मेट्ने नियतबाट जानी जानी वादीहरूको मन्जुरी नलिई किनं. १२७२ को जग्गा प्रतिवादीहरूबिच एक आपसमा राजीनामा हक हस्तान्तरण गरेको देखिने।

दाबीको र.नं. १३८४(ग) मिति २०६८।१०।१७ को लिखतबाट हक हस्तान्तरण भएको जग्गाको ४ भागको १ भागबाट ६ भागको २ भाग लिखत जालसाजी घोषित गरी बदर गर्नुपर्नेमा दाबी नै नपुग्ने ठहर भएको उच्च अदालत पाटनको मिति २०७४।०२।२३ को फैसला मिलेको नदेखिँदा उल्टी भई बादीहरूको अंश हक पुग्ने हदसम्मको ४ भागको १ भागबाट ६ भागको २ भाग सो पारित लिखत जालसाजी घोषित भई सो हदसम्म निष्क्रियसमेत हुने ठहर्छ। प्रस्तुत मुद्दाबाट दाबीको लिखत जालसाजी घोषित भई वादीहरूको अंश हक स्थापित भएकोले जालसाजीको कसुर गरेतर्फ सजाय नगर्दा पनि न्यायको मक्सद पूरा हुने।

इजलास अधिकृत : नारायण पौडेल
कम्प्युटर : विकेश गुरागाई
इति संवत् २०८० साल जेठ २८ गते रोज १ मा शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- ०७४-CI-०९३६, दूषित राजीनामा लिखत बदर दर्ता कायम, मछरीमैया प्रधानाङ्ग (जोशीसमेत) वि. अमर जोशीसमेत
- ०७४-CI-०९३४, अंश चलन, मछरीमैया प्रधानाङ्ग (जोशीसमेत) वि. अमर जोशीसमेत
- ०७४-CI-०९४०, दूषित अंश बुझेको भरपाई लिखत बदर दर्ता कायम, मछरीमैया प्रधानाङ्ग (जोशीसमेत) वि. विकल प्रजापतीसमेत
- ०७४-CR-१३२५, जालसाजी, मछरीमैया प्रधानाङ्ग (जोशीसमेत) वि. अमर जोशीसमेत
- ०७४-CR-१३२२, जालसाजी, मछरीमैया प्रधानाङ्ग (जोशीसमेत) वि. अमर जोशीसमेत
- ०७४-CR-१३२१, जालसाजी, मछरीमैया प्रधानाङ्ग (जोशीसमेत) वि. अमर जोशीसमेत
- ०७४-CR-१३२४, जालसाजी, मछरीमैया प्रधानाङ्ग (जोशीसमेत) वि. अमर जोशीसमेत
- ०७४-CR-१३२०, जालसाजी, मछरीमैया प्रधानाङ्ग (जोशीसमेत) वि. विकल प्रजापतीसमेत
- ०७४-CI-०९३९, दूषित राजीनामा लिखत बदर दर्ता कायम, मछरीमैया प्रधानाङ्ग (जोशीसमेत) वि. अमर जोशीसमेत
- ०७४-CI-०९३५, दूषित हालैको बकसपत्र लिखत बदर दर्ता कायम, मछरीमैया प्रधानाङ्ग (जोशीसमेत) वि. अमर जोशीसमेत
- ०७४-CI-०९३७, दूषित राजीनामा लिखत बदर दर्ता कायम, मछरीमैया प्रधानाङ्ग (जोशीसमेत) वि. अमर जोशीसमेत।
- ०७४-CI-०९३८, दूषित राजीनामा लिखत बदर दर्ता कायम, मछरीमैया प्रधानाङ्ग (जोशीसमेत) वि. अमर जोशीसमेत

## इजलास नं. ५

### २३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CI-०५२८, करकाप, धन्से भुल वि. घनस्या भुलसमेत*

मिति २०६९।०६।२८ को विवादित तमसुक लिखतको बेहोरामा धन्से भुलले आफ्नो घर खर्चबापत घनस्या भुलबाट रु. ४,००,०००।– लिएको र उक्त रूपियाँ बुझाउने म्याद मिति २०६९।०७।३० भनी उल्लेख भएको देखिन्छ । धन्से भुलले उक्त कागज आफूलाई प्रहरीसमेतको उपस्थितिमा करकापबाट गराएको भनी दिएको उजुरीका सम्बन्धमा इलाका प्रहरी कार्यालय सुखड कैलालीका प्रहरी निरीक्षक कर्णबहादुर बमले मिति २०७१।०१।१२ मा जिल्ला प्रहरी कार्यालय कैलालीमा पेस गरेको प्रतिवेदनमा धन्से भुलको छोराले भारतबाट चोरी ल्याएको पैसाको विषयमा धन्से भुल र घनस्या भुलको विवाद भएपश्चात् प्र.स.नि. रमेश सिंह धामीलाई घनस्या भुलले खबर गरेपछि निज रमेश सिंह धामी कागज गराउने ठाउँमा नै बसी लेनदेनसम्बन्धी कपाली तमसुक कागज गराएको बुझिन आएको भनी बेहोरा खुलाएको पाइन्छ । वादीका साक्षीले "धन्से भुललाई बच्चे भुल, चैसे भुल र ढुल्ले भुल तिनै भाइले समातेका थिए । त्यहाँ घनस्या भुल, ढुल्ले भुल, चैसे भुल र तीन जना अन्य सादा पोसाकका मानिस हामी पुलिस हौँ भन्दै थिए। प्रतिवादीको छोराबाट हामीले फिरादी धन्सेलाई ल्याएको हो । प्रतिवादीहरूले फिरादीसँग गरिलिएको कागज करकापसँग गरिलिएको हो" भनी किटानी बकपत्र गरेकोसमेत देखिन्छ। प्रतिवादीले पीडित धन्से भुललाई जबरजस्ती कपाली तमसुकमा सहीछाप गर्न लगाएको हो तर लेनदेन भएको होइन, कुनै रिसइवीबाट उक्त कागज लेखाइएको हो भनी प्र.स.नी. रमेश सिंह धामीले मिति २०७१।०३।२४ गते गरिदिएको मिसिल संलग्न लिखत कागजको प्रतिलिपिबाट देखिन्छ । त्यस्तै यिनै प्रतिवादी घनस्या भुलका छोरा बमबहादुर भुलले वादी धन्से भुलको श्रीमती चम्फा भुलसमेतले मिति २०६७।११।२१ मा कुटपिट गरी भा.रु. ८०,०००।- लुटेको भनी निजसमेत विरुद्धमा मु.नं. ७८।२०६७।१२।०८ मा केही सार्वजनिक अपराध मुद्दा जिल्ला प्रशासन कार्यालय कैलालीमा दर्ता गराएकोमा उक्त कार्यालयबाट मिति २०६८।०९।१४ मा फैसला भएको मिसिल संलग्न फैसलाको प्रतिलिपिबाट देखिने।

इलाका प्रहरी कार्यालय सुखड कैलालीका प्रहरी निरीक्षक कर्णबहादुर बमले मिति २०७१।०१।१२ मा जिल्ला प्रहरी कार्यालय कैलालीमा पेस गरेको प्रतिवेदन बेहोराबाटसमेत उक्त तमसुक कागज गराउने कार्यमा प्रहरीकोसमेत संलग्नता रहेको देखिन्छ। त्यस्तै वादी प्रतिवादीहरूका बिचमा चलेको केही सार्वजनिक अपराध मुद्दाबाट यी वादी र प्रतिवादीहरूबिचको आपसी सम्बन्ध सुमधुर रहे भएको अवस्था पनि देखिँदैन । व्यक्तिहरूका बिचमा आपसी मनोमालिन्य र शत्रुतापूर्ण सम्बन्ध रहे भएको अवस्थामा रकम लेनदेन हुने कुरा पत्यारलायक देखिँदैन । त्यस्तै प्रतिवादी घनस्या भुलले तमसुक कागजबमोजिमको रकम कहाँ कसरी वादी धन्से भुललाई हस्तान्तरण गरेको हो ? निजले स्पष्ट रूपमा खुलाउन सकेको पाइँदैन। प्र.स.नि. रमेश सिंह धामीले मिति २०७१।०३।२४ गते गरिदिएको कागजले पनि रकम लेनदेन गरी स्वेच्छापूर्वक तमसुक कागज भएको भन्ने देखिँदैन । यी पुनरावेदक वादी र प्रत्यर्थी प्रतिवादीका बिच भएको तमसुकबमोजिमको रूपियाँ एक महिनाको लागि घर खर्चको लागि लिए दिएको भन्ने बेहोरा पनि विश्वासलायक देखिँदैन भने वादीका साक्षीले करकापसँग कागज गराएको भनी किटानी बकपत्र गरेको पाइन्छ । साथै, वादी र प्रतिवादीका छोराहरूको भारतमा भएको वाद विवाद र चोरीको विषयसमेत मिसिल संलग्न कागजबाट देखिएको सन्दर्भमा मिति २०६९।०६।२८ को विवादित तमसुक करकापमा नभई स्वाभाविक रूपमा

भएको हो भन्न सकिने अवस्था देखिएन । उल्लिखित समग्र परिवेशबाट वादी प्रतिवादीबिच स्वेच्छाले लिखत खडा भएको र लेनदेनसमेत भएको भन्ने अवस्था पुष्टि हुने आधार नदेखिएकोले विवादित लिखत करकाप नठहऱ्याउने गरी भएको पुनरावेदन अदालत दिपायलको फैसला मिलेको नदेखिने ।

वादी दाबीबमोजिम लिखत करकाप नठहर्ने गरी भएको सुरू कैलाली जिल्ला अदालतको मिति २०७१।०२।१९ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत दिपायलको मिति २०७२।०२।११ को फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई मिति २०६९।०६।२८ को विवादित तमसुक लिखत प्रतिवादीहरूले करकापबाट गराएको ठहर्छ । प्रत्यर्थी प्रतिवादीहरूले करकाप गरेको ठहरेकोले मुलुकी ऐन, दण्ड सजायको महलको १२ नं. बमोजिम प्रतिवादीहरूलाई जनही रू. १,०००।- (एक हजार) जरिवाना हुने ।

इजलास अधिकृत :- भेषराज कोइराला

कम्प्युटर :- कृष्ण गिरी

इति संवत् २०८० साल पौष ५ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०७४-CI-०५२७, लेनदेन, धन्से भुल वि. घनस्या भुल भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ६

२४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७८-WO-०८७५, उत्प्रेषणसमेत, माधवप्रसाद लोहनी वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत*

निवेदक मिति २०५५।१२।१५ सम्म पहिलेको सेवामा रहँदा निजामती सेवा नियमावली, २०२१ को नियम १२३(२) बमोजिम बहाल रहेको अवस्थामा निजले मिति २०७८।९।११ मा नोकरी जोडी पाउन निवेदन गरेको र त्यस सम्बन्धमा म्यादभित्र दर्ता गराई प्रक्रियामा रहेको नदेखिएकोले सेवाअवधि हालको सेवामा जोड्न नमिलेको भनी निवेदकलाई जानकारी गराएको अवस्थामा उल्लिखित मितिभन्दाप छाडि मिति २०५६।४।२७ मा नियमावलीमा दोस्रो संशोधन गरी नियम १२३(२) को व्यवस्था खारेज गरिएको भन्ने मात्र कारणले नियम खारेजीको व्यवस्थालाई पश्चात्दर्शी असर दिई उक्त नियमको व्यवस्था क्रियाशील रहेको अवस्थामा निवेदकलाई नियमले प्रदान गरेको सुविधाबाट वञ्चित गरिनु नियमसम्मत मान्न नमिल्ने हुँदा निवेदकलाई उपदानबापतको रकम जम्मा गर्न लगाई मागबमोजिम सेवाअवधि जोडाउनु कानूनसम्मत हुने ।

निवेदक निजामती सेवामा स्थायी कर्मचारीको रूपमा मिति २०४३।११।१८ मा सेवा प्रवेश गर्दाको बखत तत्काल लागु रहेको निजामती सेवा ऐन तथा निजामती सेवा नियमावली अनुसार निजले स्थायी कर्मचारीको रूपमा गरेको १२ वर्ष २८ दिनको निजको सेवाअवधि जोडी सोसमेतलाई निजको समग्र सेवाअवधिको रूपमा गणना गरी निजलाई अवकाशपश्चात् निवृत्तिभरण अधिकार प्रदान गर्न मिल्ने नै देखिँदा विपक्षी निजामती किताबखाना (राष्ट्रिय किताबखाना) बाट भएको निर्णय र पत्राचार कानूनसम्मत र न्यायपूर्ण नदेखिने ।

निवेदकले मिति २०४३।११।१८ देखि मिति २०५५।१२।१५ सम्म १२ वर्ष २८ दिन प्रशासन सेवा, सहायक लेखापाल (रा.प.अ.तृतीय श्रेणी) को पदमा अविछिन्न सेवा गरेको देखिई सो सेवाअवधि हालको सेवा (पद) मा निजामती सेवा नियमावली, २०५० को नियम १२३(३) बमोजिम निजामती किताबखानाको मिति २०७९।१०।१८ च.नं. २१०१ को निर्णय निवेदकको हकमा उपर्युक्त देखिएन । निजामती सेवा ऐन तथा नियमावली र नेपालको संविधानले प्रदान गरेको हक-अधिकारको प्रतिकूल भएकोले विपक्षीहरूको

उक्त मितिको निर्णय र कार्य उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निवेदकले लिएको उपदानको रकम फिर्ता गरेमा मागबमोजिम निजको पहिलाको स्थायी सेवाअवधि हालको सेवाअवधिमा गणना गरी सेवाअवधि कायम गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरिदिएको छ।

इजलास अधिकृत : दिप्ती पौडेल

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०८० साल श्रावण २१ गते रोज १ शुभम्।

## २५

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-०५९५, भ्रष्टाचार, गंगाप्रसाद साह वि. नेपाल सरकार*

निजामती सेवा ऐन,२०४९ को परिच्छेद ७ मा निजामती कर्मचारीहरूका आचरणको बारेमा उल्लेख गर्दै दफा ४७ मा "दान उपहार चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्ध" गरिएको छ । त्यसैगरी भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ मा भ्रष्टाचारसम्बन्धी कसुरको बारेमा उल्लेख गर्दै दफा ३ मा राष्ट्रसेवक व्यक्तिले आफ्नो ओहोदा वा सोसम्बन्धी कुनै काम गरिदिए वा नगरिदिएबापत रिसवत लिन नहुने र सोको प्रतिकूलका कार्यलाई भ्रष्टाचारजन्य कसुरको दायराभित्र राखेको देखिन्छ। नापी कार्यालय भैरहवामा कार्यरत यी प्रतिवादी निजामती कर्मचारीका रूपमा रहेका र निजले निवेदक मनमायाँ नेपालीको जग्गा हालसाबिक गर्ने कार्यमा देखाएको असामान्य व्यवहार र निवेदककै घरमा पुगी रकम लिएको अवस्थासमेतलाई दृष्टिगत गर्दा निज प्रतिवादीले निजामती सेवा ऐनको दफा ४७ बमोजिमका आचरणहरूको पालना नगरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३अन्तर्गतकै कसुर गरेको देखिने।

मिति २०७३।५।३१ गते बिहान कार्यालय समयभन्दा अगाडि निवेदक मनमाया नेपालीको घर अगाडिबाट नापी कार्यालय भैरहवाका सर्वेक्षक गंगाप्रसाद साहलाई रु १५,०००।– घुस रकमसहित पक्राउ गरेको र सोही आधारमा यी प्रतिवादीलाई भ्रष्टाचारको कसुरमा प्रस्तुत अभियोग दायर भई चलेकोमा प्रतिवादीतर्फका कानून व्यवसायीहरूले यसै विषयका सम्बन्धमा यसै अदालतको संवैधानिक इजलासबाट निवेदक विष्णुप्रसाद घिमिरे विरुद्ध सङ्घीय संसद बानेश्वरसमेत भएको ०७४-WC-००२० को मुद्दामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट घुस रिसवत प्रयोजनका लागि रकम उपलब्ध गराई पक्राउ गर्न अख्तियारी दिने अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० नै अमान्य भइसकेको अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट नै प्रतिवादीलाई दिनका लागि निवेदकलाई घुस रकम रु १५,०००।- उपलब्ध गराई निवेदकबाट प्रतिवादीलाई परिबन्दमा पारी भ्रष्टाचारजन्य कसुरमा फसाइएको हुँदा सो रकमलाई प्रमाणमा लिई कसुरमा ठहर गर्न मिल्ने होइन भनी जिकिर लिनुभएतर्फ हेर्दा यस अदालतको संवैधानिक इजलासबाट मिति २०७१।१।८ मा फैसला भएको ०७४-WC-००२० को मुद्दाको निष्कर्ष र यी प्रतिवादीको व्यवहारसमेतलाई पनि एक आपसमा सम्बन्धित गरी हेर्नुपर्ने।

निवेदक विष्णुप्रसाद घिमिरे विरुद्ध सङ्घीय संसद् बानेश्वरसमेत भएको ०७४-WC-००२० को मुद्दामा यस अदालतबाट मिति २०७१।१।८ मा फैसला हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अमान्य र बदर हुने ठहर गरेकोसम्म देखिन्छ । तर सोही फैसलाले "मुद्दामा सङ्कलित अन्य प्रमाणको मूल्याङ्कनका आधारमा आरोप दाबी ठहर हुने वा नहुने कुराको न्यायिक निरूपण गर्नुपर्ने कुरालाई पनि जोड दिँदै सबै भ्रष्टाचारजन्य गतिविधिलाई रकम बरामदकै सन्दर्भमा मात्र हेर्न नमिल्ने र सोका अलावा रकम प्राप्त गर्न गर्ने प्रतिवादीको मनसाय, त्यसका लागि निजले गरेका अनेकन दुष्प्रयासलगायतका अन्य परिस्थितिजन्य कुराहरूसमेतलाई पनि मुद्दाका सन्दर्भमा विश्लेषण

गर्नुपर्नेतर्फ सङ्केत गर्दै अनुसन्धानको दायरालाई खुलै राखेको देखिन्छ। संवैधानिक इजलासबाट उक्त फैसला भइसकेपछि पनि यस अदालतको संयुक्त इजलासबाट रमेशकुमार तामाङ , बालमुकुन्द श्रेष्ठलगायत धेरै घुस रिसवत मुद्दामा प्रतिवादीहरूलाई अन्य सबुद प्रमाणसमेतको आधारमा सजाय भएको पाइँदा सवैधानिक इजलासको फैसलालाई सोपश्चात् यस अदालतले अनुशरण गरेको न्यायिक दृष्टिकोणसमेतको रोहमा हेरिनुपर्ने।

प्रतिवादीबाट बरामद भएको घुस रकम अख्तियार दुरूपयोग अनुसन्धान आयोगले उपलब्ध गराएको हो वा निवेदक आफैँले दिएको हो भन्ने कुराले प्रतिवादीको भ्रष्टाचारी प्रवृत्तिमा कुनै फरक पर्दैन । वास्तविक फरक त प्रतिवादीमा घुस रकम प्राप्त गर्ने इच्छा, चाहाना, सोँच र मनस्थिति थियो कि थिएन साथै प्रतिवादीबाट असल भावले सेवा प्रवाह भएको थियो वा थिएन भन्ने कुराले नै प्रस्तुत मुद्दामा महत्त्व राख्दछ । प्रस्तुत मुद्दामा नापी कार्यालयमा सर्वेक्षक पदमा कार्यरत यी राष्ट्रसेवक कर्मचारीले आफूले प्रदान गर्ने सेवामा निस्वार्थ भावना राखी इमान्दारिपूर्वक काम गर्नुपर्नेमा उजुरवाला निवेदकलाई निजको जग्गा हालसाबिक गर्नेसम्बन्धी काम अघिल्लै दिन सकिए पनि निवेदकसँग पटकपटक रकम लेनदेनका विषयमा कुराकानी गरी सोको भोलिपल्टसम्म पनि निजलाई पच्छ्याई, निवेदकको घरसम्मै पुगी घुस रकम लिएको भन्ने कुरा मिसिल संलग्न प्रमाण कागजातहरूबाट देखिइरहेको हुँदा यी प्रतिवादीमा स्वच्छ र नैतिक रूपमा सेवा प्रवाह भएको थियो भन्न सक्ने स्थिति देखिँदैन। यसका अलावा अन्य स्वतन्त्र प्रमाणको रोहमा समेत निज प्रतिवादी र निवेदकबिच जग्गा हालसाबिकको काम सकेपछिको भोलीपल्ट अर्थात् मिति २०७३।५।३१ मा भएको टेलिफोन वार्तालापलाई अनदेखा गर्न सक्ने देखिँदैन । तसर्थ प्रतिवादीबाट बरामद भएको रकम र सोको प्राप्तिका लागि यी प्रतिवादीले गरेको सम्पूर्ण गतिविधिलाई गहिरो गरी विश्लेषण गर्दा निजलाई भ्रष्टाचार विरुद्धको कसुरमा सजाय गर्न मिल्ने नै देखिने।

मिति २०७३।५।३१ मा रुपन्देही जिल्लाको सिद्धार्थनगर न.पा. वडा नं. ३ मा रहेको निवेदक मनमायाँ नेपालीको घरअगाडिबाट प्रतिवादी गंगाप्रसाद साहको पाइन्टको गोजीबाट रु १५,०००।– बरामद भएको छ । उक्त बरामद भएको रकममा उल्लेख भएका नम्बर आयोगबाट उपलब्ध गराइएको रकमको नम्बरसँग मिलेभिडेको स्थिति छ। निवेदकबाट लिएको उक्त रकम लिनुको कुनै औचित्य प्रतिवादीबाट साबित गर्न सकेको स्थिति छैन। निवेदक मनमायाँ नेपालीसँग प्रतिवादीको कुनै पूर्वरिसइवी नभई सामान्य चिनजान मात्र रहेको कुरा प्रतिवादीकै बयान बेहोराबाटै देखिएको अवस्था छ। मिसिल संलग्न निवेदक र प्रतिवादीबिच भएको फोन बार्तालापबाट पनि रकम लेनदेनकै विषयमा कुराकानी भएको छ। रकम लिनका लागि यी प्रतिवादी निवेदकको घरसम्मै पुगेको अवस्था छ । यी समस्त सन्दर्भहरूलाई हेर्दा प्रतिवादी गंगाप्रसाद साहको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) विपरीत भएको देखिँदा निजलाई सोही ऐनको दफा ३(१) र ३(१)(क) बमोजिम १५ (पन्ध्र) दिन कैद र रु.१५,०००।- (पन्ध्र हजार रूपियाँ) जरिवाना हुने ठहऱ्याई भएको विशेष अदालत काठमाडौंबाट मिति २०७५।२।३१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : निर्मलाकुमारी खड्का
कम्प्युटर : रेखा भट्टराई
इति संवत् २०८० साल जेठ १७ गते रोज ४ शुभम्।

## इजलास नं. ७

### २६

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** *०७३-CI- ०८६५, अंश चलन, मिनबहादुर गुरुङसमेत, वि. बन्दना गुरुङ*

घरजग्गा लिलाम सकारको लागिसमेत भनी पुनरावेदकहरूले विभिन्न व्यक्तिहरूबाट ऋण कर्जा लिएको र सबै कर्जाको योग गर्दा रु.९४,९४,०००।– को साहु देखाएको देखियो । सोमध्ये, रु.७२,००,०००।– (बहत्तर लाख) कि.नं. ६६१ र ११८८ को घर जग्गा लिलाम सकारकै लागि खर्च भएको भनी पुनरावेदन जिकिर लिए तापनि कुन व्यक्तिबाट लिएकोमध्ये कुन चाहिँ कर्जा रकम लिलाम सकारका लागि प्रयोग भएको हो, सो ऋण रकम कि. नं. ६६१ र ११८८ को घर जग्गा लिलाम सकार गर्ने प्रयोजनका लागि नै लिएको हो भन्ने यकिन हुने र विश्वास गर्न सकिने सबुद प्रमाणको अभाव रहेको र अन्य बाँकी रकम के कुन प्रयोजनका लागि खर्च भएको हो, यो व्यवहारमा किन सगोली सञ्चित आय (रकम) को प्रयोग भएन, यदि भएको भए के कति रकम खर्च भयो भन्ने युक्तियुक्त प्रमाण पेस गर्न सकेको नदेखिएबाट ऋण कर्जासम्बन्धी प्रतिवादीको विवरण नै अपत्यारिलो र अस्वाभाविक देखिने ।

बाबुको नाममा कायम हुन आएको घर जग्गा यी वादीका पति बिमल गुरुङले आफ्नो अंश भाग लिइसकेपछि वा यी वादीले दायर गरेको अंश मुद्दामा मानो छुट्टिएको मिति कायम भएको मिति पछि आर्जन वा खरिद गरेको अवस्था पनि देखिँदैन । यसरी, सगोलका अंशियार यी वादीका पति तथा पुनरावेदक प्रतिवादीहरूका छोरा बिमल गुरुङ छुट्टिई भिन्न भएको ठोस प्रमाण प्रतिवादीतर्फबाट पेस हुन आएको नदेखिएको अवस्थामा त्यस्तो एकाघर सगोलको परिवारमध्ये कुनै एक जनाका नाउँमा सगोलकै चल सम्पत्ति उपयोग गरी जग्गाको स्वामित्व कायम हुन आएको नाताले मात्र सो सम्पत्तिलाई सर्वथा स्वआर्जन भन्न कानूनको दृष्टिमा न्यायोचित नदेखिने ।

यस अदालतबाट भिन्न भिन्न मुद्दामा भएको उपर्युक्त व्याख्यासमेतका आधारमा वादीका पतिले हकवालाको नाताले लिखत बदरतर्फ दाबी लिएको नपाइए तापनि पैतृक सम्पत्तिको रूपमा रहेको घर र जग्गा लिखत बदर तथा लिलाम सकार गरी परिवारको पैतृक सम्पत्तिको रूपमा भोग चलनमा आइसकेको, लिलाम सकारी लिने प्रत्यर्थी वादीका एकाघरका ससुराले निजी तवरबाट स्रोत जुटाई लिलाम सकार गरी लिएको भनी देखिने ठोस प्रमाणको अभाव देखिएको, दाबीको जग्गा साबिकमा प्रतिवादी (वादीकी सासू) को नाममा भएको मा विवाद नभएको, निजी आर्जनको हो भन्ने ठोस प्रमाण देखाउन नसकेको, जम्मा ऋण रकम रु.९४,९४,०००।– (चौरानब्बे लाख, चौरानब्बे हजार) मध्ये रु.७२,००,०००।– (बहत्तर लाख) ऋण रकम कि. नं. ६६१ र ११८८ को जग्गा लिलाम सकार गर्ने प्रयोजनका लागि नै लिएको भन्ने तथ्ययुक्त प्रमाणको अभाव रहेको, माथि उल्लिखित भिन्न भिन्न मुद्दामा यस अदालतबाट भएको व्याख्यासमेतका आधारमा प्रतिवादीबाट तायदातीमा देखाइएकोमध्ये रु.७२,००,०००।– (बहत्तर लाख) ऋण कर्जा रकम बन्डा नलाग्ने र अरुमा तायदाती फाँटबारीमा देखाएको सम्पत्तिबाट ५ भागको १ भागबाट २ भाग लगाई सोको १ भाग अंश वादीले पाउने ठहऱ्याएको साबिक पुनरावेदन अदालतको मिति २०७३।४।२० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- भूमिप्रसाद शर्मा

कम्प्युटर :- विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल वैशाख ५ गते रोज १ शुभम् ।

**२७**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७२-CI-०४३३, लेनदेन, समिम भन्ने समसिर आलम वि. मुहम्मद मेराज भन्ने मोहम्मद मेराज अन्सारी*

विवादित कपाली तमसुक लिखतका सम्बन्धमा विशेषज्ञले दिएको रायलाई इन्कार गरी लिखतको अक्षरको लेखाइ, हरफहरूको समदुरी, ल्याप्चे सहीछापले बेहोरालाई नछोएकोलगायतका कुरालाई बेवास्ता गरी गरेको सुरु जिल्ला अदालत र पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण रहेको भन्ने जिकिरको सम्बन्धमा हेर्दा, राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट

मिति २०५८।२।१५ को सक्कल लिखत लिफामा खडा गरिएको हो होइन ? भन्ने सम्बन्धमा विशेषज्ञबाट परीक्षण भई परीक्षण प्रतिवेदनसमेत पेस गरिएको मिसिल संलग्न कागजातबाट देखियो । उक्त परीक्षण प्रतिवेदनमा विवादित लिखतमा रहेको ल्याप्चे छाप तथा दस्तखतले बेहोरालाई प्रस्ट रूपमा नछोएको अवस्थाले गर्दा ल्याप्चे छाप वा दस्तखतको मसीमाथि बेहोराको मसी छ वा बेहोराको मसीमाथि ल्याप्चे छाप वा दस्तखतको मसी छ यकिन गर्न सकिएन भनी केही कैफियत सङ्केतहरू उल्लेख गरी प्रतिवेदन पेस भएको देखिन्छ। विशेषज्ञको रायले स्पष्ट साथ लिफामा तमसुक बेहोरा लेखिएको हो भनी यकिन साथ भन्न सकेको नदेखिने।

लेनदेन व्यवहारमा तमसुक कागजमा ऋणीको ल्याप्चे हस्ताक्षरलाई प्रमुख प्रमाणको रूपमा ग्रहण गर्ने हुँदा प्रस्तुत मुद्दामा ऋणी पुनरावेदक प्रतिवादी समिम भन्ने समसिर आलमले तमसुकमा भएको ल्याप्चे हस्ताक्षर आफ्नो हो भनी स्वीकार गरेको साथै लिखतका साक्षी इसलाम कुरेसी र निर्मलकुमार शर्माले अ.बं. १३९ बमोजिम बयान गर्दा तमसुक सद्दे हो किर्ते कागजमा सहीछाप गरेको होइन भनी बकपत्र गरेको आधार र कारणबाट लिफामा तमसुक बेहोरा लेखिएको भन्ने पुनरावेदक प्रतिवादीको तर्फबाट गर्नुभएको बहससँग सहमत हुन सकिएन । अन्यथा प्रमाणित हुन नसकेको अवस्थामा प्रस्तुत विवादित कपाली तमसुक लिखतलाई किर्ते गरी लेखिएको हो भनी ठहर गर्नु न्यायसङ्गत नहुने हुँदा विवादित कपाली तमसुक लिफामा लेखिएको हो होइन भन्ने सम्बन्धमा विशेषज्ञको राय निश्चितयात्मक र स्पष्ट नभएको, कैफियत सङ्केतहरू किर्ते प्रमाणित गर्ने पर्याप्त आधार नभएको, किर्ते जालसाजमा वा अन्य कानूनी उपचारका लागि पहल नगरेको साथै लिखत किर्तेबाट खडा गरेको भनी जिकिर लिने पुनरावेदक प्रतिवादीले सोको प्रमाण पुऱ्याउन नसकेको अवस्थामा प्रस्तुत मुद्दामा विवादित कपाली तमसुकको वैधानिकता अन्यथा नदेखिने।

मुद्दा दोहोऱ्याई हेर्न निस्सा दिँदा खुलाएको आधारको सम्बन्धमा हेर्दा, निस्सा प्रदान गर्दा लिइएको आधार र मिसिल संलग्न विशेषज्ञको राय मिलेको देखिँदैन । विवादित लिखतमा रहेको ल्याप्चे छाप तथा दस्तखतले बेहोरालाई प्रस्ट रूपमा नछोएको अवस्थाले गर्दा ल्याप्चे छाप वा दस्तखतको मसीमाथि बेहोराको मसी छ वा बेहोराको मसीमाथि ल्याप्चे छाप वा दस्तखतको मसी छ यकिन गर्न सकिएन भनी विशेषज्ञबाट परीक्षण प्रतिवेदन पेस भएको देखिन्छ । यसरी विवादित कपाली तमसुक लिफामा लेखिएको भन्ने यकिन र स्पष्ट विशेषज्ञको राय नभएको अवस्थामा यस अदालतबाट मिति २०७२।४।२२ गते आदेश हुँदा वादीले पेस गरेको मिति २०५८।९।२ गतेको लिखत लिफामा लेखिएको भन्ने विशेषज्ञको रायको आधारमा भनी प्रदान गरिएको निस्सा फरक तथ्यमा आधारित रहेको हुँदा सोसँग सहमत हुन नसकिने।

विवादित मिति २०५८।२।१५ गतेको कपाली तमसुक पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादीबिच रीतपूर्वक खडा भएको होइन भन्ने प्रमाणित हुन नआएको हुँदा वादी दाबी पुग्ने गरी कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६८।२।२४ मा भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत बुटवलको मिति २०६८।१०।१८ को फैसला कानून र न्यायको रोहमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :- रेश्मा बुद्धाचार्य

कम्प्युटर :- विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ साल असार ३१ गते रोज ६ शुभम्।

## इजलास नं. ८

### २८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७०-CI-०४२६, सर्तनामा करारको यथावत् परिपालना, धर्मराज राजकर्णिकार वि. लक्ष्मीकृष्ण राजकर्णिकार*

फिराद करार ऐन, २०२३ को दफा १८(२)(ग) र करार ऐन, २०५६ को दफा ८९(२)(घ) अन्तर्गत दायर भएको देखिन्छ । तत्कालीन समयमा प्रचलित करार ऐन, २०२३ को दफा १८(२)(ग) मा "यस ऐनअन्तर्गतको अन्य कुनै दाबीका हकमा मुद्दा गर्नुपर्ने कारण परेको मितिले ३ महिनाभित्र नालिस नदिए सो हदम्यादपछि नालेस लाग्ने छैन भन्ने र करार ऐन, २०५६ को दफा ८९(२)(घ) मा यस ऐनअन्तर्गत अन्य कुनै दाबीका सम्बन्धमा त्यस्तो दाबीका लागि मुद्दा गर्नुपर्ने कारण उत्पन्न भएका मितिले दुई वर्षभित्र भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा पुनरावेदक वादी प्रेमलाल राजकर्णिकार र प्रत्यर्थी प्रतिवादी लक्ष्मीकृष्ण राजकर्णिकारका पिता बाबुज्यान राजकर्णिकारबिच मिति २०५०।११।२५ गते प्रेमलालको नामको कि.नं. ६१८ को घर जग्गा र निजका अंशमा आउने चार कित्ता घर जग्गासमेत १५ दिनभित्र बाबुज्यानलाई पारित गरिदिने बाबुज्यानको नामको कि.नं. ६०१ मोहडा तीन कंवल पूर्व पश्चिम २२ फुटको घर जग्गा प्रेमलाललाई पारित गरिदिने गरी छुट्टाछुट्टै कागज भएको रहेछ । निजहरू २ जना अंशियार दाजुभाइ भएकोमा पनि यहाँ विवाद देखिएको छैन । उल्लिखित लिखतका पक्षहरूमध्ये एक पक्ष बाबुज्यानको मृत्युपछि करारको दायित्व यी प्रत्यर्थी प्रतिवादी छोरामा सर्ने भनी प्रस्तुत मुद्दा पर्न आएको देखिन्छ । उक्त लिखत भएकोमा प्रत्यर्थी प्रतिवादीको पनि अन्यथा भनाइ नभई लिखत अनुसार सट्टापट्टा गर्ने कार्य नभएकोले २०५४ सालमा आफूले पसल राखेको घर विपक्षीले भाडामा मागेकोले २०५४ साल श्रावणदेखि मासिक रु.१५००।- भाडा लिई आएको भन्नेसम्म जिकिर भएबाट सो लिखत २ पक्षबिच भएको करार नै मान्नुपर्ने हुन आयो । सम्झौतामा सट्टापट्टा गर्ने भनेको छ । सट्टापट्टा नभएपछि मुद्दा गर्नुपर्ने कारण २०५०।११।२५ को १५ दिनपश्चात् सुरू हुने हुन्छ । करार भएपछि करारका सर्त मान्न पक्षहरू बाध्य हुन्छन् र करार उल्लङ्घन भएमा करारद्वारा निर्दिष्ट प्रक्रिया अवलम्बन गरी समयमा उपचार खोज्नुपर्नेमा मिति २०५०।११।२५ मा खडा गरेको सर्तनामाको करारीय दायित्व सम्बन्धमा सोही घरजग्गाको सम्बन्धमा बहाल भराई घर खाली गराइपाउँ भन्ने मुद्दा दायर भएपश्चात् २०६७ सालमा आएर प्रस्तुत मुद्दा उठान भएको पाइने ।

प्रस्तुत फिराद हदम्यादभित्र परेको नदेखिएको अवस्थामा सर्तनामा करारको यथावत् परिपालना गर्नुपर्ने ठहर गरिपाउँ भन्ने वादीको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिएकोले वादी दाबी पुग्ने गरी भएको सुरू ललितपुर जिल्ला अदालतको मिति २०६७।१०।९।१ को फैसला बदर उल्टी गरी पुनरावेदक प्रतिवादीको जिकिरबमोजिम करारबमोजिम मुद्दा गर्नुपर्ने कारण सिर्जना भएको मितिबाट तत्काल बहाल रहेको करार ऐन, २०२३ को दफा १८(२)(ग) ले निर्दिष्ट गरेको हदम्याद नाघी परेको फिराद खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत पाटनबाट मिति २०६८।१२।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

अधिकृत - मुकुन्द आचार्य

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०८० साल भाद्र १७ गते रोज १ शुभम् ।

**२९**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०६९-CI-०३५४, ०७०-CI-०४२५, बहाल भराई घरबाट उठाइपाऊँ, लक्ष्मीकृष्ण राजकर्णिकार वि. प्रेमलाल राजकर्णिकारसमेत*

विवादित कि.नं. ६०१ को जग्गा पुनरावेदक वादीका नाममा दर्ता भएकोमा विवाद देखिँदैन । उक्त घरजग्गा प्रतिवादीले भोग गरी आएकोमा पनि दुवै पक्षबिच मुख मिलेको देखिन्छ । बहालमा दिएको हो भन्ने पुनरावेदक वादीको भनाइ र वादीका पिताकै पालामा भएको करारको सर्तनामा अनुसार भोगचलन गरिआएको हो । भाडामा लिएको होइन भन्ने पुनरावेदक प्रतिवादीको जिकिर रहेको र सोही विषय नै विवादको मुख्य कारण भएकोमा यसै लगाउको सर्तनामा करारको

यथावत् पालना गरिपाउँ भन्ने मुद्दा हदम्याद नाघी परेको देखिँदा खारेज हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको फैसला सदर भइसकेको छ । एकाको दर्ताको घरजग्गामा अर्को पक्षको अनाधिकार भोग रहेकोमा सो भोग कायम रहिरहने हुन सक्तैन । तर बहाल भराइपाउँ भन्ने विषयमा विचार गर्दा वादी र प्रतिवादीबिच मासिक यति भाडा दिने भनी भएको लिखत प्रमाण केही पेस/दाखिल नभएको अवस्थामा केवल मौखिक भनाइलाई मात्र आधार मानी बहाल भराइदिन नमिल्ने ।

बहाल भराइपाउँ भन्ने दाबीको सम्बन्धमा पुनरावेदक वादी र प्रत्यर्थी प्रतिवादीबिच उल्लिखित घर जग्गा मासिक यो यति रकममा भाडामा दिने लिने सम्बन्धमा कुनै लिखत प्रमाण पेस दाखिला भएको नपाइँदा विना कुनै लिखत केवल मौखिक भनाइका आधारमा बहाल लिने दिने गरी भाडामा दिएको ठहराउनु मिल्ने हुँदैन । बहाल भराइपाउँ भन्ने दाबी नपुग्ने ठहर्‍याएको हदसम्म सुरूको फैसला सदर गरी पुनरावेदक वादीका नाममा दर्ता भएको घर प्रत्यर्थी प्रतिवादीले भोगचलन गरिआएको अवस्थामा घर खाली गराइपाउँ भन्ने वादी दाबीसमेत नपुग्ने ठहर्‍याएको हदसम्म सुरू ललितपुर जिल्ला अदालतको मिति २०६७।१०।९।१ को फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भई विवादित घरबाट प्रत्यर्थी प्रतिवादीहरूलाई उठाई पुनरावेदक वादीले चलन चलाइ पाउने ठहर्छ भनी पुनरावेदन अदालत पाटनबाट मिति २०६८।१२।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - मुकुन्द आचार्य

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०८० साल भाद्र १७ गते रोज १ शुभम् ।

**३०**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७२-CI-०३७३, जग्गा खिचोला मेटाई चलन, कुलप्रसाद गौतम वि. सुशिलाकुमारी कार्की*

प्रत्यर्थी वादीले आफ्नो कि.नं. २४५५ मा ०-०-९१/२ र कि.नं. २४५७ मा ०-०-११/२ जग्गा खिचोला गरेको भनी सुरू अदालतमा फिराद दाबी लिएकोमा सो सम्बन्धमा सुरू सिन्धुली जिल्ला अदालतबाट मिति २०७०।०९।१६ मा नाप नक्सा सर्जमिन मुचुल्का भएको देखिन्छ । उक्त नाप नक्सा सर्जमिन मुचुल्कामा यी प्रत्यर्थी वादीको कि.नं. २४५५ को जग्गा न.नं. ४ र ७ मा देखाइएकोमा उक्त न.नं. मध्ये कि.नं. ७ मा उल्लिखित जग्गामा मात्र वादीको भोग रहेको देखिन्छ भने नक्सा नं. ४ मा उल्लिखित जग्गामा प्रतिवादीको भोग रहेको देखिन्छ । त्यसैगरी वादीले फिरादमा उल्लेख गरेको कि.नं. २४५७ को जग्गा नक्सा नं. ५ र ८ मा देखाइएकोमा सोमध्ये नक्सा नं. ८ मा उल्लिखित जग्गामा मात्र वादीको भोग रहेको देखिन्छ भने न.नं. ५ को जग्गा प्रतिवादीको भोगमा रहेको देखिन्छ । यसरी यी पुनरावेदक प्रतिवादीको भोगमा रहेको न.नं. ४ को जग्गा वादीको कि.नं. २४५५ र न.नं. ८ को जग्गा वादीको कि.नं. २४५७ भित्रको जग्गा रहेको देखिँदा उक्त न.नं. ४ र ५ को जग्गा प्रतिवादीले खिचोला गरेको भन्ने अदालतबाट भइआएको उक्त नाप नक्साबाट देखिएको हुँदा वादीको कि.नं. २४५५ र २४५७ को जग्गामाथि विवेचना गरिए अनुसार फिराद दाबीबमोजिम प्रतिवादीले खिचोला गरेको ठहर गर्नुपर्नेमा सो ठहर नगरी वादीको फिराद दाबी खारेज गर्ने गरेको सुरू फैसला उल्टी गरी वादीको फिराद दाबीबमोजिम प्रतिवादीहरूले वादीको जग्गा खिचोला गरेको ठहर्‍याएको तत्कालीन पुनरावेदन अदालत जनकपुरको फैसला मनासिबै देखिँदा प्रतिवादीको पुनरावेदन जिकिर तथा सो तर्फबाट उपस्थित विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

वादीको फिराद दाबी खारेज गर्ने गरेको सुरू सिन्धुली जिल्ला अदालतको मिति २०७०।१२।१० को फैसला उल्टी गरी सुरू सिन्धुली जिल्ला अदालतबाट मिति २०७०।०९।१६ मा भइआएको नाप नक्सा मुचुल्काको न.नं. ४ र ५ को जग्गा प्रतिवादीले

खिचोला गरेको ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत जनकपुरको मिति २०७१।१२।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली
कम्प्युटर अपरेटर : मन्जिता ढुंगाना
इति संवत् २०७९ साल माघ १७ गते रोज ३ शुभम्।

३१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७४-CI-०२२२, निषेधाज्ञा, शशी अर्याल वि. जिल्ला चितवन, भरतपुर महानगरपालिका, वडा नं. ३ सहीदचोक नारायणगढस्थित शाखा कार्यालय रहेको नेपाल क्रेडिट एवं कमर्स बैंक लिमिटेडसमेत*

पुनरावेदक शशी अर्यालको निवेदन बेहोराबाट नै निजको खातामा पर्याप्त मौज्दात नरहेको जानकारी हुँदाहुँदै Vivek Automobiles Pvt. Ltd., Dugar Auto Clinic Pvt. Ltd. & Dugar Brothers and sons Pvt. Ltd. को नाममा चेकहरू काटी बैंकसमक्ष भुक्तानी माग गरिएको भन्ने देखिन आउँछ। उक्त चेकहरू अनादर भएपश्चात् Vivek Automobiles Pvt. Ltd. & Dugar Auto Clinic Pvt. Ltd. ले नेपाल राष्ट्र बैंकको निर्देशनबमोजिम भुक्तानीको लागि पार्टीलाई पत्र लेखी भुक्तानी नगरेमा कालोसूचीमा राखिपाउँ भन्ने बेहोराको नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. नारायणढ शाखालाई मिति २०७३।१२।१६ मा पत्र प्रेषित गरेको देखिन्छ। तत्पश्चात् निवेदक खातावाला यी पुनरावेदक शशी अर्याललाई सो सम्बन्धमा पटकपटक टेलिफोन तथा पत्रमार्फत चेक अनादर भएकाले खातामा नगद मौज्दात कायम गर्नु अन्यथा कालोसूचीमा समावेश गर्ने प्रक्रिया प्रारम्भ गरिने भनी पत्राचार भएकोमा सोको जबाफ दिँदै निवेदकले उल्लिखित कुनै पनि कम्पनीलाई कुनै चेकको रकम तिर्न बुझाउन बाँकी नभएको भनी मिति २०७३।१२।२९ मा जबाफ दिएको पाइन्छ। यसरी यी पुनरावेदक शशी अर्यालले जारी गरेको चेक अनादर भई सोबापत रकम जम्मा गर्ने सम्बन्धमा जानकारी गराउँदासमेत रकम जम्मा नगरी रकम तिर्न बाँकी नै नभएको भन्ने जबाफ दिए तापनि उल्लिखित अनादर भएका चेकहरू आफूले जारी गरेको होइन भन्न सकेको अवस्था छैन भने अर्कोतर्फ सोबापतको रकम बुझाइसकेको भए उक्त चेक निष्क्रिय गराउनुपर्ने वा फिर्ता लिनुपर्नेमा सोसमेत गरेको भन्न सकेको मिसिलबाट नदेखिने।

पुनरावेदक शशी अर्यालले जारी गरेको चेकबाट भुक्तानी हुन नसकेको भनीसम्बन्धित पक्षले दिएको निवेदनका आधारमा प्रत्यर्थी/विपक्षी नेपाल क्रेडिट एवं कमर्श बैंक लिमिटेडले पुनरावेदकलाई रकम जम्मा गर्न पत्राचार गर्दासमेत रकम नै दिनुपर्ने छैन भनी जबाफ दिई हिसाब फरफारक गर्नेतिर प्रयास नगरेको अवस्थामा नेपाल राष्ट्र बैंकको कर्जा सूचना तथा कालोसूचीसम्बन्धी निर्देशिका (इ.प्रा. निर्देशिका नं. १२/०७२) को १०.२ (ङ) ले निर्धारण गरेको आफ्नो कानूनी दायित्व तथा कर्तव्य पालना गर्ने सिलसिलामा कालोसूचीमा राख्ने प्रक्रियामा जाने जानकारी दिएको देखियो। प्रत्यर्थी/विपक्षी बैंकले आफूलाई कानूनले तोकेको दायित्व तथा कर्तव्य पालना गर्ने सिलसिलामा यी पुनरावेदक शशी अर्याललाई कालोसूचीमा राख्ने प्रक्रियामा जाने जानकारी दिएको उल्लिखित कार्यबाट पुनरावेदकको कुनै पनि हक अधिकारमा आघात पर्ने आशंका विद्यमान रहेको भन्ने अवस्था देखिएन। यस्तो स्थितिमा यी पुनरावेदक/निवेदकको निवेदन मागबमोजिमको निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ठहऱ्याई उच्च अदालत पाटन, हेटौंडा इजलासबाट भएको अन्तिम आदेशलाई अन्यथा भन्न मिल्ने देखिएन। उक्त अन्तिम आदेश बदर गरी निवेदकको मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुनुपर्छ भन्ने निवेदक शशी अर्यालको पुनरावेदन जिकिर स्वीकारयोग्य नदेखिने।

निवेदक शशी अर्यालको निवेदन मागबमोजिमको निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ठहऱ्याई उच्च अदालत

पाटन, हेटौंडा इजलासबाट मिति २०७४।०३।०७ मा भएको अन्तिम आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत शिवप्रसाद पराजुली

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०८० साल वैशाख १३ गते रोज ४ शुभम्।

**३२**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७६-CR-०६८८, लागु औषध (खैरो हेरोइन), नेपाल सरकार वि. प्रिन्सकुमार चौरसियासमेत*

वादी नेपाल सरकारको तर्फबाट परेको प्रस्तुत पुनरावेदनमा लिएको जिकिरतर्फ विचार गर्दा, प्रतिवादीहरू चढेको भारतीय BR२२V २४८८ नं.को बुलेट मोटरसाइकलको सिटमुनि लुकाइछिपाइ राखेको अवस्थामा अवैध लागु औषध खैरो हेरोइन २५ (पच्चिस) ग्राम फेला परेको बेहोरा मिसिल संलग्न प्र.स.नि. प्रदिपकुमार जैसवालको मिति २०७३।६।१३ को प्रतिवेदनका साथै सोही मितिको बरामदी मुचुल्काबाट देखिन्छ। उक्त लागु औषध परीक्षण गर्दा लागुऔषध खैरो हेरोइन पाइएको भन्ने केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला, काठमाडौंको परीक्षण प्रतिवेदनमा उल्लेख गरेको देखिन्छ। वादी पक्षका साक्षी प्रतिवेदक प्र.स.नि. प्रदिपकुमार जैसवालले आफूले पेस गरेको प्रतिवेदन र बरामदी मुचुल्कालाई समर्थन गरी अदालतमा बकपत्र गरेको पाइयो। लागु औषध सिर्जना बरामद भएको उल्लिखित भारतीय BR२२V २४८८ नम्बरको मोटरसाइकल प्रतिवादीमध्येका पन्नालाल साहको रहेको कुरामा पनि विवाद नभएको।

प्रतिवादीहरूउपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ) (ङ) र (च) बमोजिमको कसुरमा ऐ.ऐनको दफा १४(१)(छ)(१) बमोजिम सजायका साथै ऐ. ऐनको दफा १५ र १८ बमोजिम लागु औषध ओसारपसार गर्न प्रयोग गरेको मोटरसाइकलसमेत जफत हुनसमेत अभियोगपत्रमा माग दाबी लिएकोमा आरोपित कसुरमा प्रतिवादीहरू अदालतमा इन्कार रहेको देखिन्छ। प्रतिवादीहरू आरोपित कसुरमा इन्कार रहे तापनि उक्त इन्कारी प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा १२ ले यी प्रतिवादीहरूउपर रहनेमा प्रतिवादीहरूले कुनै वस्तुनिष्ठ प्रमाणबाट उक्त बरामदी लागु औषध आफ्नो साथबाट बरामद नभएको भनी प्रमाणबाट पुष्टि गर्न सकेको अवस्था मिसिलबाट नदेखिने।

प्रतिवादीहरूले अदालतमा गरेको बयानमा आफूहरूले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान बेहोरा झुट्ठा भएको तर सहीछाप आफ्नो भएको, बयानमा कुटपिट गरी सहीछाप गराएको, घटना विवरण कागजसमेत झुट्टो रहेको, आफूहरूले कुनै कसुर अपराध नगरेको, निर्दोष भएकोले सजाय हुनु नपर्ने भनी जिकिर लिएको देखिए तापनि यी प्रतिवादीहरूलाई अनुसन्धानको क्रममा मिति २०७३।०६।१३ मा पक्राउ परेदेखि म्याद थपको सिलसिलामा पटकपटक अदालतमा उपस्थित गराई मिति २०७३।०८।२७ मा मात्र अभियोगपत्र दायर गरिएको पाइन्छ। प्रतिवादीहरूले उक्त समयमा अदालतमा आफूहरूलाई अनुसन्धान अधिकारीले कुटपिट गरेको वा निजसमक्ष भएको बयान जबरजस्ती डर धाक दिई गराएको भनी सप्रमाण अदालतमा जिकिर लिन नसकेको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा ९ ले उक्त बयान प्रतिवादीहरूको विरुद्धमा प्रमाणमा लिन मिल्ने।

प्रतिवादीहरूले अभियोग दाबीबमोजिम २५ ग्राम लागु औषध खैरो हेरोइन बिक्री गर्ने उद्देश्यले नै आफ्नो सवारी साधनमा लुकाइछिपाइ राखेको अवस्थामा पक्राउ परी आरोपित कसुर गरेको पुष्टि भइरहेको अवस्थामा सुरू पर्सा जिल्ला अदालतबाट प्रतिवादीहरू पन्नालाल साह र पप्पु भन्ने प्रिन्सकुमार चौरसियाले लागु औषधसम्बन्धी अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी भएको मिति २०७४।१०।२४ को फैसला उल्टी गरी प्रतिवादीहरूले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४अन्तर्गतको निषेधित कार्य गरेको देखिएकोले निज प्रतिवादीहरू

पप्पु भन्ने प्रिन्सकुमार चौरसिया र पन्नालाल साहलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (छ)(१) बमोजिम जनही ८ वर्ष कैद र रु.१५,०००।– (पन्ध्र हजार) जरिवाना हुने र ऐ.ऐनको दफा १८ बमोजिम लागु औषध राखी ओसारपसार गर्न प्रयोग गरिएको भारतीय BR२२V २४८८ नम्बरको बुलेट मोटरसाइकल जफत हुने ठहऱ्याएको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको फैसला मनासिबै देखिने।

वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसकी अभियोग दाबीबाट प्रतिवादीहरूले सफाइ पाउने ठहऱ्याई भएको पर्सा जिल्ला अदालतको मिति २०७४।१०।२४ को फैसला उल्टी गरी प्रतिवादीहरूले अभियोग दाबीबमोजिम सजाय पाउने र बरामद मोटरसाइकलसमेत जफत हुने ठहऱ्याई उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७५।९।२९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७८ माघ ५ गते रोज ४ शुभम्।

**३३**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७२-WO-०१७१, उत्प्रेषणसमेत, सुरेस खत्री वि. श्रम अदालत, अनामनगर काठमाडौंसमेत*

अमृता विष्टसमेतले दीर्घायु गुरू हस्पिटलले लिएको अन्तर्वार्ताबाट समेत छनौट भएको देखिँदा निजहरूलाई नियुक्ति दिनुपर्नेमा सो दायित्व व्यवस्थापकले निर्वाह नगरेकोले श्रम ऐन, २०४८ को दफा ५५(१) अनुसार श्रम कार्यालय, बाग्मती अञ्चल, काठमाडौंले निज व्यवस्थापकलाई रु.१०,०००।- जरिवाना गरेको समेत देखिन्छ। यसरी आफूले श्रम ऐनको पालना नै नगरी विज्ञापन र अन्तर्वार्तासमेतबाट छनौट भएका कर्मचारीलाई नियुक्ति नदिई काममा लगाएको देखिन्छ। यस्तो अवस्थामा कर्मचारीहरूले नियुक्तिपत्र पेस गर्न नसकेकाले मेरो कर्मचारी होइनन् भनी निवेदकले लिएको जिकिर विश्वसनीय र तर्कसङ्गत देखिएन। दीर्घायु गुरू हस्पिटल प्रा.लि.का व्यवस्थापकलाई रु.१०,०००।- जरिवाना गरेको हदसम्मको श्रम कार्यालयको निर्णय सो हदसम्म बदर गरी विपक्षीहरूले मिति २०७१।०५।०४ गते दिर्घायु गुरू हस्पिटल प्रा.लि.का व्यवस्थापकसँग दाबी गरेबमोजिमको अमृता विष्ट थापालाई रु.३७,०००।- तारा के.सी. लाई रु.३७,०००।- कल्पना कोइरालालाई रु.३८,७५०।- सलिना ढकाललाई रु.३८,७५०।- र सुमित्रा तामाङलाई रु.३८,७५०।- बाँकी पारिश्रमिक भुक्तानी गर्नुपर्ने गरी श्रम कार्यालयको सो हदसम्मको निर्णयलाई सदर गरेको श्रम अदालतको निर्णयमा कुनै कानूनी त्रुटि भएको नपाइने।

श्रम कार्यालय वाग्मती, काठमाडौंले मिति २०७१।०८।०१ मा गरेको निर्णय र सो निर्णयलाई केही उल्टी गरेको श्रम अदालत, काठमाडौंको मिति २०७२।०४।२० को फैसलामा कानूनको त्रुटि नदेखिँदा उत्प्रेषणको आदेशले बदर हुनुपर्ने अवस्थाको विद्यमानता देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत - गगनदेव महतो

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल असोज २५ गते रोज ३ शुभम्।

**३४**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७३-CR-०७३३, लागु औषध गाँजा, नेपाल सरकार वि. रामायण राउत कुर्मीसमेत*

प्रतिवादीमध्ये रामायण राउत कुर्मीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (क) को कसुरमा सोही ऐनको दफा १४(१) को देहाय (घ)(५) अनुसारको सजाय गरिपाउँ भन्ने अभियोग दाबी रहेको देखिन्छ। उल्लिखित दफा ४ को देहाय (क) मा कुनै पनि व्यक्तिले गाँजाको खेती गर्न, उत्पादन गर्न, तैयारी गर्न, खरिद गर्न, बिक्री वितरण गर्न, निकासी

वा पैठारी गर्न, ओसार पसार गर्न, सञ्चय गर्न वा सेवन गर्न हुँदैन भन्ने प्रावधान रहेको पाइन्छ। त्यसैगरी दफा १४(१) को देहाय (घ) (५) मा दश किलोग्रामदेखि माथि जतिसुकै भए पनि दुई वर्षदेखि दश वर्षसम्म कैद र पन्ध्र हजार रूपियाँदेखि एक लाख रूपियाँसम्म जरिवाना हुने छ भन्ने व्यवस्था रहेको छ। उपर्युक्त कानूनी प्रावधान रहेको सन्दर्भमा, निज प्रतिवादी रामायण राउत कुर्मीलाई लागु औषध गाँजा सञ्चय गरेको कसुरमा कसुरदार कायम गरेकोमा कुनै विवाद नदेखिने।

प्रतिवादी रामायण राउत कुर्मीको हकमा लागु औषध (गाँजा) सञ्चय गरेको कसुरमा सुरू पर्सा जिल्ला अदालतले गरेको तजबिजी २ वर्ष ६ महिना कैद र रु.२०,०००।- (बिस लाख) जरिवानासमेतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसलालाई अन्यथा भन्न नमिल्ने।

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १५ को कसुरमा सोही ऐनको दफा १५ बमोजिम सजाय गरी यी प्रतिवादी उषादेवी कुर्मीको नाउँमा रहेको कि.नं. १७२१ जग्गामा रहेको गोठ घर तथा सो गोठ घरले चर्चेको जग्गा सोही ऐनको दफा १५ बमोजिम जफत गरिपाउँ भन्नेसमेत बेहोराको अभियोग दाबी रहेको देखिन्छ। यस सन्दर्भमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १५ मा कुनै घर, जग्गा वा सवारीको धनीले वा यसको भोग चलन गर्ने व्यक्तिलाई जानी जानी त्यस्तो घर, जग्गा वा सवारीमा दफा ४ अन्तर्गत निषेध गरिएको कुनै कार्य गर्न अनुमति दिएमा निजलाई छ महिनादेखि पाँच वर्षसम्म कैद वा दश हजार रूपियाँसम्म जरिवाना हुने छ। घर, जग्गा वा सवारीधनीले नै अपराध गरेकोमा वा अपराध गर्न अनुमति दिएकोमा त्यस्तो घर, जग्गा वा सवारीसमेत जफत हुन सक्ने छ भन्ने कानूनी प्रावधान रही प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ भन्ने व्यवस्था रहेको देखिन्छ। उपर्युक्त कानूनी प्रावधानको परिप्रेक्ष्यमा, प्रतिवादी उषादेवी कुर्मीले उक्त गोठ घरमा अवैध गाँजा राख्नको लागि अनुमति प्रदान गरेको भन्ने तथ्य वादीले भरपर्दो र निश्चयात्मक प्रमाणबाट पुष्टि गर्न नसकेको।

प्रतिवादी रामायण राउत कुर्मीलाई तजबिजी २ वर्ष ६ महिना कैद र रु.२०,०००।- (बिस हजार) जरिवानासमेत हुने र अर्का प्रतिवादी उषादेवी कुर्मीलाई अभियोग दाबीबाट सफाइ दिई निज नाउँको कि.नं. १७२१ को जग्गा र सोमा रहेको गोठ घरसमेत जफत नहुने ठहऱ्याई सुरू पर्सा जिल्ला अदालतले गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने।

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८ मा अपराधसँग सम्बन्धित मालसामान जफत हुने भन्ने कानूनी प्रावधान रहेको पाइन्छ। उल्लिखित कि.नं. १७२१ मा रहेको गोठ घरबाट गाँजा च्याप्ने १ थान मेसिन बरामद भएको तथ्य बरामदी मुचुल्का एवं प्रहरी सहायक निरीक्षक कमलेश यादवको प्रतिवेदन बेहोराबाटसमेत खुलेको पाइन्छ। त्यस्तै प्रतिवादी रामायण राउत कुर्मीसमेतले आफूले बनाएको उक्त गोठ घरबाट गाँजा च्याप्ने मेसिन बरामद भएको तथ्यलाई स्वीकार गरी मौकामा अधिकार प्राप्त अधिकारीसमक्ष बयानसमेत गरिदिएको अवस्था छ। उल्लिखित सन्दर्भमा, गाँजा च्याप्ने मेसिनलाई जफत नगर्ने गरी सुरू पर्सा जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।०५।०८ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई बरामद भएको गाँजा च्याप्ने मेसिन जफत हुने।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल असोज २५ गते रोज ३ शुभम्।

**३५**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी,** *०७३-CI-१२९२, अंश, बन्दना सुवेदीसमेत वि. प्रेस सुवेदी गिरी (पुष्पा)*

प्रतिवादीले लिएको बैंकको कर्जासमेत वादीलाई बन्डा हुनुपर्ने भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा मुलुकी ऐन अंशबन्डाको महलको १८ नं. बमोजिम बन्डा गर्दा सगोलको सम्पत्ति र सोबाट बढे बढाएको आर्जन एवम् लागेको ऋण सबै अंशियारलाई बन्डा लगाउनुपर्ने हुन्छ। यो अंशबन्डाको आधारभूत मान्यता पनि हो। तथापि ऋणको हकमा साहुका दाबी परेको बखत ठहरेबमोजिम यकिन गर्नुपर्ने हुन्छ। कानूनबमोजिम संस्थापित बैंक वा वित्तीय संस्थाबाट लिएको ऋणका सम्बन्धमा हेर्दा, पुनरावेदक प्रतिवादीले सुरू जिल्ला अदालतमा पेस गरेको तायदाती फाँटवारीमा प्रतिवादीको संलग्नता रहेको विभिन्न फर्म तथा कम्पनीले विभिन्न बैंकबाट ऋण लिएको भन्ने उल्लेख गरेको देखिए तापनि सो कर्जामा प्रतिवादीको व्यक्तिगत दायित्व के कति रहेको भन्ने विषयमा कुनै उल्लेख भएको देखिन आउँदैन। ती फर्म वा कम्पनीमा रहेको प्रतिवादीको सेयर र अन्य सम्पत्ति प्रत्यर्थी वादीलाई समेत बन्डा लाग्ने सम्पत्ति भनी प्रतिवादीले तायदाती फाँटवारीमा विवरण उल्लेख गरेको अवस्था पनि देखिँदैन। यस स्थितिमा प्रतिवादीको संलग्नता रहेको विभिन्न फर्म तथा कम्पनीको सम्पत्ति वादीलाई अंश बन्डा नलाग्ने तर तिनै फर्म कम्पनीको कर्जा भने वादीलाई समेत बन्डा लाग्छ भन्नु न्यायोचित र कानूनसम्मतसमेत देखिन आउँदैन। उक्त तायदाती विवरणमा उल्लेख गरिएको प्रतिवादीको नामको व्यक्तिगत कर्जाको हकमा यस अदालतको आदेशबमोजिम एभरेष्ट बैंक लिमिटेडबाट कर्जाको विवरण माग गरिएकोमा सो बैंकबाट प्राप्त मिति २०७७।१२।२३ को पत्रमा निजको नाउँको सम्पूर्ण कर्जाहरू चुक्ता भइसकेको र हाल निजले उक्त बैंकबाट कुनै कर्जा कारोबार नगरेको भन्ने उल्लेख भएको देखिन आएबाट प्रतिवादीले तायदाती फाँटवारीमा उल्लेख गरेको वादीलाई समेत बन्डा गर्नुपर्ने प्रकृतिको बैंक वित्तीय संस्थाबाट लिएको प्रतिवादीको नामको व्यक्तिगत कर्जा चुक्ता हुन बाँकी रहेको देखिन आएन। अन्य कर्जाका हकमा साहुको उजुरी परेको बखत हुने गरी सुरू फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

वादी प्रेस सुवेदी गिरीले तायदातीमा उल्लिखित सम्पत्तिबाट पाँच भागको एक भाग अंश पाउने ठहऱ्याएको सुरू ललितपुर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७३।२।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - ताराप्रसाद जोशी
कम्प्युटर : सुप्रभा अर्याल
इति संवत् २०७८ साल मङ्सिर १९ गते रोज १ शुभम्।

३६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी,** *०७१-CR-१३७२, जालसाजी, धावा डिम्डुङ्ग वि. आकृति थापासमेत*

पुनरावेदक प्रतिवादीले प्रतिवादी ध्रुव थापाका नाममा रहेका जिल्ला मकवानपुर पदमपोखरी गा.वि.स. वडा नं. २ कि.नं. १३३१ को ०-०-१६ जग्गा, कि.नं. २३२४ को ०-३-२ जग्गा र कि.नं. २०४० को ०-७-० जग्गाहरू मिति २०६६।२।१८ मा र.नं. २५६९ (ख) बाट राजीनामा पारित गरिलिएकोमा विवाद देखिँदैन। प्रत्यर्थी वादीले आफ्नो फिरादपत्रमा सो जग्गा हाम्रोसमेत अंश हक लाग्ने जग्गा हो र सोबाहेक अन्यत्र कतै जग्गा जमिन छैन भनी उल्लेख गरेको मा प्रतिवादीले सो कुरालाई स्वीकारै गरेको मिसिलबाट देखिएको छ। प्रतिवादी ध्रुव थापाले उपर्युक्त जग्गाहरू पुनरावेदक धावा डिम्डुङ्गलाई राजीनामा पारित गरिदिँदा आफ्नी एकाघरकी श्रीमती प्रत्यर्थी रिता थापाको मन्जुरी लिएको वा निजलाई सो लिखतमा साक्षी राखेकोसमेत अवस्था छैन। सो राजीनामाको लिखतमा घर खर्चबापत भनी उल्लेख गरे तापनि सो रकम के कुन काममा खर्च भएको हो सोसमेत खुलेको अवस्था नपाइँदा मुलुकी ऐन, अंशबन्डा महलको १९(१) समेतको विद्यमानता देखिँदैन। सुरूमा प्रस्तुत

जालसाजी मुद्दाको लगाउमा रहेको अंश चलन मुद्दामा यिनै वादी प्रतिवादिहरूबिच ५ भागको ४ भाग अंश पाउने ठहरी भएको फैसला अन्तिम भएर बसेको अवस्था देखिन्छ । उक्त जग्गाहरूमा प्रत्यर्थी रिता थापा तथा नाबालक छोराछोरीहरूको निर्विवाद अंश हक लाग्ने अवस्था देखिएको हुँदा र.नं. २५६९ (ख) को सो राजीनामाको लिखत सदर भई कायम रहन नसक्ने ।

पुनरावेदक प्रतिवादी धावा डिम्डुङ्गलाई किर्ते कागजको १० नं. बमोजिम बिगोको आधारमा रु. ७५,०००।- जरिवाना गर्ने गरी सुरू अदालतबाट फैसला भएकोमा केही उल्टी भई यी प्रतिवादीका हकमा जरिवाना गर्न नपर्ने भनी तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट फैसला भएको पाइन्छ । प्रतिवादी ध्रुव थापाले जग्गा खरिद गर्ने ग्राहक खोजिरहेको र यी पुनरावेदकलाई जग्गाको आवश्यकता परेको हुँदा पुनरावेदकले जग्गा खरिद गरेको भन्ने निजको प्रतिउत्तरबाट खुलेको देखिन्छ । यी पुनरावेदकले प्रत्यर्थी रिता थापालाई हानि नोक्सानी पुऱ्याउनुपर्नेसम्मको तथ्यगत अन्य कुनै कारण देखिँदैन । कानूनबमोजिम सम्पत्ति आर्जन गर्न सक्ने अधिकार प्रत्येक नगरिकलाई भएको र सोहीबमोजिम निज पुनरावेदक प्रतिवादीले जग्गा खरिद गरेको कार्यले नै प्रत्यर्थीहरूको हक मार्ने काम गरेको मान्न नसकिने हुँदा उक्त अदालतको फैसला मनासिब नै देखिने ।

र.नं. २५६९(ख) मिति २०६६।२।१८ को लिखतमा उल्लिखित कित्ता, जग्गा तथा घरसमेतबाट ५ भागको ४ भाग लिखत जालसाजी ठहरी निष्क्रिय हुने, प्रतिवादीहरूलाई किर्ते कागजको १० नं. बमोजिम बिगोको आधारमा रु.१,५०,०००।- दामासाहीले जरिवानाको सजाय गर्ने गरी मिति २०६८।२।२ मा भएको सुरू फैसला यी पुनरावेदक प्रतिवादीलाई किर्ते कागजको १० नं. बमोजिम बिगोको आधारमा जरिवाना गर्ने सो हदसम्मको सुरू फैसला केही उल्टी हुने गरी मिति २०७१।०८।२१ मा तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : इन्द्रकुमार खड्का

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०८० साल साउन २८ गते रोज १ शुभम् ।

## ३७

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी,** *०७१-CR-१३२६, सवारी ज्यान, नेपाल सरकार वि. श्याम तामाङ*

प्रतिवादी श्याम तामाङको हकमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२)(४) बमोजिम सजायको मागदाबी भएकोमा सुरू काठमाडौं जिल्ला अदालतले ऐ. को दफा १६१(३) बमोजिम सजाय गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट भएको फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट दोहोऱ्याइपाउँ निवेदन जिकिरमा श्याम तामाङ्गले सवारी चलाउने अनुमतिपत्र प्राप्त नगरी मोटरसाइकल चलाएको अवस्थामा घटना घट्न गएको भन्ने देखिएकोले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिमको सजायको माग भएकोमा दफा १६१(३) बमोजिम सुरू काठमाडौं जिल्ला अदालतले गरेको फैसलालाई नै सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको निर्णयमा उक्त कानूनी व्यवस्थाको अतिरिक्त ०६६-CR-०३६० पुनरावेदक जयकुमारी राईको जाहेरीले वादी नेपाल सरकार विपक्षी मोहमद जमिल अहमद मियाँसमेत भएको सवारी ज्यान मुद्दामा संयुक्त इजलासबाट प्रतिपादित सिद्धान्तसमेतको त्रुटि भई न्याय प्रशासन ऐन, २०४८ को दफा १२ उपदफा १ को देहाय खण्ड (क) र (ख) को अवस्था विद्यमान देखिँदा मुद्दा दोहोऱ्याइ हेर्ने निस्सा प्रदान हुने भनी यस अदालतबाट आदेश भएको अवस्था देखिने ।

प्रतिवादी श्याम तामाङले मौकामा गरेको बयान र अदालतमा गरेको बयान बेहोरा, सडक दुर्घटना प्रतिवेदनले औँल्याएको तथ्य जाहेरवालासमेतका साक्षीहरूले अदालतमा गरिदिएको बकपत्रसमेतका

प्रस्तुत मुद्दामा पेस भएका सबुद प्रमाणहरूबाट यी प्रतिवादी श्याम तामाङले गरेको कसुर सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) अन्तर्गतको जानीजानी वा लापरवाही गरी सवारी चलाएको नभई सवारी चलाउँदा सडकको अवस्थासमेतको कारण सवारी दुर्घटना हुन गई मृतकको मृत्यु हुन गएको देखिँदा उक्त ऐनको दफा १६१(३) नै आकृष्ट हुने अवस्था देखिने।

मुलुकी अपराध संहिता, २०७४ को दफा ४५ मा बालबालिकालाई हुने सजायसम्बन्धी व्यवस्था रहेको पाइन्छ। बालबालिकासम्बन्धी ऐन, २०७५ को २(ञ) मा बालबालिका भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनुपर्छ भनी परिभाषित गरिएको छ। प्रस्तुत मुद्दाका प्रतिवादी श्याम तामाङको जन्ममिति २०५२।०५।१७ मा भएको निजको नागरिकताको प्रमाणपत्रबाट देखिँदा वारदात मिति २०६९।०१।२६ मा निज प्रतिवादीको उमेर १६ वर्ष ८ महिना ९ दिन रहेको देखिन्छ।

तसर्थ, माथि विभिन्न प्रकरणमा विवेचित तथ्य, प्रमाण, कानून र प्रतिपादित नजिरसमेतका आधारमा प्रतिवादी श्याम तामाङले प्रस्तुत मुद्दामा सवारी चालक अनुमतिपत्र नभए तापनि व्यक्तिगत दुई पाङ्ग्रे बा. ४६ प ४९०६ नं. को सवारी साधन (मोटरसाइकल) चलाएको अवस्थामा बाटोको कारणसमेतबाट दुर्घटना भई पैदल यात्रु चन्द्ररत्न तुलाधरलाई ठक्कर लागी निजको मृत्यु भएकोले सवारी दुर्घटनाको कसुरमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम यी प्रतिवादी श्याम तामाङलाई १।०।० (एक वर्ष) कैद र रु.२,०००।- (दुई हजार रूपियाँ) जरिवाना हुने गरी मिति २०६९।११।२ मा भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७१।१।१४ को फैसला सदर हुने ठहर्छ। तथापि उक्त फैसलामा यी प्रतिवादी श्याम तामाङ वारदातका बखत १६ वर्षभन्दा माथि र १८ वर्षभन्दा कम उमेरको व्यक्ति भएकोले मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) तथा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम निजलाई दुइ तिहाई अर्थात् ०।८।० (आठ) महिना कैद हुने हुँदा सो हदसम्म कैदको लगत कायम हुने।

इजलास अधिकृत - इन्द्रकुमार खड्का
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०८० साल साउन २८ गते रोज १ शुभम्।

३८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७३-CR-०८९३, अदालतको अवहेलना, शान्तिदेवी राजवंशीसमेत वि. कल्पनाथ राजवंशी*

निवेदन दाबीका कि.नं. ४३४, ४३०, ४३५, ४३३, २७७, ३१, १७१, १८, ३३५, ३३८ र २७६ समेतका जग्गाहरू हाल यी प्रत्यर्थी वादी कल्पनाथ राजवंशीको भोग कब्जामा नै रहेको हो भनी मिसिल संलग्न रहेका उच्च अदालत, विराटनगरको मिति २०७३।०१।१७ को सर्जमिन मुचुल्कामा रहेका रामप्रसाद राजवंशी र नेवाजी मियाँसमेतले लेखाई खुलाइदिएको पाइन्छ । साथै, हामीले अदालतको आदेशको बर्खिलाप हुने गरी प्रत्यर्थी वादीको कुनै जग्गा कमाएको, कब्जा भोग गरेको होइन। हामी अदालतको आदेशको सधैँ परिपालना गर्दछौँ। अदालतप्रति हाम्रो पूर्ण सम्मान छ भन्नेसमेत बेहोरा उल्लेख गरी पुनरावेदक प्रतिवादीहरूले यस अदालतसमक्ष पुनरावेदन पत्र दायर गरेको अवस्था छ। यसरी उल्लिखित तथ्य एवं प्रमाणलाई समुचित मूल्याङ्कन नै नगरी यी पुनरावेदक प्रतिवादीहरूलाई अदालतको अवहेलनामा सजाय गर्ने गरी पुनरावेदन अदालत विराटनगरबाट भएको मिति २०७३।३।२८ को आदेशलाई कानूनसम्मत भन्न नमिल्ने।

पुनरावेदन अदालत विराटनगरबाट यी पुनरावेदकहरूको हकमा सम्म अदालतको अवहेलनामा

सजाय गर्ने गरी मिति २०७३।३।२८ मा भएको आदेश कानूनसम्मत नभएकोले बदर भई उल्टी हुने।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल मङ्सिर २७ गते रोज ३ शुभम्।

**३९**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री महेश शर्मा पौडेल,** *०७५-CR-१५६२, विनाइजाजत विदेशी विनिमेय कारोबार, नेपाल सरकार वि. रमेशकुमार अग्रवालसमेत*

प्रतिवादी रमेशकुमार अग्रवालका हकमा हेर्दा रमेश कुमारको डेरा कोठाबाट प्रतिवादीहरू रमेशकुमार अग्रवाल, अमन तलवार, नवल अग्रवाल र मदन अग्रवाल भारतीय रुपियाँ १६२,७४५। र ने.रु.३०,००,१००।- सहित पक्राउ परेको देखिन्छ। प्रतिवादी रमेशकुमार अग्रवालले अदालतमा बयान गर्दा मैले अवैध तरिकाले भारतीय रुपियाँ नेपाली रुपियाँसँग सटही गरी कारोबार गरेको होइन भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको भए तापनि बरामद भएको तथ्यलाई स्वीकार गरी बयान गरेको अवस्था छ। मूलतः प्रतिवादी रमेशकुमार अग्रवालको डेरा कोठाबाट ने.रु.३०,०१,०००। र भा.रु.१,६२,७४५।- बरामद भएकोमा विवाद छैन। रमेश अग्रवाल नेपालको धनगढीमा बसी व्यवसाय गर्दै आएको भन्ने मिसिलबाट देखिएको छ। नेपाली भू क्षेत्रमा अन्यथा प्रमाणित नभएसम्म नेपाली रुपियाँ राख्ने कार्यलाई कसुर मान्नुपर्ने अवस्था देखिँदैन। प्रचलित नेपाल कानूनले यस्तो कार्यलाई कसुर मानेको पनि देखिँदैन। बरामद भएको जम्मा रकम रु.३०,०१,०००।- मध्ये प्रतिवादी रमेश अग्रवालको भनिएको नेपाली रु.२५,१७,०००।- को सम्बन्धमा वादी नेपाल सरकारले अवैध रूपमा आर्जन गरेको वा अन्य कसुरजन्य कार्यमा आर्जित गरेको भन्ने दाबी लिएको देखिँदैन। अवैध रकम हो भन्ने पुष्टि हुने कुनै प्रमाण पेस गर्न सकेकोसमेत देखिँदैन। यसका साथै उक्त रकम विनाइजाजत भारतीय रुपियाँ सटही गरी आर्जित गरेको भन्नेसमेत पुष्टि हुन सकेको देखिँदैन। भारतीय रुपियाँसँग नेपाली रुपियाँ बरामद भएको कारणले मात्र बरामद सम्पूर्ण रकम विनाइजाजत सटहीको कारोबार गरी आर्जित गरेको हो भनी अर्थ गर्नु न्यायिक हुने हुँदैन। प्रतिवादी रमेशकुमार अग्रवालको बयानबाट यी प्रतिवादी लामो समयदेखि नेपालमा रही व्यापार व्यवसाय गर्दैआएको देखिएबाट यी प्रतिवादीको साथबाट उक्त नेपाली रुपियाँ बरामद हुनु अस्वाभाविक देखिँदैन। वादी नेपाल सरकारले निज प्रतिवादीको साथबाट बरामद भएको उल्लिखित रकम निजले कानूनबमोजिम राख्न नपाउने अवैध रहेको भनी तथ्ययुक्त प्रमाणसाथ पुष्टि गर्न नसकेको अवस्थामा निजको साथबाट बरामद भएको नेपाली रुपियाँ रु.२५,१७,०००।- बिनाइजाजत सटहीको कारोबारसँग सम्बन्धित रहेको भनी बिगो कायम गरी जफत गर्नुपर्ने नदेखिने।

प्रतिवादी रमेशकुमार अग्रवालबाट बरामद भएको भा.रू.१,६२,७४५।- का सम्बन्धमा उक्त भारतीय रुपियाँको बराबर हुने नेपाली रुपियाँ बिगो कायम गरी जरिवाना गर्नुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको छ। यस सम्बन्धमा हेर्दा मिसिल संलग्न नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयको प.सं.:बैंकिङ/०७२/७३/१२२२ मिति २०७३/०२/०३ को पत्रले विदेशी विनिमय व्यवस्थापन विभागबाट भारतीय रुपियाँको कारोबारका सम्बन्धमा मिति २०७२/०४/१८ मा जारी भएको इ.प्रा. परिपत्र सङ्ख्या ६४२ को बुँदा नं. ६(क) मा नेपाली र भारतीय नागरिकले प्रतिव्यक्ति भा.रु. २५,०००। (पच्चिस हजार) को सीमाभित्र रही खरिद बिक्री गर्न सकिने, भारतीय रुपियाँ ५००।- (पाँच सय) र १,०००।- (एक हजार) दरका नोटहरू प्रतिव्यक्ति भा.रू. पच्चिस हजारसम्म नेपालभित्र ल्याउन वा नेपालबाहिर लैजान सक्ने छन्" भन्ने व्यवस्था रहेको भन्ने उल्लेख देखिन्छ। यस अवस्थामा प्रतिवादी रमेशकुमार अग्रवालको साथबाट भा.रू.१,६२,७४५।-

(एक लाख बयसट्ठी हजार सात सय पैँतालिस रूपियाँ) बरामद भए तापनि नेपाल राष्ट्र बैंकको परिपत्र अनुसार निजको साथबाट बरामद भएकोमध्ये भा.रू.२५,०००।- सम्म निजले कानूनी रूपमा नै राख्न पाउने रकम देखिँदा उक्त रकमसमेतलाई बिगो कायम गरी प्रतिवादीलाई जरिवाना गर्नु न्यायसम्मत हुने देखिँदैन। यसर्थ, प्रतिवादी रमेशकुमार अग्रवालको साथबाट बरामद भएको भा.रू.१,६२,७४५।- मा निजले नेपाल राष्ट्र बैंकबाट जारी भएको परिपत्रबमोजिम राख्न पाउने भा.रू.२५,०००।- कटाई बाँकी हुने भा.रू.१,३७,७४५।- को सटही दर ने.रू.१/६० का दरले हुने ने.रू.२,२०,३९२।- सम्म अवैध रूपमा प्रतिवादीले आफ्नो साथमा राखेको देखिँदा सोही अनुसार नै प्रतिवादीको हकमा रू.२,२०,३९२।- बिगो कायम गरी जरिवाना गरेको उच्च अदालतको फैसला मनासिब देखिने।

अर्का प्रतिवादी मदन अग्रवाललाई अभियोग दाबीबाट सफाइ दिने गरी कैलाली जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरी उच्च अदालत दिपायलबाट भएको फैसला त्रुटिपूर्ण भएकाले उक्त फैसला बदर गरी निज प्रतिवादीलाई समेत अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा, प्रतिवादी मदन अग्रवालले सुरू अदालत तथा अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा प्रतिवादीमध्येका रमेशकुमार अग्रवाल नातामा भिनाजु पर्ने भएकाले निजलाई भेट्न आउँदा प्रहरीले पक्राउ गरेको हो। मैले अवैध भारतीय रूपियाँको कुनै कारोबार गरेको छैन र सो बारेमा मलाई थाहा पनि छैन भनी आरोपित कसुरमा पूर्णत: इन्कार रहेको देखिन्छ। यी प्रतिवादीको साथबाट अवैध रूपमा राखिएको कुनै रकम बरामद भएको भन्ने बरामदी मुचुल्कासमेतबाट देखिँदैन । सहप्रतिवादीहरूको बयानबाट समेत यिनलाई पोल गरेको तथा बरामद रकममा यिनको पनि रकम रहेको भन्ने देखिएको छैन। यी प्रतिवादीकोसमेत कसुरमा संलग्नता पुष्टि हुने वस्तुनिष्ठ प्रमाणहरू वादी पक्षबाट पेस हुन सकेको देखिँदैन। केवल रमेश अग्रवालको डेरा कोठाबाट रकम बरामद हुँदा यी प्रतिवादी उक्त स्थानमा रहेकोसम्म देखिएको र सोही आधारमा नै अभियोजन गरिएको भन्ने देखिने।

प्रतिवादीहरू रमेशकुमार अग्रवाल, अमन तलवार र नवल अग्रवाललाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५ को कसुरमा ऐ. दफा ९६(१) बमोजिम जनही ४ (चार) महिना कैद र प्रतिवादीहरू रमेशकुमार अग्रवालबाट रु.१७,३६,२००।- अमन तलवारबाट रु.२,५५,०००।- र नवल अग्रवालबाट रु. २,२९,०००।- बिगो कायम गरी बिगो जफत भई बिगोबमोजिम जरिवानासमेत हुने र प्रतिवादी मदन अग्रवालले आरोपित कसुरमा सफाइ पाउने ठहरी सुरू कैलाली जिल्ला अदालतबाट भएको मिति २०७३/०२/०४ को फैसला आंशिक बदर गरी प्रतिवादी रमेशकुमार अग्रवालको हकमा भा.रू.१,३७,७४५।- को हुने नेपाली रू.२,२०,३९२।- (दुई लाख बिस हजार तीन सय बयानब्बे) बिगो कायम गरी सोही बिगोबमोजिम जरिवाना हुने र अन्य विषयको हकमा सुरू फैसला सदर हुने गरी भएको उच्च अदालत दिपायलको मिति २०७५/०५/०३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौडेल / कृष्णशोभा सुवाल

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०८० साल फागुन २ गते रोज ४ शुभम्।

## ४०

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री महेश शर्मा पौडेल,** *०७८-CR-११८०, कर्तव्य ज्यान तथा हातहतियार खरखजाना, नेपाल सरकार वि. कमल गुरुङसमेत*

मृतक आशिष ठटाल र अन्य पाँचै जना प्रतिवादीहरू सँगै रातिको समयमा जंगलमा सिकार खेल्न गएको, निजहरूले दुई वटा भरुवा बन्दुक लिएर

गएको, निजहरू दुई दुई जनाको समूहमा बाँडिई तीन वटा समूहमा भई हिँडेको, एक वटा बन्दुक प्रतिवादी कमल गुरुङले र अर्को बन्दुक मृतक आशिषले लिएर हिँडेको भन्ने तथ्य मिसिल संलग्न कागजातबाट देखिन्छ । प्रतिवादी कमल गुरूङसमेतको बयानबाट मृतक आशिष ठटालको मृत्यु निज कमल गुरूङले चलाएको बन्दुकबाट गोली लागी भएकोमा विवाद नभए पनि यी प्रतिवादीले मृतकको मृत्यु हुनसक्छ भन्ने जानीजानी गोली प्रहार गरेको भन्ने मिसिल संलग्न कागजातबाट देखिएको छैन । प्रतिवादी कमल गुरूङले गोली चलाउँदा निजसँगै रहेका प्रतिवादी हेमन राईले रातिको समयमा ५० मिटरको दुरीमा बँदेलजस्तो आकृति देखी उक्त आकृतिलाई ताकेर गोली चलाएको देखिन्छ । प्रतिवादीहरू र मृतक सिर्जना सबै सरसल्लाह गरी मिलेर उक्त राति जंगलमा सिकार गर्न गएको भन्ने देखिएको छ । प्रतिवादीले मृतक वा अन्य कुनै मानिसको ज्यान जान सक्छ भन्ने जानीजानी वा थाहा भएर बन्दुक चलाएको पुष्टि हुने ठोस तथा वस्तुनिष्ठ प्रमाणहरू मिसिल संलग्न रहेको देखिँदैन । प्रतिवादी कमल गुरुङले मानिसको ज्यान जान सक्छ भन्ने जानीजानी मानिसको भिडभाडमा बन्दुक प्रहार गरेको वा जहाँ प्रहार गरिन्छ त्यहाँ मानिस भएको कुराको निश्चितता भएको अवस्था पनि छैन । प्रतिवादी कमल गुरुङले पचास मिटर टाढाबाट बँदेलको आकृतिजस्तो देखेकाले बँदेल हो भन्ने ठानी बन्दुक चलाएको भन्ने नै प्रतिवादीहरूले गरेको बयानसमेतबाट स्थापित हुन आएको छ । यसरी रातिको अवस्थामा ५० मिटरको दुरीमा रहेका मृतकलाई मानिस हो भन्ने कुराको जानकारी नभई बँदेल हो भन्ने ठानी गोली प्रहार गर्दा मृतकको मृत्यु भएको देखिँदा मुलुकी अपराध (संहिता), २०७४ को दफा १७८ मा कसैले कुनै काम गर्दा साधारणतया मानिसको ज्यान जानसक्छ भन्ने जानीजानी वा विश्वास गर्नुपर्ने कारण हुँदा हुँदै गोली चलाएको र यस दफाका पूर्वसर्तहरूको विद्यमानता रहेको देखिन आएन । बरू मानिस पनि हुनसक्छ भन्ने नसोची वा सँगै गएको साथी पनि हुनसक्छ भन्ने कुराको ख्याल नगरी परिणामको पूर्वज्ञान नभई गोली चलाएको देखिँदा दफा १८२ अनुसार हेलचेक्र्याइँको कसुर गरेको देखिन आयो । यस अवस्थामा प्रतिवादी कमल गुरूङलाई अभियोग दाबीबमोजिम जानी जानी मानिस मारेको कसुरमा सजाय गर्नु कानूनसम्मत र न्यायिक हुने हुँदैन । त्यसैले प्रतिवादी कमल गुरुङलाई हेलचेक्र्याइँपूर्वक कार्य गर्दा मृतकको मृत्यु भएको कसुर ठहर गरेको उच्च अदालत विराटनगरको फैसला विधायिकी मनसायअनुरुप देखिने ।

प्रतिवादीहरू हेमन राई, आविस्कार लिम्बु, संजेल राई र मदन वि.क. बराइलीलाई हातहतियार तथा खरखजानातर्फको अभियोग दाबीबमोजिम सजाय गर्नुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको छ सोतर्फ हेर्दा प्रतिवादी कमल गुरुङले अधिकारप्राप्त अधिकारी तथा अदालतमा बयान गर्दा आफू र आशिष ठटालले अवैध भरूवा बन्दुक सिकार खेल्नकालागि भनी लुकाइछिपाइ लगेको तथ्यमा साबित रहेको देखिन्छ । अन्य प्रतिवादीहरूले समेत अवैध हतियार कमल गुरुङको रहेको भनी अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा उल्लेख गरेका छन् भने अन्य प्रतिवादीहरू कसैको साथबाट कुनै किसिमको हातहतियार बरामद भएको मिसिल संलग्न बरामदी मुचुल्काबाट देखिँदैन । यस अवस्थामा प्रतिवादी कमल गुरुङबाहेकका अन्य प्रतिवादीहरूको हातहतियारतर्फको कसुर पुष्टि हुने कुनै ठोस प्रमाण वादी पक्षले पेस गर्न सकेको देखिँदैन । यी प्रतिवादीहरूलाई हातहतियारतर्फको अभियोग दाबीमा सफाइ दिने गरी भएको उच्च अदालत विराटनगरको फैसला पनि मिलेको देखिने ।

प्रतिवादी कमल गुरुङका हकमा अभियोग माग दाबीबमोजिमको सुनसरी जिल्ला अदालतको मिति २०७६।०९।०६ को कसुर ठहर गरी मिति २०७६।०९।१५ मा सजाय निर्धारण गरेको फैसला केही उल्टी गरी मुलुकी अपराध संहिता, २०७४ को

दफा १८२(१) बमोजिमको कसुरमा सोही संहिताको दफा १८२(२) बमोजिम २ वर्ष कैद र रू.२०,०००।- (बिस हजार रूपियाँ) जरिवाना हुने, मृतकका परिवारले यी प्रतिवादीबाट रू.५०,०००।- क्षतिपूर्ति भराइपाउने, हातहतियारतर्फ थप रू.१०,०००।- (दस हजार) जरिवाना हुने ठहर गरी यी प्रतिवादी कमल गुरुङको हकमा भएको अन्य फैसला सदर गरेको र अन्य प्रतिवादीहरू हेमन राई, आविस्कार लिम्बु, मदन वि.क.(वराइली) र संजेल राईको हकमा सुनसरी जिल्ला अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत विराटनगरबाट मिति २०७७।१२।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौडेल

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०८० साल माघ २९ गते रोज २ शुभम्।

**४१**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुनिलकुमार पोखरेल,** *०८०-WH-०१७२, बन्दीप्रत्यक्षीकरण, निर्जला पौडेल वि. सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौंसमेत*

बबिताकुमारी सापकोटाको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी निवेदिका निर्जला पौडेल भएको ०७७-CB-०७०६ नं. को बैंकिङ कसुर मुद्दाको कारबाहीको सिलसिलामा यी प्रतिवादीबाट दश लाख रूपियाँ नगद धरौट वा सो बराबरको जेथा जमानत वा बैंक जमानत दिए लिई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु, माग भएबमोजिमको धरौट वा जमानत दिन नसके कानूनबमोजिम सिधा खान पाउने गरी थुनुवा पुर्जी दिई सम्बन्धित कारागारमा थुनामा पठाइदिनु भनी उच्च अदालत पाटनबाट थुनछेकको क्रममा मिति २०७७।८।७ मा आदेश भएको तथ्य मिसिल संलग्न रहेको सो आदेश बेहोराबाट देखिन्छ। सोही सन्दर्भमा, प्रतिवादी निर्जला पौडेलले यस अदालतको मिति २०७७।८।७ गतेको आदेशानुसार माग भएको धरौट रकम दाखिला गर्न सक्तिनँ भनी कागज गरिदिएकोले निजलाई कानूनबमोजिम सिधा खान पाउने गरी थुनामा पठाइएको हो भन्ने बेहोरा उच्च अदालत पाटनको च.नं. ५०० मिति २०७७।८।७ को पत्रमा उल्लेख रहेको पाइन्छ। यसरी मिति २०७७।८।३ मा पक्राउ परी उच्च अदालत पाटनबाट माग गरिएको धरौटी रकम बुझाउन नसकी निवेदिका पुर्पक्षको लागि थुनामा रहे भएको देखिन आयो। बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(१) मा कसैले दफा ३ बमोजिमको कुनै कसुर गरेमा बिगो खुलेकोमा बिगो भराई बिगोबमोजिम जरिवाना र तीन महिनासम्म कैद हुने छ भन्ने कानूनी प्रावधान रहेको पाइन्छ। यसै बिचमा, उल्लिखित बैंकिङ कसुर मुद्दामा निवेदिकालाई १५ दिन कैदसमेत ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७७।१२।८ मा फैसला भएको अवस्था छ। यसप्रकार निवेदिका मिति २०७७।८।३ मा पक्राउ परी आफूलाई ठहर भएको १५ दिनको कैद एवं बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(१) अनुसार हुने ३ महिनाको अधिकतम कैदसमेत भुक्तान गरिसके तापनि आजको मितिसम्म निवेदिका कैदमा नै रहेको देखिने।

निवेदिकाले उच्च अदालत पाटनको मिति २०७७।१२।८ को फैसलाउपर चित्त नबुझाई यस अदालतमा मिति २०७८।५।३१ मा ०७८-RB-०१३२ नं. अन्तर्गत पुनरावेदन गरेकोमा हाल सो पुनरावेदन दर्ता भएको मितिले ६ महिनाभित्र फैसला हुनुपर्नेमा सो नभई उक्त पुनरावेदन हालसम्म विचाराधीन अवस्थामा रहेको देखिन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७(६) मा धरौट वा जमानत दिन नसकी कैदमा बसी पुनरावेदन दिने व्यक्तिको पुनरावेदनउपर त्यस्तो पुनरावेदन दर्ता भएको मितिले ६ महिनाभित्र फैसला हुन नसकेमा सम्बन्धित पुनरावेदन सुन्ने अदालतले निजलाई त्यस्तो अवधिपछि कैदबाट छाडी तारिखमा राखी मुद्दा पुर्पक्ष गर्नुपर्ने छ भन्ने कानूनी प्रावधान रहेको पाइन्छ। उल्लिखित कानूनी प्रावधानसमेतको

आलोकमा, यी निवेदिका निर्जला पौडेलको थुना कानूनसम्मत रहेको नदेखिने।

निवेदिका निर्जला पौडेललाई ०७८-RB-०१३२ नं.को बैंकिङ कसुर मुद्दाको रोहमा थुना मुक्त गरी उल्लिखित मुद्दा पुर्पक्ष गर्नको निमित्त साधारण तारेखमा राख्ने प्रयोजनार्थ विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत - गगनदेव महतो
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०८० साल पौष २९ गते रोज १ शुभम्।

## ४२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुनिलकुमार पोखरेल,** *०८०-WH-०१९५, बन्दीप्रत्यक्षीकरण, रामबहादुर पाण्डे वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

साबिक कपन गा.वि.स. को कार्यालयबाट मिति २०७०।०९।१९ गते जारी भएको निवेदकको बुबा लालबहादुर पाण्डेको मृत्युदर्ताको प्रमाणपत्रमा बसोबासको ठेगाना काठमाडौं जिल्ला, कपन गा.वि.स. वडा नं. ३ उल्लेख रहेको पाइन्छ। त्यसैगरी बुढानिलकण्ठ नगरपालिका वडा नं. १० को कार्यालयबाट मिति २०७४।१०।२८ मा यी निवेदकसमेतको नाता प्रमाणित प्रमाणपत्र जारी भएको देखिन्छ। उल्लिखित मृत्युदर्ताको प्रमाणपत्र एवम् नाता प्रमाणित प्रमाणपत्रसमेतबाट निज निवेदकको बसोबास रहेको ठेगाना काठमाडौं जिल्ला, कपन गा.वि.स. वडा नं. ३ हाल परिवर्तित बुढानिलकण्ठ नगरपालिका, वडा नं. १० रहेभएको देखिन आउँछ। साथै, सुरेन्द्रभक्त श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी रामबहादुर पाण्डे भएको ०७९-CB-०२१७ नं. को बैंकिङ कसुर मुद्दाको अभियोजन मिति २०७९।०४।१९ मा भएको देखिन्छ। उल्लिखित बैंकिङ कसुर मुद्दाको अभियोजन हुनुअगावै यिनै निवेदकउपर मिति २०७६।०९।२३ मा चलेको चेक अनादर मुद्दामा मिति २०७८।०७।२८ मा फैसला हुँदा निवेदकको वतन काठमाडौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका, वडा नं.१० मिलनचोक भनी उल्लेख भएको पाइन्छ। यसै गरी वादी सुजाता कक्षपति र प्रतिवादी यिनै निवेदक भएको बैना रकम, हर्जाना र क्षतिपूर्तिसमेत दिलाइ भराइपाउँ भन्ने मुद्दामा मिति २०७९।०९।२७ मा काठमाडौं जिल्ला अदालतसमक्ष फिराद दायर गर्दा यी निवेदकको ठेगाना काठमाडौं जिल्ला, कपन गा.वि.स. वडा नं. ३ भई हाल परिवर्तित बुढानिलकण्ठ नगरपालिका, वडा नं. १० मिलनचोक बस्ने भनी उल्लेख गरेको देखिन्छ। तथापि यी निवेदक प्रतिवादी रहेका उल्लिखित ०७९-CB-०२१७ नं. को बैंकिङ कसुर मुद्दाको कारबाहीको सिलसिलामा निवेदकको नाममा मिति २०७९।०७।२३ मा बेपत्ते म्याद तामेल भएकोमा उच्च अदालत पाटनको मिति २०७३।०८।२० गतेको आदेशले बदर भएपश्चात् उच्च अदालत पाटनबाट काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १० को ठेगाना उल्लेख गरी निवेदकको नामको म्याद राष्ट्रिय दैनिक पत्रिका गोरखापत्रमा मिति २०७९।०९।०४ र मिति २०७९।१०।०९ मा जारी एवम् प्रकाशित भएको देखिन्छ। यसरी उल्लिखित समाह्वान र म्याद सूचना निवेदकको वास्तविक एवम् बसोबास रहेको ठेगाना काठमाडौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका, वडा नं. १० मा जारी एवम् तामेल नभई गलत ठेगाना उल्लेख गरी जारी, प्रकाशित एवम् तामेल भएको देखिने।

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा २३ मा बैंकिङ कसुर मुद्दामा सम्बन्धित व्यक्तिको नाम एवम् वास्तविक ठेगानामा दुइ पटक म्याद सूचना प्रकाशित गर्नुपर्ने कानूनी प्रावधान रहेकोमा उल्लिखित बैंकिङ कसुर मुद्दामा सो प्रक्रियाको पालना भएको देखिएन। यसरी निवेदकको गलत वतन उल्लेख गरी म्याद तामेलीको सूचना प्रकाशित भएको देखिएको र सोही आधारमा उच्च अदालत पाटनबाट भएको फैसला उपर्युक्त संवैधानिक तथा कानूनी व्यवस्था एवं प्राकृतिक न्यायको मूलभूत सिद्धान्तसमेतको रोहमा त्रुटिपूर्ण देखिँदा सो मिति २०७९।१०।०९

समेतको जारी, प्रकाशित एवम् तामेली सूचना म्याद र उच्च अदालत पाटनको मिति २०८०।०२।३० को फैसलासमेत उत्प्रेषणको आदेशले बदर हुने।

रिट निवेदक रामबहादुर पाण्डे हाल कारागार कार्यालय नख्खु, ललितपुरमा थुनामा रहेको देखिँदा निजलाई सो बैंकिङ कसुर मुद्दामा झिकाई सुनुवाइको मौका दिई बयान तथा थुनछेकलगायत मुद्दामा जे जो बुझ्नुपर्ने हो बुझी पुन: कानूनबमोजिम कारबाही किनारा गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ। निवेदक कानूनबमोजिम अख्तियार प्राप्त अधिकारीले दायर गरेको मुद्दाको सिलसिलामा थुनामा रहेको र उक्त मुद्दामा थप कानूनी प्रक्रिया अवलम्बन गर्नुपर्ने अवस्था रहेको देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने देखिएन। बन्दीप्रत्यक्षीकरणको हकमा सम्म रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०८० साल पौष २९ गते रोज १ शुभम्।

**४३**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुनिलकुमार पोखरेल,** *०७४-CI-००७४, अंश चलन, जमुना लामासमेत वि. कान्छा तामाङसमेत*

कान्छा तामाङ, नरबहादुर तामाङ र बिजुले तामाङ मूल अंशियार रहे भएकोमा कुनै विवाद देखिँदैन। प्रस्तुत मुद्दामा वादी प्रतिवादी रहेका निज मूल अंशियारहरूसमेतका नाममा संयुक्त दर्ता स्रेस्ता भई पैतृक सम्पत्तिको रूपमा देखिएको काठमाडौं जिल्ला, थानकोट गा.वि.स. वडा नं. १(ग) को कि.नं. २२२ को जग्गाबाट वादीहरूले तीन भागको दुई भाग पाउने ठहर गरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलाउपर दुवै पक्षको मुख मिलेकै देखिँदा सोतर्फ थप विवेचना गरिरहनु परेन। यी मूल अंशियारहरूबिच २०२१ सालमा नापी हुनुपूर्व नै घरसारमा बन्डापत्र भई आ-आफ्ना भागमा परेका जग्गाहरू आ-आफ्ना नाममा नापी नामसारी गराई भोग, बिक्री एवं व्यवहार गर्दैआएको हो भन्ने पुनरावेदक प्रतिवादीहरूको जिकिर रहेको देखिन्छ। यस सन्दर्भमा, मूल अंशियारमध्ये कान्छा तामाङको भागमा परेको काठमाडौं जिल्ला, थानकोट गा.वि.स. वडा नं. १(ङ) को कि.नं. २४ को जग्गा निजले मोही हकबापत रकम बुझी छोडपत्र गरेको तथ्य भूमिसुधार कार्यालय, काठमाडौंको मि.नं. २८१/०४८।०२।२६ नं. को प्रमाण मिसिलमा उल्लेख रहेको पाइन्छ। अर्को मूल अंशियार नरबहादुर तामाङको भागमा आएको थानकोट गा.वि.स. वडा नं. १(ग) को कि.नं. ११४ बाट कित्ताकाट भई हाल कायम कि.नं. ३१५ को जग्गा निजले मिति २०६६।१०।१८ मा मिलापत्र गरी मोही हक छोडपत्र गरेको तथ्य भूमिसुधार कार्यालय, काठमाडौंको मि.नं. २०३/०६५।०७।२२ को मिसिलबाट खुल्न आउँछ। त्यसै गरी निज नरबहादुर तामाङको नाममा दर्ता रहेको दहचोक गा.वि.स. वडा नं.२(ग) को कि.नं. १ र ऐ.को वडा नं.१(ङ) को कि.नं. १९ को जग्गा कित्ताकाट भई आफ्ना छोरा नातिसमेतका नाममा दर्ता स्रेस्ता कायम गरे गराएको कुरा मिसिल संलग्न रहेका उल्लिखित जग्गाहरूको जग्गाधनी दर्ता स्रेस्ताको उतारबाट खुल्ने।

काठमाडौं जिल्ला, थानकोट गा.वि.स. वडा नं. १(ङ) को कि.नं. २० बाट कित्ताकाट भई हाल कायम कि.नं. २२५ र ११८समेतको जग्गा आफूहरूसमेतको अंश हक लाग्ने जग्गा हो भन्ने प्रत्यर्थी वादीहरूको फिराद दाबी रहेकोमा, पुनरावेदक प्रतिवादीहरू श्यामबहादुर तामाङ र सुरेन तामाङबिच मिति २०५३।१२।०६ र.नं. ४३०२ बाट पारित उल्लिखित कि.नं. २० को जग्गाको बन्डापत्रको लिखत बदर गरिपाउँ भन्ने वादी दाबी नपुग्ने ठहर भई प्रस्तुत मुद्दाको लगाउमा रहेका ०७८-CI-०३२० नं. को दूषित अंशबन्डा लिखत बदर मुद्दामा आज यसै इजलासबाट फैसला भएको पाइन्छ। सो ठहरेकाले

उल्लिखित कि.नं. २० को जग्गा कित्ताकाट भई कायम भएका कि.नं. २२५ र ११८ समेतको जग्गाबाट निज वादीहरूले अंश हक पाउने अवस्था रहेको नपाइने।

कि.नं. २२२ को जग्गाबाट मात्र वादीहरूले ३ भागको २ भाग लिन पाउने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतले गरेको फैसला नमिलेको हुँदा केही उल्टी भई वादीहरूले कि.नं. २० को जग्गा कित्ताकाट भई हाल कायम कि.नं. २२५ र ११८ को जग्गासमेतबाट अंश हक पाउने भनी ठहर गरेको उच्च अदालत पाटनबाट भएको फैसलासमेत त्रुटिपूर्ण देखिन्छ। तसर्थ, कि.नं. ८५ बाट कित्ताकाट भई कायम कि.नं. २२२ को जग्गाबाट ३ भागको २ भाग मात्र अंश वादीहरूले पाउनेमा कि.नं. २० बाट कित्ताकाट भई कायम कि.नं. २२५ र ११८समेतबाट अंश पाउने ठहऱ्याएको उच्च अदालत पाटनको मिति २०७४।०३।११ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई कि.नं. ८५ बाट कित्ताकाट भएको कि.नं. २२२ सम्मबाट वादीहरूले अंश पाउने। कि.नं.२० बाट कित्ताकाट भई कायम भएको कि.नं.११८, २२२ र २२५ समेतबाट निज वादीहरूले अंश नपाउने भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।३।२५ मा भएको फैसला मनासिब ठहर्ने।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०८० साल फागुन १५ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७४-CI-०३२०, दूषित अंशबन्डाको लिखत बदर, जमुना लामासमेत वि. कान्छा तामाङसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुनिलकुमार पोखरेल,** *०८०-WH-०१९९, बन्दीप्रत्यक्षीकरण, राजन माझी वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

यी निवेदकसमेत प्रतिवादी रहेका कर्तव्य ज्यान मुद्दामा निजलाई ठहरेको सर्वस्वसहित जन्मकैदको सजायलाई सदर हुने ठहर गरी यस अदालतबाट मिति २०७४।०७।१५ मा फैसला भएको तथ्य मिसिल संलग्न रहेको ०७१-CR-०६१७ नं. को कर्तव्य ज्यान मुद्दाको फैसलाको छायाँ प्रतिबाट देखिन्छ। निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रमा निजको जन्ममिति २०१९।०९।२२ उल्लेख रही निवेदकको हालको उमेर ६१ वर्ष पुगेको देखिन्छ। ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा २(क) मा ६० वर्ष उमेर पूरा भएको नागरिकलाई ज्येष्ठ नागरिक भनी परिभाषित गरिए तापनि सरकार वादी भई चलेको मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको ज्येष्ठ नागरिकलाई कैद सजायमा छुट दिन न्यूनतम उमेर ६५ वर्ष पुगेको हुनुपर्ने छ भन्ने ऐ.को दफा १२ मा उल्लेख रहेको देखिन्छ। फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ मा जन्मकैदको सजाय पाएको व्यक्तिको हकमा कैद कट्टा नहुने भन्ने कानूनी प्रावधान रहेको पाइने।

कैद सजायमा छुट पाउन यी निवेदकको न्यूनतम उमेर ६५ वर्ष हुनुपर्नेमा हाल निजको उमेर ६१ वर्ष मात्र पुगेको देखिएको, निवेदकले आफूलाई लागेको रोगको सन्दर्भमा मेडिकल बोर्ड वा सरकारी चिकित्सकबाट सिफारिस गराएको नपाइएको, साथै निजलाई कर्तव्य ज्यान मुद्दामा सर्वस्व जन्मकैदको सजाय हुने ठहर भई सो मुद्दा अन्तिम भई बसेको समेतबाट निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने देखिन आएन। बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनका लागि बन्दीलाई गैरकानूनी तवरले थुनामा राखिएको वा अधिकारक्षेत्रविहीन निकायबाट प्रवृत्त भावनाले थुनामा राखिएको वा अमानवीय तवरले थुनामा राखिएको हुनुपर्छ। निवेदकको थुना उल्लिखित कुनै पनि अवस्थाको नदेखिएकोले मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन नसक्ने।

निवेदकको थुना गैरकानूनी नदेखिएको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत - गगनदेव महतो

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०८० साल पौष २९ गते रोज १ शुभम्।

**४५**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुनिलकुमार पोखरेल,** *०७९-WH-०२१५, बन्दीप्रत्यक्षीकरण, आयुष भन्ने नारायण श्रेष्ठ वि. काठमाडौं जिल्ला अदालत बबरमहल, काठमाडौंसमेत*

निवेदक आयुष भन्ने नारायण श्रेष्ठ प्रतिवादी रहेका ०७१-CR-०१४३ नं. लगायतका ३१ थान जबरजस्ती चोरी मुद्दाहरूमा निवेदकलाई तत्काल प्रचलित मुलुकी ऐन, चोरीको महलको ४ नं. मा व्यवस्थित जबरजस्ती चोरीको कसुरमा ऐ.को १४(२) नं. बमोजिम कुल कैद २३६ वर्ष ३ महिना र जम्मा रु.५२,८९,८८६।५० (बाउन्न लाख उनानब्बे हजार आठ सय छयासी रूपियाँ पचास पैसा) जरिवाना ठहर हुने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७२।१२।२४ मा फैसला भएको तथ्य उल्लिखित जबरजस्ती चोरी मुद्दाहरूका प्रमाण मिसिलहरूबाट देखिन्छ। यसै सन्दर्भमा, साबिक मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. बमोजिम कैद हद भई कैद वर्ष ९ र ऐ.को दण्ड सजायको महलको ३८, ४० र ५३ नं. समेतका आधारमा जरिवानाबापत हुने कैद वर्ष ४ गरी निज निवेदकलाई जम्मा कैद वर्ष १३(तेह्र) भुक्तान गर्नुपर्ने भन्ने काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।९।११ मा जारी भएको कैदी पुर्जीबाट खुलेको देखिने।

काठमाडौं जिल्ला अदालतबाट मिति २०७२।१२।२४ मा निवेदकलाई उल्लिखित साबिक मुलुकी ऐन, चोरीको महलको ४ नं. मा व्यवस्थित जबरजस्ती चोरीको कसुरमा ऐ.को महलको दफा १४(२) अनुसारको कानूनी प्रावधानबमोजिम नै कैद, जरिवाना एवम् जरिवानाबापत समेत कैद हुने ठहर भई फैसला भएको पाइने।

मुलुकी अपराध संहिता, २०७४ मा जबरजस्ती चोरीको कसुरको व्यवस्था नभएकोले निवेदकलाई जबरजस्ती चोरीको कसुरमा कैद र सजाय नै हुनु नपर्ने वा फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा ५ र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) को रोहमा घटी सजाय हुनुपर्ने भन्ने निवेदन माग दाबी मनासिब देखिएन। यसरी साबिक मुलुकी ऐन, चोरीको महलको अन्तर्गत जबरजस्ती चोरीको कसुरमा फैसलामा ठहरेबमोजिमको कैद जरिवाना ठेकी निवेदकलाई दिएको कैदीपुर्जीलाई गैरकानूनी भन्न मिलेन। मूलतः बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनका लागि बन्दीलाई गैरकानूनी तवरले थुनामा राखिएको वा अधिकारक्षेत्रविहीन निकायबाट प्रवृत्त भावनाले थुनामा राखिएको वा बन्दीलाई अमानवीय तवरले थुनामा राखिएको हुनुपर्छ। मिसिल संलग्न प्रमाणहरूबाट निवेदकको थुना उल्लिखित कुनै पनि अवस्थाको नदेखिएको हुँदा मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने नदेखिने।

सुरू काठमाडौं जिल्ला अदालतले कैदीपुर्जी संशोधन गर्न नमिल्ने भनी मिति २०७९।०५।३१ मा गरेको आदेश र सो आदेशलाई सदर गरेको उच्च अदालत पाटनको मिति २०७९।१२।०२ को आदेशमा कानूनको कुनै त्रुटि नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत - गगनदेव महतो

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०८० साल पौष २९ गते रोज १ शुभम्।

## इजलास नं.९

### ४६

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०८०-WH-०१०१, बन्दीप्रत्यक्षीकरण, Amadeu Candido De Oliverira (Passport No. NSP5R5205) वि. गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

प्रस्तुत निवेदनमा यी निवेदकलाई यस अदालतबाट मिति २०८०।०४।३२ मा अध्यागमन विभागको मिति २०७६।०७।०६ को निर्णय अनुसार पर्यटक भिसा नियमित नगरेको र नेपालमा १५० दिनभन्दा बढी ओभरस्टे गरेकोले अध्यागमन नियमावलीको (संशोधित) अनुसूची ९(२)(ङ) बमोजिम गणना गरी भिसा शुल्क, विलम्ब शुल्क र जरिवाना निर्धारण भई सो रकम भुक्तान गर्न नसकेकोले कारागार कार्यालय, जगन्नाथदेवल काठमाडौंमा कैदमा राख्न पठाएको विषयमा मिति २०७६।०७।०६ को अध्यागमन विभागका निमित्त महानिर्देशकको निर्णयमा यी निवेदकलाई "स्वच्छ सुनुवाइको मौका दिएको नदेखिएको, सरकार वादी भई चल्ने मुद्दामा सरकारी वकिलसमक्ष अध्यागमन ऐन, २०४९ को दफा १२ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३१ बमोजिम अध्यागमन विभागको अनुसन्धान अधिकारीले अनुसूची-१९ बमोजिमको ढाँचामा अनुसन्धान प्रतिवेदन सम्बन्धित सरकारी वकिलसमक्ष पेस गरेको नदेखिएको तथा न्यायिक मनको प्रयोग गरी आधार र कारणसमेतको निर्णयसमेत गरेको नदेखिँदा उक्त अध्यागमन विभागको निमित्त महानिर्देशकको टिप्पणी आदेशलाई सदर गर्ने मिति २०७६।०७।०६ को निर्णय र अध्यागमन विभागबाट मिति २०७६।०७।२१ मा जारी भएको कैदी पुर्जीसमेत यस अदालतबाट मिति २०८०।०४।३२ मा उत्प्रेषणको आदेशले बदर गरिदिएको देखिने।

यस अदालतको उक्त आदेशपश्चात् निज निवेदक मिति २०८०।०५।२५ मा केन्द्रीय कारागार कार्यालयबाट कैद मुक्त भई अध्यागमन विभागमा थुनामा रहेको देखिन्छ । निज निवेदकलाई मिति २०७६।०७।०६ देखि मिति २०८०।०५।२६ सम्म कैदमा रहेको अवधिलाई प्रतिदिन रु.३ ००।- का दरले निजको रु. १५,०५,२९९।१० मध्ये रु. ४,२६,३००।- कट्टा गरी रु. १०,७८,९९३।- भुक्तानी गर्न बाँकी रहेको भनी सो सम्बन्धमा नेपाल सरकार गृह मन्त्रालयमा राय सुझावको लागि पठाएकोमा गृह मन्त्रालयले अदालतबाट भएको फैसलाबमोजिम रिट निवेदकले चाहेमा नियमानुसार जो जे गर्नुपर्ने हो गरी कैद मुक्त गराई बसोबास भएको देशमा फिर्ता पठाउने व्यवस्था गर्न वा उक्त फैसलाको तपसिल खण्डमा आदेश भएबमोजिम निर्णयकर्ता वा न्यायिक मनको समेत प्रयोग गरी आधार र कारणसहित सम्पूर्ण कानूनी प्रक्रिया पूरा गरी प्रक्रिया अघि बढाउने भन्ने मिति २०८०।०६।०७ को राय रहेको देखिने।

अध्यागमन विभागले पुनः गृह मन्त्रालयको रायबमोजिम भनी निज निवेदकका सम्बन्धमा मिति २०८०।०६।१० मा नयाँ अनुसन्धान अधिकृत तोकी मिति २०८०।०६।१९ मा जरुरी पक्राउ पुर्जी दिई पहिलोपटक भनी मिति २०८०।०६।१९ मा १० दिनको म्याद थप गरी पुनः अनुसन्धानको लागि थुनामा राखेको देखियो। निवेदकलाई यस अदालतबाट निजका सम्बन्धमा भएको मिति २०७६।०७।०६ को निर्णय नै गैरकानूनी भएको भनी यस अदालतबाट निर्णय भई निजको थुना गैरकानूनी देखिएको अवस्थामा निजका सम्बन्धमा पुनः जरुरी पक्राउ पुर्जी जारी गर्ने, अनुसन्धान अधिकृत तोक्ने र अनुसन्धानको लागि थुनामा राख्ने कार्य यस अदालतको मिति २०८०।०४।३२ को आदेशविपरीत भएको देखिने।

रिट निवेदकका सम्बन्धमा अध्यागमन विभागको मिति २०८०।०६।१० को अनुसन्धान अधिकृत तोक्ने, मिति २०८०।०६।१९ मा दिइएको

जरुरी पक्राउ पुर्जी र त्यसबाट सिर्जित अन्य कार्यहरू उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निज निवेदकलाई कैदको निर्णय गर्ने मिति २०७६।०७।०६ को प्रक्रिया नै गैरकानूनी भएको अवस्थामा निजले तिर्नु बुझाउनुपर्ने ओभर स्टे गरेको भनिएको भिसा शुल्क, विलम्ब शुल्क र जरिवानालगायतको रकम तिर्नु बुझाउनुपर्ने देखिन आएन । निजलाई आफ्नो देश फिर्ता जाने टिकटको व्यवस्था गर्न र जिम्मा लिन नेपालको लागि नेदरल्याण्डका आवासीय Honorary Consulate दिपकराज सापकोटा यस इजलासमा उपस्थित भई मन्जुरी गरेको र निजको तिर्नु बुझाउनुपर्ने रकमका सम्बन्धमा अदालतबाट स्पष्ट आदेश भएमा र निजले आफ्नो देश फर्कने टिकट प्रस्तुत गरेमा विभागले कानूनी प्रक्रिया पूरा गरी फिर्ता पठाउन तयार रहेको भनी अध्यागमन विभागका महानिर्देशक रुद्रसिंह तामाङले इजलाससमक्ष उपस्थित भई जानकारीसमेत गराएको हुँदा सम्बन्धित कारागार कार्यालयबाट आजै थुनामुक्त गर्नु भनी गृह मन्त्रालय सिंहदरबार काठमाडौंसमेतको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : सरिता रिजाल

कम्प्युटर : चन्द्राबती तिमल्सेना

इति संवत् २०८० असोज २६ गते रोज ६ शुभम् ।

**४७**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-WO-०२७१, उत्प्रेषण, कृष्णप्रसाद खनाल वि. श्री महानिर्देशकज्यू, नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय बबरमहल, काठमाडौंसमेत*

निवेदकले दाबी गरेअनुसार विपक्षी लोक सेवा आयोग तथा बढुवा समितिको बढुवाको निर्णय बदर हुनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा, मिसिल संलग्न विवादित विज्ञापन नं. ४२/०७३/७४ को अङ्क गणना फाराम हेर्दा कूल माग भएको २ वटा पदमा निवेदक सिर्जना ५ जना उम्मेदवार रहेको देखिन्छ । बढुवा भएका दुई जना उम्मेदवारहरू दिपेन्द्रकुमार चौधरी र सुनिलप्रसाद केशरीको कूल अङ्क ७५.७२७७ रहेको, प्राप्ताङ्कको आधारमा तेस्रो नं. का उम्मेदवार खेमराज अधिकारीको ७५.४५७२, चौथो नं. का रोशन लामिछानेको ७४.९५७५ र पाचौँ अर्थात् अन्तिम नं. मा रहेक यी निवेदकको कुल अङ्क ७१.७२७७ रहेको र निजलाई माथिल्लो तहको शैक्षिक योग्यताबापतको ४ अङ्क प्रदान नगरिएको देखिन्छ । सो अङ्कका आधारमा उम्मेदवारहरू दिपेन्द्रकुमार चौधरी र सुनिलप्रसाद केशरीलाई बढुवाको लागि सिफारिस गर्ने गरी नेपाल नागरिक उड्डयन प्राधिकरणले मिति २०७४।०१।२७ मा निर्णय गरी मिति २०७४।०१।२८ मा सोको सूचना प्रकाशन गरेको देखिन्छ । सो सिफारिसउपर यी रिट निवेदकसमेतको उजुरी परेकोमा छानबिन गर्दा उम्मेदवार सुनिलप्रसाद केशरीको आ.व. २०७०।७१ को का.स.मु. फाराम नियमावली अनुसार १५ दिनभित्र दर्ता गर्नुपर्नेमा सो अवधि नघाई मिति २०७४।०४।२७ मा दर्ता गरेको देखिएको भनी आवश्यक कारबाहीका लागि छनबिन गर्न गठित बढुवा सिफारिस उजुरी समितिले पेस गरेको प्रतिवेदनका आधारमा निज सुनिलप्रसाद केशरीलाई सो ढिला दर्ता भएको का.स.मू. बापतको अङ्क कट्टा गरी निजको सट्टा खेमराज अधिकारीलाई दोस्रो नं. मा बढुवाको लागि सिफारिस गर्ने गरी मिति २०७४।०६।३१ मा संशोधित योग्यताक्रम प्रकाशन गरेको देखिने ।

माथिल्लो शैक्षिक योग्यताबापतको अङ्क यी निवेदकलाई प्रदान गर्न नमिल्ने भएकाले सो अङ्कगणना विवरणबमोजिम मिति मिति २०७४।०६।३१ मा भएको संशोधित बढुवाको सिफारिस कानूनसम्मत रहेको देखिँदा सोको आधारमा भएको बढुवाको निर्णय र सोसँग सम्बन्धित सूचना, पत्राचारलगायतका काम कारबाही बदर हुनुपर्छ भन्ने रिट निवेदकको निवेदन दाबीसँग सहमत हुन सकिएन । नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालयको मिति २०७८।०७।०७

को निर्णयानुसार निवेदकको तह ५ मा बढुवा भइसकेको मिसिल संलग्न निजको नियुक्तिपत्रबाट देखिएको हुँदा प्रस्तुत रिट निवेदनको प्रयोजन समाप्त भइसकेको देखिन्छ। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत :- विकाशकुमार रजक

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७९ ज्येष्ठ २५ गते रोज ४ शुभम्।

४८

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७५-CR-१८५८, ०७५-CR-२१४५, जबरजस्ती करणी, नेपाल सरकार वि. परिवर्तित नाम २०७२ कीर्तिपुर (छ) समेत, सुड्डो भन्ने प्रदिप महर्जन वि. नेपाल सरकार*

प्रतिवादी सुड्डो भन्ने प्रदिप महर्जनले अदालतमा आरोपित कसुरमा इन्कार रही बयान गरेको भए तापनि निजको उक्त इन्कारी बयान पुष्टि हुने कुनै ठोस आधार र प्रमाण निज प्रतिवादीबाट पेस हुन सकेको देखिँदैन। मौकामा बयान गर्दा आरोपित कसुरमा साबित भई बयान गरेको र निजको सो साबितीलाई पुस्ट्याइँ हुने गरी अर्का प्रतिवादी पवन महर्जनले पीडितलाई पहिले आफूले त्यसपछि प्रदीप महर्जनले करणी गरेका हुन् भनी अदालतमा बयान गरेको देखिन्छ। प्रतिवादी पवन महर्जनले स्वयं अदालतमा उपस्थित भई आरोपित कसुर स्वीकार गर्दै पीडितलाई पहिला आफूले करणी गरेको हुँ पछि साथीहरू प्रदिप महर्जन, सुमन लामासमेतले पीडितलाई करणी गरेका हुन् भनी कसुरमा साबित भई बयान गरिरहेको देखिएबाट निज प्रतिवादीहरूउपरको कसुर स्थापित हुन आएको प्रस्ट देखियो। यस अवस्थामा यी प्रतिवादीहरू सुड्डो भन्ने प्रदिप महर्जन र पवन महर्जनलाई अभियोग दाबीबमोजिम सजाय हुने गरी सुरू अदालतबाट भएको फैसला सदर हुने ठहर गरी उच्च अदालत, पाटनबाट भएको फैसला मनासिबै देखिएकोले उक्त फैसला बदर गरी सफाइ पाउँ भन्ने प्रतिवादीहरू सुड्डो भन्ने प्रदिप महर्जन र पवन महर्जनको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू सुड्डो भन्ने प्रदिप महर्जन र पवन महर्जनलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीत ऐ. ३ (२) नं. बमोजिमको कसुरमा ऐ. ऐन, ऐ. महलको ३ नं. को देहाय २ बमोजिम जनही ८(आठ) वर्ष कैद तथा प्रतिवादीहरूले पीडितलाई सामूहिकरूपमा जबरजस्ती करणी गरेको पुष्टि भएकोले ऐ. को ३क नं. बमोजिम जनही थप ५ (पाँच) वर्ष कैद हुने, पीडितलाई महिला तथा बालबालिका कार्यालयबाट क्षतिपूर्ति स्वरूप रु. ५०,०००।- (अक्षरेपि पचास हजार रूपियाँ) भराइदिने र अन्य प्रतिवादीहरू परिवर्तित नाम २०७२ कीर्तिपुर (छ) र परिवर्तित नाम २०७२ कीर्तिपुर (ज) ले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।०८।०९ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७५।८।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इति संवत् २०७९ साल साउन ३१ गते रोज ३ मा शुभम्।

४९

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुनिलकुमार पोखरेल,** *०७९-RC-००१२, कर्तव्य ज्यान, नेपाल सरकार वि. पर्वत राई*

प्रतिवादी पर्वत राईले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा मिति २०७६।०८।२२ मा बिहान ४ बजे सिरानीमा राखेको खुकुरी निकाली बहिनी तारा राईलाई काट्न भनी बहिनी सुतेको ठाउँमा जाँदा निज भागेकाले निजलाई खेद्दै जाँदा आमा सिर्जना राईले थाहा पाई छेक्न थालेपछि आमालाई खुकुरी प्रहार गरेको हुँ। वारदातमा प्रहार गरेको खुकुरी खाटमुनि राखी भागेको हुँ भनी र अदालतमा बयान गर्दा बहिनीलाई खुकुरीले ताक्न थाले बहिनी भागिन् खुकुरीले आमालाई हान्न पुगेको हो भनी उल्लेख गरी आफूले गरेको खुकुरी प्रहार अर्थात् आफ्नो कर्तव्यबाट आमा सिर्जना राईको मृत्यु भएको हो भनी आरोपित

कसुरमा अधिकार प्राप्त अधिकारीसमक्ष र सुरू अदालतमा बयान गर्दासमेत साबित रहेको देखिन्छ । उल्लिखित तथ्यहरूबाट यी प्रतिवादी पर्वत राईलाई आरोपित कसुरमा अभियोग मागदाबीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) को कसुरमा सोही संहिताको दफा १७७(२) बमोजिम जन्मकैदको सजाय हुने ठहरी सुरू जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने ठहर गरी उच्च अदालत विराटनगरबाट भएको फैसला मिलेकै देखिँदा अन्यथा मान्न नमिल्ने ।

तर प्रतिवादीले अनुसन्धान तथा अदालतमा समेत बयान गर्दा आरोपित कसुरमा साबित भई बयान गरी न्यायिक प्रक्रियामा सहयोग गरेको, आफूलाई जन्मदिने आमालाई धारिलो हतियार प्रयोग गरी मार्नुपर्नेसम्मको कुनै कारण पूर्वरिसइवी केही रहे भएको भन्ने मिसिल संलग्न प्रमाणबाट नदेखिएको, सुरू अदालतमा बयान गर्दा स.ज. ७ मा कालो छायाँ परेर मेरो शरीरमा छिरेको थियो भन्नेजस्तो अन्धविश्वासको कारणले बहिनीलाई खुकुरी प्रहार गर्दा निजको शरीरमा रहेको मृत आत्मा बाहिर जाने सोचेर बहिनीलाई खुकुरी प्रहार गर्न जाँदा बिचमा आमा आइपुगेको मात्र कारणले आमालाई प्रहार गर्न पुगेको हुँ भन्नेसमेत बयान गरेको देखिँदा निजको मानसिक अवस्था ठिक नरहेको देखिएको अवस्थामा विना पूर्वतयारी, विना कुनै कारण प्रतिवादीबाट भएको कसुरमा निजलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएकोले मुलुकी अपराध संहिता, २०७४ को दफा ४७ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. समेतमा भएको कानूनी व्यवस्थाको रोहमा निजलाई १५(पन्ध्र) वर्ष कैद गर्दा पनि न्यायको मक्सद पूरा भई निज पुनः समाजमा स्थापित भई सामान्य जीवन व्यतीत गर्न सक्ने देखिएकोले निज प्रतिवादीलाई १५(पन्ध्र) वर्ष कैद हुने देखिने ।

प्रतिवादी पर्वत राईलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ (१) को कसुरमा सोही संहिताको दफा १७७(२) बमोजिम जन्मकैदको सजाय ठहऱ्याई उच्च अदालत विराटनगरबाट मिति २०७८।०१।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने भए तापनि यी प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने भएकोले १५(पन्ध्र) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत : सरिता रिजाल

कम्प्युटर : चन्द्राबती तिमल्सेना

इति संवत् २०८० साल माघ २२ गते रोज २ शुभम् ।

**५०**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुनिलकुमार पोखरेल,** *०७८-CR-०७५९, ०७९-RC-००८८, कर्तव्य ज्यान, रामप्रसाद लामिछाने वि. नेपाल सरकार, नेपाल सरकार वि. दामोदर गिरी*

प्रतिवादी दामोदर गिरीले गरेको आपराधिक कार्य मिसिल संलग्न निजको मौकाको कागज तथा निजकी आमासमेतले छोरा कसुरदार भएको भनी गरिदिएको कागज तथा लास जाँच प्रकृति मुचुल्कासमेतका कागज प्रमाणबाट गरिदिएको अवस्थामा निजको सुरू अदालतमा गरेको इन्कारी बयान मात्र कसुरबाट उन्मुक्ति दिने आधार बन्न सक्ने अवस्था देखिन आएन । उक्त इन्कारी बयानलाई अन्य प्रमाणहरूले कहीँकतैबाट समर्थन गरेको देखिँदैन । साथै मृतक प्रतिवादी कृष्ण भन्ने दामोदर गिरीको पिता रहेको र निज प्रतिवादीको आमा तथा मृतककी पत्नीले आफ्नो लोग्नेको मृत्युमा आफ्नै छोराको संलग्नता भएको भन्ने कुरा उल्लेख गरी निजको विरुद्ध पोल गरेको देखिँदा आफ्नै छोरालाई पोल गर्नुपर्ने अन्य कुनै कारणसमेत नदेखिँदा उक्त वारदातमा यी प्रतिवादीको संलग्नता थियो भन्ने प्रमाणहरूबाट देखिन आएकोले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम यी प्रतिवादीलाई दोषी ठहर गरी भएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला मनासिब नै देखिने ।

त्यस्तै उक्त वारदातमा पुनरावेदक प्रतिवादी

रामु भन्ने रामप्रसाद लामिछानेको संलग्नता छ, छैन भन्ने सम्बन्धमा हेर्दा प्रतिवादी कृष्ण भन्ने दामोदर गिरीले मौकामा बयान गर्दा प्रतिवादी रामु भन्ने रामप्रसाद लामिछाने र आफूसमेत भई मृतकको मुख थुन्ने, निजलाई समात्ने मुक्का प्रहार गर्ने तथा ढोकाको आग्लोले हान्नेसम्मको कार्य गर्दा निजको मृत्यु भएको र निजलाई हामी दुबै जना मिली घर नजिकैको बेडुलाको रुखमा निजको गलबन्दीको पासो लगाई झुन्ड्याइदिएको हो भनी बयान गरेको देखिन्छ। बरामदी मुचुल्कामा रगत लागेजस्तो देखिने सिरक डसनाको खोल, कृष्ण भन्ने दामोदर गिरी सुत्ने कोठाबाट काठको आग्लोसमेत फेला परेको भनी उल्लेख भएको देखिएको अवस्थामा प्रतिवादी कृष्ण भन्ने दामोदर गिरीको मौकाको बयान बेहोरालाई बरामदी मुचुल्काले समेत समर्थन गरेको देखिने।

वारदात हुँदाको परिस्थिति हेर्दा कृष्ण गिरी भन्ने दामोदर गिरीको पोलबाट रामु भन्ने रामप्रसाद लामिछानेलाई प्रस्तुत मुद्दामा प्रतिवादी बनाइएको देखिन्छ। उक्त पोल अनुसार यी प्रतिवादीले वारदात घटाउन सहयोग गरेको र मृतकको लासलाई रुखमा झुन्ड्याउन सहयोग गरेको भन्ने देखिन आउँछ। मृतकका छोरा प्रतिवादी दामोदर गिरीले सुरूमा जाहेरी दिँदा मृतकको पितालाई कसैले कुटपिट गरी मारी झुण्ड्याएको वा आफैँ मरेको थाहा भएन भनी ढाँटी जाहेरी दिएको देखिन्छ। मृतककी पत्नी तथा निज जाहेरवालाकी आमा हुमकला गिरीले गोपाल गिरीको मृत्यु बिडुलाको रूखमा झुन्डिएर नभइ जाहेरवाला कृष्ण गिरीको कुटपिटको कारणले भएको हो, मृतक गोपाल गिरीको मृत्यु जाहेरवालाको कोठामा भइसकेपछि निजले मृतकलाई घिसारी नजिकै रहेको बिडुलाको रूखमा लगि झुन्ड्याएका हुन् भनी गरेको मौकाको कागजबाट जाहेरी झुट्टा रहेको देखिन्छ। यस्तो अवस्थामा प्रतिवादी निज कृष्ण गिरी स्वयम्ले पिता गोपाल गिरीलाई कुटपिट गरी मारी झुण्ड्याएको देखिँदा निजको पोल विश्वसीनिय नदेखिँदा यी पुनरावेदक प्रतिवादी रामप्रसाद लामिछाने वारदात घटाउने मुख्य व्यक्ति नभई मतियार Aider मात्र देखिने।

प्रतिवादी रामप्रसाद लामिछाने आरोपित कसुरमा इन्कार रहेको समेतका आधारमा पुनरावेदक प्रतिवादीले मृतकलाई यो यस्तो तरिकाले कर्तव्य गरी मारेको हो भनी नदेखिएको भए तापनी यी पुनरावेदक प्रतिवादी वारदातको दिन प्रतिवादी कृष्ण गिरीकै घर कोठामा रहे भएको तथ्य मुख्य प्रतिवादीको मौकामा गरेको बयान कागजबाट देखिएको छ। मुलुकी ऐन, ज्यानसम्बन्धीको १७(१) मा "ज्यान मार्नालाई भनी हतियार विष मागेमा जानी जानी हातहतियार गोली बारूद विष दिने वा ज्यान मार्ना निमित्त वारदात गरिरहेका ठाउँमा हतियार साथमा लिई महजुद रहनेलाई दश वर्ष कैद गर्नु पर्छ" भन्ने व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्थाको रोहमा हेर्दा मृतकलाई कर्तव्य गरी मार्ने कार्यमा यी प्रतिवादी रामप्रसाद लामिछानेले मुख्य प्रतिवादी कृष्ण भन्ने दामोदर गिरीलाई सहयोगसम्म गरेको देखिन आएकोले निजले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(१) नं. को कसुर गरेको देखिने।

प्रतिवादी कृष्ण गिरी भन्ने दामोदर गिरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर बुटवल इजलासबाट मिति २०७७।११।०४ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ। तर पुनरावेदक प्रतिवादी रामु भन्ने रामप्रसाद लामिछानेको हकमा उच्च अदालत तुलसीपुर बुटवल इजलासबाट मिति २०७७।११।०४ मा मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई भएको फैसला केही उल्टी भई निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १७(१) नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत : सरिता रिजाल

कम्प्युटर : चन्द्राबती तिमल्सेना

इति संवत् २०८० साल माघ २२ गते रोज २ शुभम्।

## इजलास नं.१०

### ५१

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-RB-०२९३, पुँजीगत लाभ र कर निर्धारण, राजेन्द्रकुमार अग्रवाल वि. आन्तरिक राजस्व कार्यालय, विराटनगरसमेत*

मालपोत कार्यालयबाट प्राप्त भएको आर्थिक वर्ष २०५८।५९ को सरकारी मूल्याङ्कन किताब अनुसार उक्त जग्गाको मूल्य रु.७,१०,०००।- र घरको मूल्य रु ४,००,०००।- गरी जम्मा रु.११,१०,०००।- लाई अन्यथा प्रमाणित नभएसम्म लागत यकिन गरी गैरव्यावसायिक करयोग्य सम्पत्तिको खुद लाभ रु.७८,९०,०००।- कायम गरिएको देखिन आयो। मिति २०६६।०४।१४ मा आन्तरिक राजस्व विभागबाट प्रकाशित सार्वजनिक परिपत्रको बुँदा नं. ५ मा जग्गा तथा घरजग्गा निसर्गः गर्ने प्रयोजनका लागि रजिस्ट्रेसन पारित गर्दा लिखतमा उल्लेख भएको मूल्य सो जग्गा तथा घरजग्गा निसर्ग:बाट भएको आम्दानी रकमबाट उक्त जग्गा तथा घरजग्गा स्वामित्वमा आउँदाको लागत परल मोल, अन्य कुनै किसिमले प्राप्त गरेको भए स्वामित्वमा आएको समयको मूल्य (मालपोत कार्यालयले रजिस्ट्रेसन पास गर्दा कायम गरेको मूल्य वा थैली) तथा २०५८ चैत्र १९ गतेभन्दाअगाडि स्वामित्वमा आएको वा निर्माण भएको भए २०५८ चैत्र १९ गतेको मूल्यबमोजिमको कुल खर्च घटाउँदा आउने रकम (लाभ) नै मालपोत कार्यालयबाट स्रोतमा करकट्टी गर्ने प्रयोजनका लागि पुँजीगत लाभ हो" भनी उल्लेख गरिएको पाइन्छ। प्रस्तुत विवादमा मिति २०६२।९।१ मा पुनरावेदककी आमाले बुहारीबाट बकसपत्रबाट प्राप्त गर्दा तिरेको मूल्य रु.७,१०,०००।- लाई खरिद मूल्य मानी मालपोत कार्यालयको मूल्याङ्कनअनुसार घरको मूल्य रु.४,००,०००।- लाई थप गरी कायम भएको जम्मा मूल्य रु.११,१०,०००।- मा छोरा राजेन्द्रकुमार अग्रवालले शोभना दुगडलाई बिक्री गरेको मूल्य रु. ९०,००,०००।- मा घटाई लिइएको लाभ करलाई अन्यथा भन्न नमिल्ने।

मिति २०६६।०४।१४ मा आन्तरिक राजस्व विभागबाट प्रकाशित सार्वजनिक परिपत्रको बुँदा नं. ६ मा " पुँजीगत लाभकरको दर निर्धारण गर्दा निसर्गः भएको जग्गा तथा घरजग्गाको स्वामित्वमा रहेको अवधि ५ वर्षभन्दा कम छ भने १० प्रतिशतका दरले पुँजीगत लाभ कर लाग्दछ भनी उल्लेख गरिएको पाइन्छ। प्रस्तुत मुद्दामा पुनरावेदकले जहाँसम्म ५ प्रतिशत मात्र पुँजीगत लाभकर लाग्ने भन्ने जिकिर लिएको सम्बन्धमा आयकर ऐन, २०५८ को अनुसूची-१ अनुसार करको गणना गर्दा सो सम्पत्तिको स्वामित्व पुनरावेदककी आमा प्रेमलता अग्रवालको नाममा बुहारी लिला अग्रवालबाट रकम रु.७,१०,०००।- मा र.नं. १६८२ख, मिति २०६२।०९।०१ मा हालैको बकसपत्रबाट स्वामित्व परिवर्तन हुन आएको हुँदा निज राजेन्द्रकुमार अग्रवालले मिति २०६६।०८।२६ मा अंश भरपाई प्राप्त गरी मिति २०६६।०८।२८ मा प्राप्त गरेको मूल्य रु.९०,००,०००।- मै शोभना दुगडलाई बिक्री गरेको घरजग्गाको स्वामित्व ५ वर्षभन्दा कम भएको देखिन आएकोले आयकर ऐनको अनुसूची १ अनुसार १० प्रतिशत पुँजीगत लाभकर रु.७,८९,०००।- कायम गरी मिति २०६७।०३।२५ मा प्रारम्भिक कर निर्धारणको सूचना कानूनसम्मत नै देखिने।

पुनरावेदक प्रतिवादी राजेन्द्रकुमार अग्रवालले कि.नं. ४०२ र ४०४ को घरजग्गा बिक्री गर्दा आयकर ऐन, २०५८ बमोजिम गैरव्यावसायिक करयोग्य सम्पत्ति रू.७८,९०,०००।- आय मानी सोही ऐनको अनुसूची १ बमोजिम १० प्रतिशत पुँजीगत लाभकर रू.७,८९,०००।- कर निर्धारण गर्ने गरी सुरू अन्तरिक राजस्व कार्यालय, विराटनगरको मिति २०६७।०५।३१ र आन्तरिक राजस्व विभागबाट मिति २०६७।१०।१७ मा भएको निर्णय सदर ठहऱ्याई राजस्व न्यायाधिकरण, विराटनगरबाट मिति २०७१।०९।१३ मा भएको

फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत : अनु याकामी
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०८० साल वैशाख २५ गते रोज २ शुभम्।

## इजलास नं.१३

### ५२

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७५-RB-०५९९, ०७५-RB-०६०८, बैंकिङ कसुर, भवानी कुँवर वि. नेपाल सरकार, बिराट आचार्य वि. नेपाल सरकार*

नेपाल सरकारको तर्फबाट लगाइएको अभियोगसँग सम्बन्धित कानूनी व्यवस्था हेर्दा, बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) लाई हेर्दा, दफा ३ मा "कसैले पनि बैंक वा वित्तीय संस्थामा खाता खोल्दा वा रकम भुक्तानी माग गर्दा देहायको कार्य गर्नु हुँदैन भन्ने उल्लेख भई सो दफा ३ को देहाय (ग) मा आफ्नो खातामा मौज्दात रकम नभएको जानी-जानी चेक काटिदिन" भन्ने उल्लेख भएको देखिन्छ। यो व्यवस्थाअनुसार कसैले आफ्नो खातामा मौज्दात रकम नभएको जानी जानी चेक काटिदिएमा दफा ३ (ग) बमोजिमको कसुर गरेको मान्नुपर्ने हुन्छ । यसै सम्बन्धमा पूर्ण इजलासबाट ०७६-FN-००११ मा दफा ३(ग) को विस्तृत व्याख्यासमेत भइसकेको छ। यो कानूनी व्यवस्थाको रोहमा प्रस्तुत मुद्दाको स्थितिलाई हेर्दा माथिको प्रकरणमा उल्लेख भएबमोजिम यी प्रतिवादीहरूले जाहेरवालालाई घर भाडाबापत चेक काटिदिएको र सम्बन्धित बैंक खातामा चेकले खाम्ने अङ्कमा पर्याप्त रकम नभएको एवम् विगत १ वर्षदेखि कुनै पनि कारोबार नभई खाता निष्क्रिय रहेको कारण चेकको भुक्तानी हुन नसकेको भन्ने देखिन आएबाट उल्लिखित कानूनी व्यवस्थाको उलङ्घन प्रतिवादीहरूबाट हुन गएको तथ्यमा विमति राख्नुपर्ने अवस्था रहेन।

प्रतिवादीहरूको पुनरावेदन जिकिर र यस अदालतबाट प्रत्यर्थी झिकाउँदा लिएको आधारतर्फ विचार गर्दा हामी प्रतिवादीहरूले पदीय जिम्मेवारी अनुसार चेक काटेको हो, संस्थागत दायित्वलाई हामीहरूले वहन गर्नुपर्ने होइन । बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(५) मा भएको कानूनी व्यवस्थाको अपव्याख्या भएको छ भन्ने जिकिरतर्फ हेर्दा उक्त जारी भएको चेक ब्राइट ल्याण्ड हाइएर सेकेन्डरी स्कुलको भएको र उक्त स्कुल प्रतिवादीहरूले सञ्चालन गर्दैआएको र कम्पनीको तर्फबाट यिनै दुई प्रतिवादीले चेक काटी जाहेरवालालाई दिएकोमा समेत विवाद रहेको देखिँदैन । कम्पनी कानूनी व्यक्ति भएको, त्यस्तो कानूनी व्यक्ति स्वयम्ले गल्ती नगर्ने तर सो कम्पनीका सञ्चालक वा अन्य कुनै प्राकृतिक व्यक्तिले नै कम्पनीको तर्फबाट कार्य गर्ने हुनाले कम्पनीको तर्फबाट काम गर्ने प्राकृतिक व्यक्ति नै यस्ता विवादहरूमा जिम्मेवार हुने हुन्छ । बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(५) मा भएको कानूनी व्यवस्थाको अपव्याख्या भएको भन्ने जिकिर रहेकोमा बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(५) मा हेर्दा कुनै संस्थाले यस ऐनअन्तर्गतको कसुर गरेकोमा त्यस्तो कसुर गर्ने पदाधिकारी वा कर्मचारी पहिचान भएकोमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई र पहिचान हुन नसकेकोमा कसुर गरेका बखत त्यस्तो संस्थाको कार्यालय प्रमुखको हैसियतमा काम गर्ने व्यक्ति जिमेवार हुने छ भन्ने कानूनी व्यवस्था रहे भएको देखिँदा बैंकमा रकम प्रयाप्त नभएको जानी जानी चेक काटिदिने यी प्रतिवादीहरूमध्ये विराट आचार्य ब्राइट ल्यान्ड इङ्गलिस मा.वि.को सञ्चालक समितिको अध्यक्ष र अर्का प्रतिवादी भवानी कुँवर समितिको सदस्य रहेको साथै उक्त स्कुलको खातासमेत यिनै प्रतिवादीहरूबाट सञ्चालन हुने गरी भएको निर्णय उक्त स्कुलको मिति २०७२।०८।१८ सञ्चालक समितिको बैठकको निर्णय प्रतिलिपिबाट देखिन्छ । तसर्थ, प्रस्तुत मुद्दामा आफूले गरेको कार्य कम्पनीको तर्फबाट गरेको

हुँदा जिम्मेवारी लिनुपर्ने होइन । बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(५) मा भएको कानूनी व्यवस्थाको अपव्याख्या भएको भन्ने जिकिर एवम् यस अदालतबाट प्रत्यर्थी झिकाउँदा लिएको आधारसँग सहमत हुन नसकिने

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) को कसुर गरेकोमा निज प्रतिवादीलाई सोही ऐनको दफा १५(१) बमोजिम चेकमा लेखिएको रकम रु.६,००,०००।- (छ लाख रूपियाँ) बिगो कायम भई बिगोबमोजिमको रकम प्रतिवादीहरूबाट जाहेरवाला वेदप्रसाद सिंखडाले भराइपाउने तथा प्रतिवादीहरूलाई बिगोबमोजिम रु.६,००,०००।- (छ लाख रूपियाँ) दामासाहीले जरिवाना र दिन ७ (सात) कैद सजाय हुने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७४।१०।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : गम्भिर राना मगर

कम्प्युटर : सन्जय गुरुङ

इति संवत् २०८० वैशाख ०६ गते रोज ४ शुभम् ।